

# नासो

गुरुप्रसाद मैनाली

# नासो

(कथासङ्ग्रह)

## गुरुप्रसाद मैनाली

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२०

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : साझा प्रकाशन

*संस्करण* : पाँचौं २०७६

*ISBN* : 978-9937-32-189-1

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2025-11-22, 11:49:05 UTC

*Latest minor Correction* : 2025-11-22, 11:49:05 UTC

*Sahityaras ebook id* : 20251122114905

**Cover art**

*Woman in Black who Watches the Pastel of Signora Emiliana Concha de Ossa*

Giovanni Boldini, circa 1888

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*मेरा दुई शब्द*

*भूमिका*

नासो

छिमेकी

प्रायश्चित्त

पापको परिणाम

बिदा

परालको आगो

अभागी

सहिद्

कर्तव्य

प्रत्यागमन

चिताको ज्वाला

# मेरा दुई शब्द

यसमा एघारवटा सामाजिक लघुकथाहरू छन्। धेरैजसो कथाहरू ०७ सालको जनक्रान्तिभन्दा अघि लेखिएका हुन्। ‘नासो’ र ‘पापको परिणाम’ त क्रमशः ८४ तथा ०२ सालमा लेखेको थिएँ। त्यो कुरा कथामा चित्रित देशको त्यस समयको रीतिस्थितिबाटै स्पष्ट हुन्छ।

केही कथाहरू ०७ सालपछि लेखेको हुँ। यी कथाहरू अघि नै छपाइ पाठकहरूसामु प्रस्तुत गरिसक्नुपर्थ्यो। धेरै काल नोकरीमा अलमलिइरहेकाले अवकाशको अभावले गर्दा प्रस्तुत गर्न पाएको थिइनँ। अब प्रस्तुत छ।

६/७ कथा उस समयमा सामयिक पत्रिका तथा सङ्ग्रहहरूमा प्रकाशित पनि भएका थिए। तर आफ्नू अधिकार कसैलाई नदिएको र विशेष गरेर आफ्नो साहित्यिक कृति हुँदा उक्त प्रकाशित कथाहरू पनि यसैमा एकत्रित गरिदिएको छु।

धेरैजसो कथाहरू मैले स्वयम् देखेका अथवा निकटबाट सुनेका सामाजिक दृश्यहरूलाई लिएर लेखेको छु। २/४ वटा मेरा कल्पित भावनाका भरमा पनि परेका छन्।

जे होस्, यसले साहित्यमा अभिरुचि राख्ने देशका नरनारीहरूलाई बसिबियाँलोको काम अथवा नयाँ सृजनामा प्रेरणा दिन सक्यो भने मेरो यो सानू प्रयास सफल हुनेछ।

अन्त्यमा यी कथाहरू पुस्तकाकारमा प्रकाशन गर्नुपर्छ भनी मलाई बारम्बार घचघच्याई उक्त कार्यमा आफूसमेत संलग्न भई धेरै कुराका प्रबन्ध मिलाइदिएकोमा मेरा अनुज छत्रप्रसाद मैनालीलाई हृदयदेखि नै धन्यवाद दिन्छु।

खेस्रा रूपमा थन्किराखेका कथाहरूलाई एकत्र गरी राम्रो अक्षरले लिपिबद्ध गरिदिएकोमा नोकरी कालमा मेरा सहयोगी हाल भोजपुर जिल्ला अदालतका न्यायाधीश (विचारपति) श्री उदयमान श्रेष्ठलाई पनि धन्यवाद नदि रहन सक्तिनँ।

आफ्नू अमूल्य समय दि पुस्तक सम्पादन गरिदिनुभएकोमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक श्री तारानाथ शर्मा एम्.ए. र प्रकाशन कार्यमा उत्साहित गर्नुभएकोमा प्रा. श्री बालकृष्ण पोखरेल एम्.ए. पनि धन्यवादका पात्र हुनुहुन्छ।

गुरुप्रसाद मैनाली

# भूमिका

आधुनिक नेपाली कथासाहित्यको प्रारम्भिक कालमा उज्ज्वलताका साथ चम्केका तारा गुरुप्रसाद मैनालीलाई 'नासो' र केही कथाबाहेक फेरि कुनै सङ्ग्रह वा पत्रिकामा झन्नैझन्नै देख्न नपाएकाले हामी नेपाली साहित्यका विद्यार्थीहरू ज्यादै खिन्न थियौँ। तर, यस सङ्ग्रहको प्रकाशनले उहाँको लामो साहित्यिक मौनतालाई भङ्ग गर्दै उहाँले साहित्यिक क्षेत्रबाट संन्यास नलिएको कुराको प्रमाण दिन्छ। मैनालीजस्ता नेपाली ग्रामीण जीवनलाई नजिकैबाट चिनेको कथाकारलाई यस सँगालोले दोस्रो चोटि नेपाली पाठकहरूका अगाडि प्रस्तुत गरेको छ र नै यो अत्यन्त महत्वपूर्ण आविष्कार भएको छ।

नेपाली जनजीवनलाई असाध्य कलात्मकतासाथ मैनालीका कथाहरूले चित्रण गरेका छन्। उहाँको आफ्नै विशेषताचाहिँ हामी पाउँछौं हाम्रा ग्रामीण जीवनका वेदनात्मक पक्षका चित्रणमा। उहाँका सबैजसो कथाहरू विरह, शोक र पीडाका प्रतीकका रूपमा उभिएका छन्। यस सङ्ग्रहमा कुनै पनि कथा छैन, जसले हाम्रा आँखामा आँसु नल्याओस्। यसरी नेपाली जीवनका साँचो पक्ष मैनालीका कथाहरूमा साकार भएर उठेको पाइन्छ। मानवताका तीव्रतम अनुभूतिलाई यसरी कलात्मकतासाथ र प्रभावोत्पादक पाराले चित्रण गर्न सक्नु कथाकार मैनालीको अनुकरणीय सफलता हो।

साहित्यका सबै फाँटहरूको निरन्तर विकास भइरहन्छ र युगअनुसार ती फाँटहरूका शैली र भाव प्रकाशनमा पनि परिवर्तन हुँदै जान्छ। कथामा घटनाहरूलाई कथातत्वका धागामा उनेर पात्रहरूका जीवनको व्याख्या गर्दै कुतूहलका सहयोगले आकर्षक योजना मिलाउनु हिजोसम्म अनिवार्य कुरा मानिन्थ्यो। आज भने कुनै पनि पात्रको मानसिक

स्थितिका तीव्रतालाई प्रकट गर्नु वा कुनै नाटकीय घटनाको च्वास्स बिभ्ने विश्लेषण गर्नु नै कथाको विशेषता भएर आएको छ। आजका कथाहरू योजना (plot) का सीमित घेरामा नथुनिई फुक्का रूपले लेखिन्छन्। चरित्रचित्रण र कथातत्त्वजस्ता नभई नहुने ठानिएका कुराहरूलाई समेत आजका कथाहरूले उति महत्व दिँदैनन्। यस अत्याधुनिक प्रवृत्तिले नेपाली कथासाहित्यलाई पनि अँगालिसकेकाले पुराना परिपाटीमा लेखिएका मैनालीका सुन्दर योजनाबद्ध कथाहरूमा नवीनता खोज्न नमिल्ला। हुन त ती कथाहरू सात सालअघि नै छपाउन पाएको भए यिनको ज्यादै ठूलो सम्मान र ऐतिहासिक महत्त्व हुन्थ्यो तापनि आज आएर भए पनि यिनका प्रकाशनले ग्रामीण पाठकहरूमा भने अति राम्रो प्रभाव पर्ने नै छ। नेपाली साहित्यका उच्च श्रेणीका विद्यार्थीहरूले पनि यी कथाहरूको अध्ययनबाट ठूलो लाभ नउठाउलान् भन्न सकिन्न। ऐतिहासिक महत्तव दिएर मात्र यिनको राम्रो सम्मान हुनेछ भन्ने कुरालाई ध्यानमा राखेर पढ्यौँ भने हामी मैनालीलाई नेपाली जीवनका अद्वितीय कलात्मक विश्लेषकका रूपमा पाउनेछौँ भन्ने मेरो धारणा छ। साँच्चै भन्ने हो भने नेपाली गाउँले जीवनका चित्रणमा उहाँलाई उछिन्ने कथाकार आजसम्म जन्मेको छैन पनि।

यसमा प्रयोग भएको भाषा शुद्ध नेपाली छ। आज हिन्दीको अन्धानुकरण गर्नेहरूलाई यस सङ्ग्रहले राम्रो पाठ पढाउनेछ। झर्रा शब्दहरूलाई उपयुक्त ठाउँमा प्रयोग गरेकाले पात्रहरूका वार्तालापमा होस् वा लेखक आफैँका वर्णनमा होस्, महलो शैली पाइन्छ।

'सहीद' शीर्षक कथामा वीरबहादुरको बोलीमा केही हिन्दी शब्दहरू परेका छन्। भारतका कुनै सहरमा रिक्सा चलाउन बसेका अपठित व्यक्तिमा स्थानीय प्रभाव देखाउँदा स्वाभाविकता हुने हुनाले त्यस्तो गरिएको हो। वर्ण विश्लेषण (spelling) मा प्रचलित नेपाली भाषा प्रकाशिनी समितिका नियमको पालना गरिएको छ तापनि ती नियम अपुग भएका ठाउँमा भने केही मत स्थिर गरी प्रयोगमा ल्याइएको छ। 'मा' 'लाई' 'को' 'बाट' आदि अनुसर्गहरूभन्दा अघिअघि आउने 'यो' 'त्यो' 'ऊ' आदि सर्वनामहरू 'यस' 'उस'

आदि हुनुपर्ने तिर्यक् कारक (oblique case) का नियमहरूलाई धेरै ठाउँमा लगाइएको छ। उदाहरणका लागि ‘यो ठाउँमा’लाई अशुद्ध मानी ‘यस ठाउँमा’ शुद्ध मानिएको छ।

आशा छ, यस पुस्तकका प्रकाशनले सुहाउँदो स्वागत पाउनेछ।

**तानासर्मा**

६-१२-१९६३ : झोछेँ

# नासो

१

घरमा चञ्चलाश्री भईकन पनि देवीरमणका सन्तान थिएनन्। सन्तान होस् भन्नाका निमित्त हरएक उपाय गरे। चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गए साल हरिवंश पुराण लगाए, तैपनि सुभद्राको कोख सफल हुन सकेन। जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बल, बुद्धि सबै कुरामा देवीरमणको जित हुन्थ्यो तर 'अपूतो' भनेको सुन्नेबित्तिकै उनको अभिमान धूलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे। पुराना विचारका मानिस थिए, सन्तानबिना आफ्नो वैभवलाई तुच्छ सम्झन्थे।

बिचरी सुभद्रा पनि खिन्न थिइन्। छिमेकका आइमाईले छोराछोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो। सन्तानका आशाले सरल नारीस्वभाववश धामीझाँक्रीको बूटीजन्तर बाँधिन्, देवीदेवताको भाकल गरिन्। तीर्थ, व्रत, पूजा, पाठ पनि गरिन्। तर, दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र?

ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्न सल्लाह दिन्थे। परन्तु सुभद्राको आदेशबिना उनी अर्को विवाह गर्न सक्तैनथे। सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन्। आजसम्म कहिल्यै उनले देवीरमणको चित्त दुखाइनन्, मनको कुरा जानेर सेवा गर्थिन्। सुभद्रा दुलही भएर आउँदाको बखतका भयङ्कर दुःख अहिलेसम्म पनि देवीरमणका आँखाका सामु नाचिरहेको थियो। ऊ अवस्था सम्झँदा गहभरि आँसु हुन्थ्यो।

सुखदुःखको साथी भएर कङ्गाल देवीरमणलाई सुभद्राले धनवान् बनाइन्। अहिले सन्तानका निम्ति सौता हालिदिएर कसरी कृतघ्न बनून्?

## २

फागुन महिनाको बिहानीपखको सिरेटो मुटु छेड्ला भनेजस्तो गर्थ्यो। देवीरमण मण्डपमा बसेका थिए। नयाँ दुलही पनि एकै आसनमा थिइन्। ब्राह्मणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए। प्रारब्धले यो उमेरमा उनलाई फेरि दुलाहा बनायो। एक दिन यस्तै रीतसँग उनले सुभद्राको पाणिग्रहण गरेथे। सुभद्राको आदेश पाई हो वा नपाई हो आज उनले अघिकै कृत्यलाई फेरि दोहोऱ्याए। यसबाट उनको भलोकुभलो के हुने हो यस कुराको उनैलाई पनि केही ज्ञान थिएन। बाह्र वर्षकी अबोध बालिकालाई ल्याएर उनी शून्य आकाशमा कल्पनातीत मनोमन्दिर निर्माण गर्न खोज्थे। सायद ब्रह्मवादीहरू त्यसैलाई आशापाश या मृगतृष्णा भन्छन् क्यारे?

अस्तु, करले होस् वा आन्तरिक प्रेरणाले होस्, उनले विवाहविधि समाप्त गरे। दुलही अन्माउने बेलामा कन्यापक्षका मानिसले रुँदै दुलहीलाई डोलीमा हालिदिए। दुलही पनि डोलीभित्र रुन लागिन्। त्यस बखत देवीरमणलाई साह्रै नरमाइलो लाग्यो। बाटामा बरियाँतीहरू परस्पर ग्रामीण ठट्टा गरेर खित्का छाडी हाँस्थे, परन्तु देवीरमणका कपालमा अर्कै विचारको द्वन्द्व हुन लागेको थियो। मनमनले भने– "के सुभद्राले साँचो मनले सल्लाह दिएकी हो? सम्पति दिँदा किन अर्कोपट्टि फर्केर 'हुन्छ' भनेकी त? मेरो ज्यादा आग्रह देखेर 'हुन्छ' भनेकी त होइन? ओहो! मानिसहरू आफ्नो तीव्र इच्छामा अरूको सम्मतिलाई कसरी जबरजस्ती तान्छन्। छिः सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो? म के गरूँ, मलाई के दोष? सन्तानबिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस्। भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ।" यस्तै तर्क गरेर चित्त बुझाउने कोसिस गर्दथे।

बरियाँत देवीरमणका घरनेर पुग्यो। गाउँले छिमेकीहरू चौतारामा रमिता हेरिरहेका रहेछन्। देवीरमणले एकएक गरी नियालेर हेरे, त्यो हूलमा सुभद्रालाई देखेनन्। बल्ल उनको छातीबाट ढुङ्गो पन्छियो। आज देवीरमणको गति त्यस बालक छात्रको जस्तो थियो जो पहिलो दिनको पाठ बिर्सेर अबेला गुरुकहाँ पुग्दछ, अथवा त्यस अपराधीको जस्तो थियो जो परिचित मानिसलाई देखेर लुक्न खोज्दछ।

छिमेकीसँग कुरा गर्नाको बहानाले उनी केही पछि भए, जाँदा दुलही भित्र्याइसकी सुभद्रा दमाई–डोलेहरूलाई ज्याला बाँड्न लागेकी रहिछन्। देवीरमणको हृदय गद्गद भयो, मनमनले भने– “सुभद्रा स्वर्गकी देवी हो, व्यर्थै किन शङ्का गरेँ? छिः मानिसहरू आफ्नो कामले कसरी आफैँ तर्सन्छन्।”

पाहुनापासासँग कुराकानी गरेर देवीरमण अबेला कोठामा सुत्न गए। पानसमा कडुवा तेलको बत्ती बलिरहेको थियो। नयाँ दुलही खाटमुनि ओछ्यानमा सुतेकी थिइन्। देवीरमण खाटमा पल्टे, उस ठाउँमा सुभद्राको ओछ्यान देखेनन्। अघि सुभद्राको ओछ्यान देवीरमणको खाटमुनि हुन्थ्यो। आज उस ठाउँमा नदेख्दा बीसौँ वर्षदेखि सुतिरहेको कोठा पनि देवीरमणलाई नौलोजस्तो लाग्यो। एकछिनपछि गृहकृत्य समाप्त गरेर सुभद्रा कोठामा पसिन्, देवीरमणको गोडा मिच्न लागिन्। यो उनको दैनिक काम थियो। सुभद्रा यसमा कहिल्यै त्रुटि हुन दिन्नथिन्। देवीरमणले भने– “सानू! तिम्रो ओछ्यान खोइ नि?”

“पल्लो कोठामा छ।”

“किन पल्लो कोठामा सारेको?”

“भोलि एकादशी हो, सबेरै गण्डकी नुहाउन जान्छु।”

“म पनि उहीँ सुत्छु।”

“उस्! यहीँ सुत्नुभए पनि हुन्छ।”

थाकेर आएका देवीरमणलाई चाँडै निद्रा पऱ्यो। आफ्नो दोलाइँ सौतालाई खापेर सुभद्रा पल्लो कोठामा गइन्। मधुरो बत्तीको धमिलो उज्यालोमा नौली घर्तिनी पात गाँसिरहेकी थिई। नौली देवीरमणकी पुरानी चाकर्नी हो। नौलीको उमेर झन्डैझन्डै सुभद्रासँग मिल्थ्यो। ८२ सालमा स्वर्गवासी महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाका करुणाले दासजीवनबाट मुक्त भएकी थिई। घरकी पुरानी चाकर्नी हुनाले देवीरमणले नौलीको मोल लिएनन्, आफूखुसी भए पनि नौलीले घर छोडिन। नौली सुभद्राको बालककालदेखिको सुखदुःखकी साथी थिई। विधाताले सुभद्राको निमित्त नौलीरूपी एउटा दुःख पोख्ने भाँडो दिएका थिए। दुवैमा घनिष्ठ प्रेम थियो। नौलीले पात गाँस्दै भनी– “बज्यै! आज ता साह्है नरमाइलो लाग्यो होला?”

“किन नौली, किन त्यसो भनिस्? नरमाइलो लाग्नुपर्ने कुरा के छ र?”

“तैपनि, सौता भनेको मुटुको बह हो, आजै ओछ्यान छोड्नुपऱ्यो भोलि घरै छाड्नुपर्छ कि के जानिसक्नु छ र!”

“छोड्नुपरे छोडिदिउँला, कुन दौलथको चैन गरेकी छु र? एक पेट खस्रोमसिनो खाएर, दिन–रात बुहार्तन सहेकी छु। जुठोचुलो गरिदिए जसले पनि एक गाँस खान दिन्छ। तर सोझीजस्ती छ, पस्नेबित्तिकै ढोगिदिई।”

“सिकाएको हुँदो हो बुज्यै! कुनै दिन नौलीले भनिथी भन्नुहोला! सोझो बाङ्गिन केहीबेर लाग्दैन, अलि दिनपछि बाजेको टुपी समाउनेछिन्।”

“जेसुकै होस्, ईश्वरले बीसासय आयु गरिदिऊन्, फलेफुलेको देख्न पाइयोस्, सन्तान भए करले पनि एक अँजुली पानी देला, यिनका हातकाखमा सास जाओस्, सबभन्दा ठूलो सन्तोष यही हो, नौली!”

३

तीन-चार वर्षपछिको कुरो हो। एक दिन घरमा बसेर सुभद्रा छोरालाई भात खुवाइरहेकी थिइन्। सुशीलचाहिँ आँगनमा चरिरहेका परेवालाई पक्रने कोसिसमा थियो, सुभद्रा हातमा भातको गाँस लिएर 'को खाइ, को खाइ' भन्थिन्। सुशील मुख बाउँदै दौडेर आउँथ्यो। सुभद्रा गाँस मुखमा हालिदिन्थिन्, बालक फेरि दौडेर परेवातिर जान्थ्यो। ती मूक पक्षीहरू पनि बालकसँग आनन्दपूर्वक खेलिरहेका थिए। सुशील गई समाउन खोज्थ्यो। परेवा अलि पर गई बस्थे, सुशील फेरि उहीँ पुग्थ्यो, परेवा फेरि उडेर अलि पर गई चर्न लाग्थे। सुभद्राको 'को खाइ' को आवाज सुनेर सुशील बीचबीचमा एक-दुई गाँस भात पनि खाएर जान्थ्यो।

देवीरमण फलैँचामा बसेर यो अनुपम आनन्दप्रद बालक्रीडा हेरिरहेका थिए। उनलाई स्वर्गको डिलबाट पितृहरू पनि यस कुलावलम्बको बाललीला हेरिरहेका होलान् भन्ने भान भइरहेथ्यो। उनी यो शिशु सन्तानका आडमा एक महान् बलिष्ठ शक्ति लुकिरहेको देख्थे। सन्तानेच्छुक देवीरमणले आज यो दिन देख्न पाए। परिवर्तनशील संसारको गति विचित्र छ। परमेश्वर हाँस्नेलाई रुवाउँछन्, रुनेलाई हँसाउँछन्।

एक दिन सुशील तुलसीका मठनेर खेलिरहेको थियो। पिँढीबाट एकातिर लक्ष्मी एकातिर सुभद्राले हात थापेर "नानी कता, कता, कता" भने। सुशील एक क्षणपछि दगुर्दै गई सुभद्राको छातीमा टाँसियो; सुभद्राको हृदय पवित्र पुत्रवात्सल्यले परिपूर्ण भयो; 'मेरो राजा' भनेर म्वाइँ खाइन्।

सुशीललाई लक्ष्मीले जन्म मात्र दिइन्, केवल सुभद्राले हुर्काइन्। सुभद्रालाई एकदिन छोड्दैनथ्यो। सुभद्रालाई 'आमा' भन्थ्यो, आफ्नी आमालाई 'दुलही' भन्थ्यो, किनकि लक्ष्मीलाई घरमा सबै जना 'दुलही बज्यै' भन्थे।

४

माघ महिना थियो। किसानहरू बालीनाली थन्क्याई तीर्थ जाने फिक्रीमा थिए। देवीरमणलाई पनि तीर्थ गर्ने इच्छा भयो; मनमनले भने, 'पग चल्दै तीर्थबर्त नगरे कहिले गरुँला? मानिसहरू सम्पत्ति पाएर अन्धा बन्छन्; विवेक बुद्धिलाई खोपामा राखेर दिनरात पैसाका निमित्त हाहाकार मच्चाइरहन्छन्। ती गोठालाहरूको सम्पत्ति एक दिन अग्नि या चोरका निमित्त हुन्छ। अघि गरेको हुँदो हुँ, अहिले एक मानाको सन्तोष छ। अहिले फेरि गर्न सके सन्तानका जरामा मल पर्ला; परत्र बन्ला।' देवीरमण तीर्थ जान तयार भए। उनको एक्लै जाने विचार थियो; परन्तु गाउँका कैयन् बूढाबूढी, विधवा स्वास्नीमानिसहरू पनि तयार भए। देख्दादेख्दै देवीरमणको विशाल आँगन तीर्थयात्राका कुम्ले फौजले भरियो। गाउँका धेरै आइमाईहरू जान लागेको देखी लक्ष्मी पनि 'जान्छु' भनेर जिद्दी गर्न लागिन्। सुशीलचाहिँ देवीरमणको दौराको फेर समातेर रुन लाग्यो। यो बलिष्ठ बालहठलाई देवीरमणले उपेक्षा गर्न सकेनन्। आखिर लक्ष्मी र सुशीललाई पनि साथमा लिए। एक क्षणपछि त्यो तीर्थयात्रीहरूको समूह, रानूको पछि माहुरीझैँ देवीरमणको पछि लाग्यो। किन्तु सुभद्रालाई "जान्छ्यौ कि?" भनेर कसैले एक वचन पनि सोधेन।

सुभद्राले मनमनले भनिन्– "तीर्थबर्त गर्न मलाई पो लैजानुपर्थ्यो। मेरो को छ र, छोरा न छोरी! उसको उमेर थियो, जाँदै गर्दी हो। ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नुभएन। म टेक्नेसमाउने केही नभएकी अनाथ; मेरो केको खोजी थियो! मानिस बलेकै आगो न ताप्छन्! जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेलाँ गर्छन्! ओहो! संसार कति मतलबी छ।" यस्तै तर्क गर्दै सुभद्रा धेरैबेरसम्म एक्लै रोइरहिन्।

सुभद्राले बाह्र वर्षको उमेरदेखि देवीरमणको दैलो पोत्न लागिथिन्। यो घर सुभद्रालाई संसारमा सबैभन्दा प्यारो वस्तु थियो। यी बस्तुभाउ यिनकै लालनपालनमा बढेर तरुण भएका थिए। यो घर, यी बस्तुभाउ, यी रूखवृक्ष सबै यिनै सन्तानहीन रमणीका साथी थिए। यिनीहरूसँगको वियोग सुभद्रा एकछिन पनि सहन सक्तिनथिन्। जान ता सुभद्रा जान्थिन् कि जाँदैनथिन्, एक वचन सोधेको सम्म भए उनको आँसु पुछिने थियो। एक

वचन सोधिसम्म दिनाले बखतमा कत्रो काम हुन्छ, त्यो कुरा मनोविज्ञान नजानेका देवीरमणलाई थाहा भएन।

मनोमालिन्यको एउटा सानो बीज चाहिन्छ। जो समयमा बढेर आफसेआफ भयङ्कर रूप धारण गर्दछ। त्यस्तै लक्ष्मी तथा सुभद्राका जीवनमा पनि यो तीर्थयात्रा मनोमालिन्यको एउटा बीज हुन गयो।

तीर्थबाट फर्केदेखि दुवैमा बहुधा झगडा हुन लाग्यो। सुभद्राले कुनै प्रश्न गर्दा लक्ष्मी छेड हानेर उत्तर दिन्थिन्। बस, कुरै कुरामा हानथापबाट ठूलो कलह खडा हुन्थ्यो। देवीरमण चुपचाप भएर सुनिरहन्थे। लक्ष्मीलाई ताडना गरून् भने पुत्रवती पत्नी, सुभद्रालाई ताडना गरून् भने धर्म तथा विवेकको हत्या! के गरून्, सांसारिक सुखलिप्साको टर्रो आनन्दको अनुभव गरिरहेका थिए। त्यस बखतमा उनको त्यो प्रबल वाक्शक्ति हावा हुन्थ्यो। मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ, न कि आफूलाई परिआउँदा।

यो प्रतिदिनको गृहकलहले सुभद्राको कोमल हृदयकुसुम एकदम ओइलायो। उनी कारागारकी दुःखी बन्दीझैँ भाग्ने मौका खोज्न लागिन्।

५

कालो अन्धकारमाथि पर्खी पर्खी कराउने हुचील पक्षीको विरसिलो 'हुकहुक' शब्द थपिँदा रात्रि झन् भयङ्कर प्रतीत हुन्थ्यो। पल्लो गाउँमा कुकुर भुकिरहेको थियो। पृथ्वीमा मानवजातिको दुःखमय अवस्था देखेर अनन्त आकाशमा तारागण पिलपिल गरी रोइरहेका थिए। सुभद्राले आँगनमा आएर हेरिन्, एकछिनपछि त्यो विशाल नभस्थलबाट एउटा लामो ज्योति सल्ल बगेर तलतिर खस्यो। किन्तु यो कालो पृथ्वीमा झर्न नपाउँदै बीचैमा लुप्त भयो। अघि शैशवकालमा एक पटक यस्तै दृष्य देखेकी थिइन्। उस बखत आमासँग सोध्दा "आकाशका देवगण हुन्, पुण्य सिद्धिनाले स्वर्गबाट पतन भएका" भन्ने जबाफ मिलेथ्यो। आज उही कुरा सम्झिन्, मनमनले भनिन्– "हो! यो आकाशमा बसेर

केही दिन पुण्यभोग गर्ने देवताका झैँ म पनि आज सल्ल बगेँ। यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट चिप्लेर खस्छन्, हामी भोक, प्यास, दुःख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीको पृथ्वीमै खस्छौँ। हामी खसिसकेपछिको बीभत्स रूप अरू शेष भोका, प्यास, दुःखीहरूले देख्छन्! देवताहरूचाहिँ पुण्यभोगी हुनाले यो पापपूर्ण जगत्मा खस्नुपर्ला भनेर बीचैमा अलप हुन्छन्, मानिसहरूमा र देवतामा केवल यत्ति अन्तर न छ!"

सुभद्राले काखीमुनि एउटा सानो पोको च्यापेकी थिइन्। यस्तो अन्धकार रात्रिमा पनि कसैले देख्छ कि भनेर ओढ्नेले छोपेकी थिइन्। यस बखत उनको जीवनाधार त्यही पोको हुन आयो। अहो! कुनै बखत यो विशाल आशालता कसरी एउटा सानो ठाउँमा सीमित भएर बस्छ! परमेश्वर! मनुष्यलाई किन आशामा झुन्ड्यायौ? प्रभु! आशाको बदला सन्तोष दिएको भए यी अनाथ प्राणीहरू सुखका कति नजिकै पुगिसक्थे!

केहीबेरपछि अश्रुपूर्ण नयनले प्यारो गृहलाई सदैवका निमित्त नमस्कार गरेर अनाथिनी सुभद्रा त्यो कालो अन्धकारमा विलीन भइन्। यो करुणाजनक दृश्य सधैँ जागा भइरहने विश्वको चतुर चौकीदारबाहेक अरू कसैले देखेन।

## ६

पशुपतिनाथको मन्दिर वरिपरि तिल राख्ने ठाउँ थिएन। 'सदबीउ' छर्ने यात्रुहरूको छिचोली नसक्नु घुइँचो थियो। यस्तैमा पश्चिम ढोकानिर अकस्मात् सुभद्रालाई देखेर नौलीले गहभरि आँसु पारेर भनी– "ओहो बज्यै! हेर, कति दुब्ली, चिन्नै नसक्ने हुनुभएछ! अलिबेरसम्म त ठम्याउनै सकिनँ, कहाँ बस्नुभएको छ हँ?"

"यहीँ पर गौरीघाटमा, फुपूकहाँ।"

"खर्चबर्च नलिईकन आधारातमा हिँड्नुभएछ। थाहा पनि पाइनँ। यतिका दिनसम्म के खाएर गुजारा गर्नुभो?"

“फुपुलाई सरकारबाट एउटा हन्डी बक्सेको रहेछ, त्यसबाट दुई जनाले गुजारा चलाएका छौँ। घरको हाल कस्तो छ नौली ?”

“बज्यै, घरको हाल के भनूँ, सम्झँदा पनि आँसु आउँछ। छ महिना भो, दुलही बज्यै बिरामी हुनुहुन्छ।”

“के हुन्छ ?”, सुभद्राले साह्रै उत्सुकताका साथ सोधिन्।

“तपनी जरो छ; ‘छाती दुख्छ’ भन्नुहुन्छ। रातभर खोकिरहनुहुन्छ। गोरखा मूलका डाग्डर सुबिदारलाई देखाउँदा ‘थाइसी’ भने कि ‘खाक्सी’ भने अहिले सम्झन सकिनँ, साह्रै नराम्रो रोग हो अरे; सुकेर हाडछाला मात्र छ। बोकेर बाहिरभित्र गराउनुपर्छ।”

“सानो बाबु कस्तो छ नि ?”

“कस्ता हुन्थे, जीउभरि खटिरा छन्; तेल लाउन हुँदैन; ‘आमा कहिले आउनुहुन्छ ?’ भनेर बराबर तपाईंलाई सम्झिरहन्छन्।”

“भात को पकाउँछ नि ?”

“कहिले बाजे आफैँ पकाउनुहुन्छ, कहिले चमेना खाएर सुत्नुहुन्छ। एक दिन बार्दलीमा बसेर एक्लै रोइरहनुभएको रहेछ– ‘आफूले चिनेको चौतारो पापिनीले आफैँ भत्काएर गई’ भन्नुहुन्थ्यो। केके भनूँ बज्यै ! बस्तुभाउका हाडछाला मात्र छन्, खेतबारी अधियाँमा दिएको छ। आसामीपात एक पैसा उठ्दैन; नोकरचाकर चार दिन टिक्दैनन्, सबै भताभुङ्ग छ।”

नौलीका कुरा सुनेर सुभद्राको हृदय काटियो। मनमनै भनिन्– “छिः ! ‘सौताको रिसले पोइको नाक काटनु’ भनेको यही हो। उमेरदार थिई; के खाऊँ, के लाऊँ भन्ने बेला थियो; मीठो खाई, राम्रो लाई भनेर मैले चित्त दुखाउन नहुने। उसलाई लिएर तीर्थ जानुभो त

त्यसले के भो र? फर्कनुभएपछि अर्को साथी लिएर म जाँदी हुँ। कहिलेकाहीँ अलि झर्केर बोल्दथी लौ, अलि झडङ्गे स्वभावकी थिई; स्वभावै त्यस्तो; एक ठाउँमा भएपछि कहिलेकाहीँ आमाछोरीमा पनि त ठाकठुक हुन्छ। एकै घरमा बस्न नसके कटेरो बारेर बस्दी हुँ। मैले साह्रै बेबुझको काम गरेँ। जोरीपारीले के भन्दा हुन्; आफ्नो त्यत्रो दौलथ छोडेर यहाँ एक छाक खाएर बसेकी छु। त्यसका जीउमा केही भइदियो भने त्यस चिचिलो बालकको के गति होला? पितृले के भन्लान्? चित्त दुखाए पनि आमाले दुखाई; त्यो बालकले के बिरायो? अघि कहिलेकाहीँ एक-दुई छाक भात पकाउनुपर्दा दिक्क मान्नुहुन्थ्यो। आजकाल दिनहुँ कसरी पकाउनुहुँदो हो?” इत्यादि मनोवेदनाले सुभद्राको हृदय छियाछिया भयो; आँसु झार्दै भनिन्– “नौली! त्यस्ता बेलामा तैँले पनि छाडेर आइछेस्!”

“बज्यै! जन्मभर अर्काकी दासी भएर बस्नुपर्‍यो, चारोटा अक्षता भए पनि छरेर आऊँ भनेर बाजेसँग बीसै दिनको बिदा मागेर आएकी।”

“कोसँग आइस्?”

“रातमाटे भँडारी पण्डितकी जहानसँग।”

“कैले जान्छेस्?”

“भोलि बिहानै। बज्यै! बिन्ती छ, घर जाऔँ, तपाईं नभए बाजेको जहाजै डुब्छ!”

७

मैलो बिछ्याउनामा सुतेकी लक्ष्मी जीवनको शेष घडी गनिरहेकी थिइन्। देवीरमण रोगीका सिरानमा बसेर बखतबखतमा चम्चाले पानी ख्वाउँथे। बालक पुत्र सुशील आमानेर बसेर यो चिर मातृवियोग हेरिरहेको थियो। लक्ष्मी कहिलेकाहीँ सुशीलको मुखपट्टि हेरेर बर्र आँसु झार्थिन्। मधुरो बत्तीको धमिलो प्रकाशमा रोगीको कोठा

स्मसानजस्तो देखिन्थ्यो। त्यस्तैमा दैलो उघारेर नौलीले देवीरमणलाई ढोगिदिई। नौलीलाई देखेर देवीरमणको दुःखको लहरी केही शान्त भयो। देवीरमणले भने– “नेपालबाट कहिले आइपुगिस् नौली?”

“बाजे, आउँदै छु, दुलही बज्यैलाई कस्तो छ?”

“तेल त अघि नै सिद्धिसकेको थियो, अब बत्ती निभ्न बाँकी छ।”

“बाजे, यस बखतमा ठूली बज्यै भए सबै कुराको सम्भार हुने थियो, के गरूँ, ‘जाऊँ’ भनेको मान्नु भएन।”

“के तैँले भेटिस् र?”

“पशुपतिनाथको मन्दिरनिर भेटेथेँ।”

“कस्ती थिई?”

“एकदम दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी।”

“कहाँ बसेकी रैछ?”

“गौरीघाट फुपूकहाँ बसेकी छु। फुपूलाई सरकारबाट एक हण्डी बक्सेको छ, त्यसैबाट दुई जनाले गुजारा चलाएका छौँ, भन्नुहुन्थ्यो।”

देवीरमणका दुवै आँखाबाट आँसुका धारा बगे। मनमनले भने– “यत्रो सम्पत्तिकी मालिक्नी भईकन सुभद्रा नेपालमा एक छाक खाएर बसेकी छ। उसमा पनि दुब्ली, मैला लुगा लगाएकी, मायालाग्दी। हरे परमेश्वर! म पापी हुँ, मेरो जीवनलाई हजारबार धिक्कार छ! सुभद्रा मेरी गृहलक्ष्मी हो, ऊ गएदेखि विपत्तिको बादलले घेरिरहेछ! हामीलाई नभए पनि यो बालक सन्तानलाई सम्झनुपर्ने, सबैलाई चटक्कै बिर्सी” इत्यादि

दुःखमनाउ गरेर आँसु झार्दै भने– "नौली! तँ आइछेस्, घरको सम्भार राखेस्, म भोलि बिहानै नेपाल जान्छु।"

त्यस्तैमा सुभद्रा घरभित्र पसिन्। अत्यन्त दुब्ली, निदाउरी, मलिन, झुत्रा लुगा लगाएकी, मुखमण्डलमा असीम करुणा तथा संयम झल्किरहेको थियो। सुभद्राको शारीरिक अवस्था देखेर देवीरमणको हृदय टुक्राटुक्रा भयो। दुवै हातले मुख छोपेर रुन लागे। पतिलाई दण्डवत् गरेर सुभद्रा लक्ष्मीको सिरानमा बसिन्।

नौलीले भनी– "ओहो! बज्यै आइपुग्नुभयो।"

नौलीको स्वर सुनेर लक्ष्मीले आँखा उघारिन्। सुभद्रालाई आफ्ना सिरानमा बसेको देखेर, सुस्तरी लरबरिएको स्वरले भनिन्– "दिदी! तपाईंको दर्शनलाई एक मुठी सास मुस्किलले झुन्डिरहेको छ।"

लक्ष्मीको वचन सुनेर सुभद्राको हृदयको मैलो एकदम साफ भयो, भनिन्– "बाबू, मैले आफ्नो कर्तव्य बिर्सिछु!"

लक्ष्मीले सुभद्राको छातीतिर देखाएर भनिन्– "त्यहाँ साह्रै कडा चोट लागेको छ।"

सुभद्राले आँसु झार्दै भनिन्– "निको भो बा! अस्ति नै निको भइसक्यो, सानो तिलको दाना जति पनि बाँकी छैन!"

त्यसपछि "दिदी, तपाईंको नासो!" भनेर लक्ष्मीले सुशीलको हात सुभद्राको काखमा राखिदिइन्। छोरालाई काखमा लिएर सुभद्रा रुन लागिन्। यी सबै सुभद्राको निमित्त जिन्दगीभर सम्झँदै रुँदै गर्ने खुड्काहरू थिए।

निभ्ने बेलाको बत्तीझैँ लक्ष्मीको मुख एक क्षणका निमित्त तेजोमय भयो। अनि पछि अन्धकार! लक्ष्मी यो दुःखमय संसारलाई छोडेर अनन्तमा पुगिन्। देवीरमण, नौलीहरू

पनि रुन लागे।

# छिमेकी

१

असारको महिना थियो। दिउँसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए। कुलोमाथि चौतारो, कुलामुनि आसामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेँसीको फाँट। निकै रमाइलो ठाउँ थियो। किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए। धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्‌दै थे। गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो। धनजिते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेको थियो। यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन। केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्षदिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए; वीरसिक्का पढ्थे; गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे; मानिसलाई लडाएर तमासा हेर्ने स्वभाव थियो। एकछिनपछि गुमानेका गोरु धनजितेका बीउमा पसे। आज-भोलि रोप्नुपर्ने बीउ, धनजिते आगो भो। घुम भैँमा मिल्काएर गोरुलाई लगारी–लगारीकन चुट्न लाग्यो।

किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु बस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन्। बीउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो

अनि गुमानेको रिसको सीमा रहेन। असार महिनाको दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन्। जुरुक्क उठेर भन्यो– "बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस्, ए धनजिते !"

आजभोलि रोप्ने बीउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सही नसक्नुभो। पाखुरा सुर्कंदै भन्यो– "तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर !"

धर्मानन्दलाई लडाउने मौका पर्‍यो। सुर्तीको लुँडो निमोठ्दै भने– "कस्तो मिचाहा भोटे रहेछ; बिहानभरि जोतेका भोका गोरुलाई आफैँ कुट्छ, अझ उही चोर र सोर उड्कन्छ।" गुमानेका कनसिरी अघि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो। निर्धाको हात छिटो चल्छ भन्छन्, "किन मुख छोड्छस्, ए धनजिते डाँकू !" भनेर हात मिसिहाल्यो।

धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुवै जना लठारिँदै चौतारीमुनि पुगे। तमासा हेर्नेको ठट लाग्यो। धनजितेले गुमानेलाई लगेर कुलामा पछार्‍यो। गुमाने ढाक्रेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइलागेको थियो, धर्मानन्दले छेके।

गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो– "बाबुले धुलिखेलको भारी चोर्‍यो र तीन दिनसम्म छिँडीमा जाकेथ्यो, ठूलो हुन्छस् !"

"काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !"

बाबुआमा, दिदीबैनी कसैको इज्जतहुर्मत बाँकी रहेन; साँझ परेपछि पनि बाझ्दै उकालो लागे।

चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भो। बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिँड्थ्यो।

२

भदौको आधाआधीतिर गाउँमा आँठे पऱ्यो। पैले एक–दुई दिन रुगा लागेजस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ग्रे जरो आउँथ्यो, चार–पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो। आठ दिनका दिन खत्तम।

गुमानेको विचारमा यो सबै देउदेउताको दोष थियो। भन्थ्यो– "देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ। परार रगतमासीले गाँवै सोतर भो। गाउँका थानीको आजापूजा गरूँ भन्दा 'सिमेभूमे पूजेर पनि रोग हराउँछ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए। आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो।"

गुमानेले जान्ने बसायो। गाउँका सारा मानिस जम्मा भए तर करेसो जोरिएको धनजिते आएन। जान्नेले पनि देवीको दोष देखायो। सबै जम्मा भएर धूमधामसँग पूजा गरे।

पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी। बिचरी झन्नै खुस्की थी, बाँची। त्यसपछि धनजितेलाई समात्यो। तीन दिनपछि स्वास्नीचाहिँ लडी। एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजिते बरबराउन लागेको थियो। पानीसम्म खान दिने मानिस कोही थिएन। सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस्? गाई, बाख्रा कीलाका कीलै टट्टिएर मर्न लागे। फोएर पाखातिर लाइदिने मानिस कोही भएन।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन। परन्तु जब स्वास्नीसमेत थला परी अनि गुमानेको चित्त रहन सकेन; विचार गऱ्यो– "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओडारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै न हो।

दिनदशा, आपत्विपत् कसलाई पर्दैन? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे। बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौँतर हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन?"

गुमाने धनजितेकहाँ पुग्यो; गाई, बाख्रा फोएर पाखातिर लाइदियो। धनजिते मूढो लडेझैँ उत्तानो परेर लडिरहेको थियो। दिसापिसाबको होस थिएन। ओढ्ने ओछ्याउने फेरिदियो; गुमानेले एकछिन छोडेन।

३

मिर्मिरे उज्यालो भएको थियो। गुमानेलाई खोज्दै आसामरु साहू आइपुग्यो। एकाबिहानै आसामरुलाई देखेर गुमानेले भन्यो– "कति कामलाई उकालो लाग्यौ, साहू?"

"पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई सहर जाइडिन्ठिस् कि?"

"छिमेकमा यो बिजोक भैरहेछ, क्यै काम नपाएर जान्छु भारी खेप्न!"

"रोज रुपियाँ डिन्छ लाता।"

"के रुपियाँको लोभ देखाउँछौ साहू, गरिब छु, निमेकमजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन। छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन्। यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ; धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ।"

"इस्, छिमेकी! अस्टि चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास्!" "यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ

गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नु हुन्छ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ। यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ।"

आसामरुको र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघार्‍यो। धनजितेले हेरेको देखेर गुमानेले भन्यो– "कस्तो छ माहिला दाइ?"

"मो मार्छ कि कान्जा, तौँ कोइले आइस्!"

"पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्नेस्वास्नी लडिहाल्यौ। गाईबाख्रा भोकभोकै कराउन थाले; बिजोक हेर्न सकिनँ, दौडेर आएँ। तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ।"

"पोलेको घाउमा नुन ना छार् कान्जा, मो आधाम हो, क्षामा गर्" धनजिते हिँड्डुल गर्न लाग्यो। गुमानेलाई एकछिन छोड्दैन। वन, मेलापात जहाँ गए पनि दुवै जना सँगै जान्छन्। आजकल कसैले गुमानेका बद्खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अघि सर्छ।

# प्रायश्चित्त

१

विधवा गौरीका शरीरमा यौवनका चिह्नहरू भरिँदै आए। अङ्गप्रत्यङ्गबाट माधुर्य र लावण्यको विकास हुन लाग्यो। यौवनका साथसाथै वेशभूषा, शृङ्गारविन्यासको शोख पनि बढ्दै गयो। तर के गर्नु! विधवा थी, उसको सौभाग्य विधाताले अघि नै पुछिदिइसकेका थिए। कमसेकम लोकलाजको निवारणका निमित्त पनि संसारमा उसले बहुतै सतर्क भएर हिँड्नुपरेको थियो। अरू कुरामा झैँ दुःखका विकासको पनि एउटा समय हुँदो रहेछ। अघि बालक थी, खेलबाडमा दिन बित्थ्यो। उस बखत यस कुराको उति दुःख थिएन। अहिले सानोसानो कुराले पनि उसका मानस सरोवरमा वेदनाका ठूलठूला लहर पैदा हुन्थे।

सहरको ठाउँ, मूल सडकको छेउको घर, कहिले कुनै दम्पतीको जोडी फूलजस्ता छोराछोरी बोकेर ठाँटिएर हिँडेको देख्तथी। कहिले कुनै युगल जोडी मोटरमा बसेर हाँस्दै जान्थे। कुनै दिन मगन्ते गाइने चोकमा आएर "दिनै आउँछ रिङ्गदै-घुम्दै जोवन एकैबारको हजुर..." भनेर सारङ्गीका स्वरमा विरही तान अलापेर जान्थ्यो। संसारका यी मिथ्या प्रलोभनहरू देखेर कहिलेकाहीँ उसको चञ्चल हृदयमा अचानक एउटा अज्ञात लालसाको आँधी चल्न थाल्थ्यो। कुनै मूक वेदनाले व्यग्र रहन्थी। खानलाउनको कमी थिएन तर जीवनमा सधैँ एउटा शून्यपनको अनुभव हुन्थ्यो। यो अन्धकार जगत्मा उसको आत्मा छामछामछुमछुम गरेर एउटा हराएको अलभ्य वस्तुलाई खोजिरहन्थ्यो।

मानिसलाई पाइने कुराको भन्दा नपाइने कुराको चाह ज्यादा हुन्छ। अरूलाई भन्दा अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्छ। त्यस्तै अरूलाई भन्दा गौरीलाई राम्रो लाऊँ मीठो खाऊँ भन्ने इच्छा ज्यादा थियो। सधैँ सफा लुगा लगाएर खूब सिँगारपटार गरेर झ्यालमा बस्थी। अभागिनी डढेका ललाटलाई सिँगारेर छोप्ने कोसिस गर्थी।

२

नजिकै सडकपारि गोविन्दको घर थियो। गोविन्द सुन्दर युवक थिए। उन्नत ललाट, ठूलठूला आँखा, गठिलो वदन, गोरो रङ, कुनै निर्मित प्रतिमाजस्ता देखिन्थे। त्रिचन्द्र कलेजमा बी.ए. क्लासमा पढ्थे। भावुक प्रकृतिका मानिस थिए। पत्रपत्रिकामा बराबर आफ्नू रचना दिइरहन्थे। बी.ए. पास गरेपछि मात्र विवाह गरुँला भन्ने सङ्कल्प गरेका थिए। स्त्रीसुधारका बहुतै पक्षपाती थिए। स्त्रीजातिलाई पूर्ण शिक्षा दिनुपर्छ; उनीहरू माटाका पुतलीझैँ सिँगारेर कोठामा मात्र राखिछोड्ने वस्तु होइनन्; हाम्रो उत्थान नारीजातिका उपर निर्भर छ; स्त्री शिक्षिता भए हाम्रो घर स्वर्ग हुन्छ; विवाहजस्तो पवित्र विषयमा स्त्रीपुरुषहरूलाई स्वतन्त्र गरिदिनुपर्छ भनेर आफ्ना साथीहरूसँग स्त्रीसुधारका विषयमा बराबर वादविवाद गरिरहन्थे। फेसनको पनि खूब शोख थियो। प्रायः रोजरोजै नयाँनयाँ ड्रेस लगाएर कलेज जान्थे। छिमेकी हुनाले गौरीका घरमा पनि बराबर आउनु–जानु गर्थे। गोविन्दको मनोहर रूप देखेर गौरी तृप्त हुन्थी। घनिष्ठता बढ्दै गयो। दुवैको आत्मालाई एउटा प्रबल प्रेम सूत्रले बेर्‍यो।

३

अस्ति गोविन्दकी बहिनीको बिहा थियो। गौरी पनि निम्तामा गएकी थी। एकान्तमा गौरीले गोविन्दसँग– "सानो बाबू, संसार कस्तो छ?" भनेर सोधी।

गोविन्दले भने- "जतातति रमाइलो छ। कतै अग्ला हरिया पहाडबाट पानीका सेता छहरा झरेका छन्। कतै सुन्दर बगैँचाहरू छन्। कतै बिजुलीका प्रकाशले जगमग

भइरहेको नृत्यशालामा अप्सराजस्ता सुन्दरीहरू नाचिरहेका छन्। कतै झिलिमिली परेका सहर छन्। कति भनूँ माहिली नानी! जता हेर्‍यो उतै सुन्दर दृष्य मात्र छ।"

गौरीले लामो सास फेरेर भनी– "हजुर ढाँट्नुहुन्छ। म त जताततै कालो अन्धकार, कहाली लाग्दो छाँगा, तीखातीखा काँडाका घारी, हजारौँ हिंस्रक जन्तुले भरिएको गहिरो कालो रह, धपधप बलेका स्मसान भूमि, कतै मृत्यु वेदनाको चीत्कार, रोदनसिवाय केही देख्दिनँ।"

यति भनेर अर्कापट्टि फर्केर बर्र आँसु झारी। गोविन्दले फेरि भने– "हुन त त्यसै हो; हामी केवल कल्पनाबाट मात्र सुखको अनुभव गर्छौं। त्यस्तै सुखको कल्पना गर्न सक्यौ भने एकछिन तिमी पनि सुखी हुन सक्छ्यौ।"

गौरीले फेरि गहभरि आँसु पारेर आकाशतिर हेरेर भनी– "भो बा भो! म कल्पना गरेर सुख किन्दिनँ, जसलाई सुखको रहर छ, जसले यो जगत्मा सुखी हुने मौका पाएको छैन, उही कल्पनामा सुख साटोस्, मलाई चाहिँदैन, सुखको एउटा रेणु पनि चाहिँदैन।"

यति भनेर आँसु झार्दै ऊ पल्ला कोठातिर गई।

केही दिनका बाद गौरीको शरीर भारीजस्तो देखियो। आनन्दका बदलामा दुवैका मुखमा तीव्र विषादको छाया देखिन लाग्यो। नारी लज्जाशील जाति हुनाले गौरी अब विशेष चिन्तामग्न देखिन्थी। किन हो कुन्नि सधैँ आइरहने गोविन्द अब कहिलेकाहीँ मात्र देखा पर्न लागे।

## ४

एक दिन राति गोविन्द आफ्नो कोठामा बसेर एक्लै पाठ घोकिरहेका थिए। नोकर्नी चमेलीले एउटा सानू कागज ल्याएर "सानो बाबू! यो हजुरका साथीले पठाएको चिठी अरे; धारामा माहिली नानीले दिएकी" भनेर गोविन्दका अगाडि फ्याँकिदिई।

प्यारे!

दर्शन नपाएको महिना दिन भइसक्यो। परमेश्वरका दिव्य चक्षुलाई ढाक्न खोजेथैं, केही लागेन। नाथ! डुबैं, निसास्सिन लागैं! तान्नुहोस् प्रभु! यस अभागिनीको हात समातेर तान्नुहोस्!

अभागिनी
गौरी

चिठी पढिसकेपछि गोविन्दका आँखा तिरमिर भए। यो झलमल्ल जगत् एकदम अन्धकार भो। धेरैबेरपछि विचार गरे– "मैले के नगर्ने काम गरेको छु र डर? समाजमा उमेर ढलिसकेका मानिसहरू बाह्र वर्षकी अबोध बालिकासँग बिहे गर्छन् र त्यसलाई उमेरमै विधवा गराएर आफू यो संसारदेखि बिदा हुन्छन्। कोही एउटी पत्नी छँदै केवल भोगका लालचले दुई-तीनवटी विवाह गर्छन्। कैयौँ मानिस घरकी विवाहिता स्वास्नीलाई छोडेर सिउसाँझै वेश्याका कोठीमा पस्छन्। तिनलाई पाप नलाग्ने, धर्मको हत्या नहुने, अपराध अपराध नठहर्ने, म अपराधी ठहर्ने? स्त्रीका झैँ पुरुषहरू पनि किन पत्नीव्रतमा रहँदैनन्? स्वास्नी मानिसहरूझैँ लोग्ने मानिसले पनि जुनीभर राँडो भएर बस्नुपरे थाहा पाउने थिए। भोलि समाजका साम्ने छाती फुकाएर भनिदिन्छु– "बाह्र वर्षका उमेरमा विधवा भएकी बालिका, जसलाई प्रणयसूत्रको कुनै पनि रहस्य थाहा छैन, त्यसलाई उसका इच्छाविरुद्ध आजीवन वैधव्यबन्धनमा जकडेर राख्नको समाजलाई के अधिकार छ? केवल प्रणययज्ञको धुवाँ लाग्दैमा नारीको जीवन अशुद्ध हुन्छ भन्ने आज्ञा कुन धर्मले दियो? गौरी मेरी धर्मपत्नी हुन्, उनको गर्भको बालक मेरो औरस सन्तान हो।"

तर फेरि मनमनले भने– "संसार बहुमतको आडमा खडा छ। म एक्लो मानिसले गरेको प्रलाप कसले सुन्छ र? हाम्रो कर्म समाजका साम्ने जघन्य रूपमा प्रकाश हुन्छ। जातभातको प्रश्न उपस्थित हुन्छ। अदालतका साम्ने खडा गरिन्छौँ। मानिस चउर, पाटीचौतारमा बसेर हाम्रो कर्मको समालोचना गर्न थाल्छन्। टोलका मानिसहरूलाई दुई–

चार महिनालाई काम पुग्छ। चन्द्रकान्त भण्डारीका छोरा बेखाका पसलमा बसेर थपडी मार्न थाल्छन्। बाटो हिँड्ने बटोही औंल्याउन लाग्छन्। बाफज्यादाको मर्यादा डुब्छ। आमा रुन थाल्नुहुन्छ। दाइहरू लाजले पानी हुन्छन्, अनि यो मेरो प्रलाप हाँसोमा उड्छ।" इत्यादि विचार गरेर गोविन्दले लामू सास फेरे।

गोविन्द कवि थिए। उनले आफ्ना कल्पनाजगत्मा जुन नारीरत्नको प्रतिमा खडा गरेका थिए, ती सबै गौरीमा मिल्थ्यो। यदि विधवा भन्ने प्रश्न नहुँदो हो त आज गौरीलाई पाएर गोविन्दको जीवन सुखमय हुने थियो।

एकछिनपछि चमेली भात खान बोलाउन आई तर गोविन्दले "मलाई सन्चो छैन, चुलो छोडिदिनू" भनी पठाए।

## ५

गौरीलाई देखेर टोलका आइमाईहरू कानेखुसी गर्न लागे। गौरीको चिन्ताको पारावार थिएन। निकट भविष्यमा परिआउने एउटा भयङ्कर विपत्ति आँखाका साम्ने नाचिरहेको थियो। यो व्यग्र वेदनाका उपर सान्त्वना दिने व्यक्ति यो बेइमान संसारमा कोही थिएन। भागूँ भने भाग्ने ठाउँ छैन। चारैतर्फ निर्दयी समाजको कडा पहरा छ। विचार गरी– "म एक्लीको पाप होइन, आज सानो बाबूसँग गएर कर्तव्यको टुङ्गो लाउँछु।"

\+ + +

पहिलो साँझ थियो। पालोमा जाने सिपाहीहरू गुन्टा बोकेर सडकमा हिँडिरहेका थिए। कलधारामा स्वास्नीमानिसहरूको घुइँचो थियो। गौरी छिँडीमा झरी। एकछिन ढोकाबाट सडकतिर हेरेर गोविन्दका ढोकाभित्र पसी। चोकमा नोकर गाई दुहुन लागेको थियो। एक जना पहाडतिरको मानिस फलैँचामा बसेर चिउरा चपाउन लागेको थियो। तलाबाट पानीको गाग्रो चेपेर चमेली ओर्ली। चमेलीलाई देखेर गौरीले भनी– "चमेली दिदी, एकछिन सानो बाबूलाई बोलाइदेऊ न!"

गौरीको स्वर सुनेर भ्र्यालबाट गोविन्दकी आमाले भनिन्– "को? गौरी बेस्ये हो कि? यो निर्छली राँड एकातारै हाम्रा घरमा किन आइरहन्छे हँ? यसका जगल्टा भुत्ल्याएर निकाल्दे चमेली! अलच्छिनीले बिहा भएका महिनै दिनमा पोइ टोकी, अब कसलाई टोक्न आँटेकी हो!"

गोविन्दकी आमा भ्र्यालबाट कराएको सुनेर, वल्लोपल्लो घरका मानिसहरू, कोठामा डेरा गर्ने सिपाहीहरू सब जना भ्र्यालभ्र्यालबाट रमिता हेर्न लागे। गौरी फरक्क फर्केर आफ्ना घरमा आई। माथिल्लो भऱ्याङमा आधाआधी पुगेकी थी, कोठामा दाजुभाउजू कुरा गर्न लागेको सुनी– "टुहुरी बहिनी भनेर कपालमा टेकाउनुभो; कुन दिन नाकमा कालो लाउने हुन्! एकछिन घरमा बास छैन। हजुर बाहिर जानुभो कि दौडेर छिंडीको ढोकामा पुग्छिन्। सबैको आउँछ बैँस, यस्ती उत्ताउली त कहीँ देखिएन! आफ्नू पुर्पुरो डढेपछि चार जनाको भनाइ जोगाएर हिँड्नुपर्छ। हाम्री कान्छीका पनि त बाहुन छैनन् नि, खोइ त यस्तो त गर्दिन ए! उज्यालो हुँदानहुँदा बागमती नुहाएर आइपुग्छे। एकछिन कोठाबाट बाहिर निस्कन्न। अस्ति सानो बाबूकी आमा अब गौरी बेस्ये आई भने भुत्ल्याएर निकालिदिन्छु' भन्थिन् अरे। आजकाल त जीउ पनि डोलोडोलो भैरहेछ। छिः! केके देख्नुपर्ने हो!"

"के गर्नु चण्डाल भनेको मान्दिनँ, यसको सारै ताप भो।"

गौरीका हृदयमा अघि नै ठेस लागिसकेको थियो। अहिले झन् छाँगाबाट खसेजस्ती भई। सास बढेर आयो, छाती ढुकढुक गर्न लाग्यो। आज गौरीको गति त्यस दुःखी पक्षीको जस्तो भयो जो निर्दयी सिकारीको गोली लागेर छटपटाउँदै भैँमा झर्छ।

चाल मारेर आफ्नो कोठामा गई। भित्तामा पतिको तस्वीर टाँगिइ रहेको थियो। त्यो धेरै कालदेखि झुन्डिरहेको निर्जीव चित्रमा आज उसले स्वामीको सजीव दिव्य मूर्ति देखी। हात जोडेर भनी– "नाथ! पुनर्जन्ममा हजुरलाई पाउने धर्मको महान् आज्ञामा विश्वास गर्न सकिनँ। बालकपनको अल्लारे बुद्धिमा लागेर फूलझडी खेल्न खोजेथेँ प्रभु!

सर्वस्व डढेको थाहा पाइनँ। पथभ्रष्ट भएँ, पतित भएँ, अब प्रायश्चित्त गर्छु नाथ, प्रायश्चित्त!"

गौरी दुवै हातले मुख छोपेर रुन लागी। यो मनोवेदनाले एकछिन अचेतजस्ती भई। नीलो आकाशमा हजारौँ तारागणका बीचमा आमाको दिव्य मूर्ति देखी। उनले लाललाल आँखा गरेर भनिन्– "पापिनी! म सतीका कुलमा कालो टीका लगाइदिइस्, किन बाँचिरहिछस्? झुन्डिएर मर्! डुबेर मर्! संसारमा आफ्नो कालो मुख नदेखा!"

६

मिर्मिर उज्यालो हुन लागेको थियो। पशुपति नुहाउने मानिसहरू प्रभाती गाउँदै रानीपोखरीको बाटो जान लागेका थिए। भोटेका भेडाहरू बगरमा फिँजिएका ढुङ्गाझैँ देखिन्थे। सडकका बिजुलीबत्तीहरू पनि धमिला भैसकेका थिए। त्यस्तैमा एउटी स्वास्नीमानिस पाखामा पछ्यौरा फ्याँकेर झ्वाम्म रानीपोखरीमा फाल हाली। एक जना मानिसले भन्यो– "पुलिस दाइ! पुलिस दाइ! पोखरीमा मानिस फाल हाल्यो।"

पुलिस दौडेर आयो। एकछिनमा सैकडौँ मानिस जम्मा भए। एक जना पुलिस ठानामा खबर दिन गो। उज्यालो भएपछि इन्स्पेक्टरहरू आए। पानीबाट लास झिकेर पाखामा राखे। मानिसको अपार भीड लाग्यो।

डाक्टर घोसले निहुरेर लासको अङ्गप्रत्यङ्ग हेरे। त्यसपछि चस्मा झिकेर पुछ्न लागे। अनि आँखीभौँ खुम्च्याए, फेरि दाँतले तल्लो ओठ टोकेर भने– "पेट ठो भारी मालुम होता हाए, पोस्टमार्टम कोर्ने होगा।"

एउटा बाटो हिँड्ने ढाक्रेले आफ्नो साथीसँग भन्यो– "कति राम्री रहिछ गाँठे!"

"त्यसै हुनाले त डुबेर मरी, आइमाईको रूपै शत्रु, रूपै मित्रु! तेराहाम्रा त ज्यापूका आलुबारीमा उभ्याउने जस्ता छन्, मर्न जा भनेर घरबाट निकाल्दा पनि मर्दैनन्।"

एकछिनपछि एक जना चस्मा लगाएको सुन्दर युवक ठेलमठेल गरेर लासनेर आइपुग्यो। युवक गोविन्द थियो। मर्ने गौरी रहिछ। त्यस बखत गोविन्दका मुखको रङ एकदम उडेको थियो। कुनै संज्ञाहीन पागलभैँ देखिन्थ्यो।

आज समाजका वेदीमा एउटी अनाथिनी विधवाको जीवनलीला यसरी समाप्त भयो।

# पापको परिणाम

१

गोगने खोलाको सिमलचउर वन 'रानीवन' भन्नु मात्रै थियो। चिताइदार मुखिया कान्तु पाध्येलाई करकोसेली गरे, बेठीखेताला दिए सबैलाई फुक्का थियो। होइन भने कसैले एउटा स्याउलो भाँच्न पाउँदैनथ्यो। गाउँका आइमाईले घाँसदाउरा काटे भने कान्ते गौंडा बथानेर हँसियानाम्लो खोस्थ्यो, बलजफत गरे हात छोड्न बेर लाउँदैनथ्यो। कान्तुलाई देख्नेबित्तिकै बिचरीहरू घाँसको भारी बिसाएर बुटामा लुक्थे।

चैत-वैशाखको धूप, अन्त जाऊन् भने कतै एक त्यान्द्रो पाइँदैन, घाँस नल्याए गाईबस्तु भोकै रहने, सासूससुराको कचकच सुन्नुपर्ने, लिन जाऊन् भने कान्तुले हँसियानाम्लो खोस्ने, के गरून् बिचरीहरू झिसमिसैमा वनमा पुग्थे, घाम झुल्कँदा घाँसको भारी ल्याइपुऱ्याउँथे।

यस्तै चोरीचकारीबाट गाउँका मानिसहरू घाँसदाउराको काम चलाउँथे। कहिलेकाहीँ दिक्क भएर गाउँका मानिसहरू कान्तुलाई सराप्न थाल्थे– "यतिका वर्षदेखि फुक्का रहेको वन कान्तेको बाँझो भो र वन पाल्ने सनद गराएर ल्यायो, 'उस बेला परचक्रीलाई बन्देज गरेको, आफ्ना गाउँलेलाई त छँदै छ नि' भन्थ्यो अहिले हाम्रा छोरी-बुहारीको बेइज्जत गर्छ।"

दाताराम पाध्ये भन्थे– "पापीले करेसाको वन थुनेर गाईबस्तु मारिरहेछ, परमेश्वरले पनि पो कति दिन सहलान्!"

गाउँमा दुई-चार जना मानिस जम्मा भए कि यही चर्चा चल्थ्यो। कोहीकोही कान्तुपट्टि पनि मिलेका थिए। तिनीहरू सबै कुरा लगेर कान्तुलाई सुनाउँथे, अनि कान्तु पाखुरा सुर्केर भन्थ्यो– "मुखिन्जेल भने तिनका बाबुको बिहा देखाई दिने थिएँ कन्डापछाडि स्यालहरू कराउँछन् नाइँ, निउँ खोज्छन् भने भोलिदेखि गाईबस्तु चराउन पनि रोक्का गरिदिन्छु।"

वनका पुछारमा आवाद गर्न लायकको ठूलो चउर थियो। त्यसमा तीतेपातीका सिटा र बयरका बुटाबाहेक अरू केही थिएन। त्यो चउरमा धेरैले आँखा गाडेका थिए, तर सनदका किल्लाभित्रको जग्गा हुनाले आवाद गर्न कोही अघि सर्दैनथे। धेरै जना कान्तुसँग माग्न गए। कसैकसैले त मागे जति ठेकीचारदाम पनि दिन्छौँ भने; तर कान्तेले कसैको कुरा सुनेन।

यता गाउँका सुकुम्बासी घर्ती, तामाङहरू बस्तीका छेउछाउमा सानासाना झुप्रा बनाएर बसेका थिए, त्यसैमा पनि कान्तु गाउँको निकास, सन्धिसर्पन भनेर कचकच गर्थ्यो। के गरून्, देश काटेर जाऊन् भने कहाँ जाऊन्; गाउँमै बसून् भने अन्त पाइलो हाल्ने ठाउँ थिएन; बिचराहरू साह्रै दुःखले गुजारा गरिरहेका थिए।

एक दिन बेलुका खानपिन गरेर चाउरे, जिउने, धने सबै घर्तीहरू जुठेकहाँ जम्मा भए। जुठे अघि कान्तुका घरको करिया थियो। उमेरमा सबैभन्दा पाको, बुज्जकी, हक्की र सोझो मानिस थियो। जुठेलाई सबै जना मान्थे। धनेले भन्यो– "दाइ, मालिक भनाउँदो गाउँको छेउछाउमा बस्न पाउँदैनौ, अन्त सर्ने भए सर होइन भने झुप्रा लडाइदिन्छु भन्न लागिरहेछ। एउटा न एउटा निहुँ खोजेर सधैँ झगडा गर्छ। देश काटेर जाऊँ भने कहाँ जाऊँ, बसूँ भने बस्न नदिने भो, के गर्ने? एउटा अठोट नगरी भएन।"

धनेको कुरा सुनेर जुठेलाई कान्तुमाथि साह्रै रिस उठ्यो। तमाखुको सर्को तान्दै भन्यो– "हामीले के नगर्नु गरेका छौँ र देश काटेर जाने कान्छा? यत्रो गाउँ अटेको ठाउँमा हामी पाँच घर घर्ती अट्दैनौ र? सर्नै पर्ने हो भने त्यै बेसीको सिमलचउरमा सर्नुपर्छ।"

एकछिनपछि धनेले जुठेको हातको हुक्का तान्दै भन्यो– “वनपालाका सनदभित्रको जग्गा कान्तुले देला र?”

जुठेले भन्यो– “वन कहाँ छ र? सरकारी रानीवन फाँडे पो हाम्रो अर्घेलो, जमिन भनेको सरकारको हो। यिनले चउरका चउर तीतेपाती उमारेर राख्न हुन्छ, हामीले खनी-खोस्री सरकारको तिरो तिरेर स्वास्नी छोराछोरी थन्क्याउन हुँदैन?”

चाउरेले अलि घोरिएर भन्यो– “तापनि ऊसँग एक वचन नसोधी आवाद गर्न होला?”

जुठेले भन्यो– “अस्ति माग्न गएथैं, त्यो जग्गाको कुरै नगर, मेरा पनि दुई भाइ छोरा छन्, आफैँलाई चाहिन्छ भने। माग्दा नदिएपछि के गर्ने? गाउँमा पनि बस्न नपाउनु, बेँसीमा पनि बस्न नपाउनु, हामीले कहाँ जानु त?”

जिउनेले आकाशपट्टि हेरेर भन्यो– “हेर अन्याय! हामीले ओत लाग्ने ठाउँ पाएनौँ, ऊ छोराका निम्ति साँचेर राख्ने अरे!”

जुठेको सल्लाह सबैलाई मनासिब लाग्यो। भोलि नै सिमलचउरमा सर्ने प्रस्ताव पास गरेर सबै जना सुत्न गए। बाटामा चाउरेले भन्यो– “जुठे बुढो साँच्चिकै मानिस हो बा!”

जिउनेले भन्यो– “यो उमेर भो, साँचो कुरामा ऊ आजसम्म कसैसँग दबेर हिँडेको थाहा पाइएन।”

धनेले सही थाप्दै भन्यो– “आफू कसैको अर्घेलो गर्दैन, अरूले अन्याय गर्‍यो भने ज्यान गएको थाहा पाउँदैन; के गर्नु, गरिबको कोखमा जन्म्यो र पो नत्र ठूलो मानिस हुने थियो।”

चाउरेले भन्यो– “कान्तु पनि यसैका पौरखले ‘कान्तु मुखिया’ भएको न हो, नत्र बाबुका पालासम्म अम्बाको भारी बोकेर सहरतिर बेच्न हिँड्दै थियो।”

घर्तीहरू बाटाभरि जुठेकै कुरा गर्दै गए।

२

भोलिपल्ट साँझ पर्दा-नपर्दा घर्तीहरूको फौज सिमलचउरमा जम्मा भो। कोही तीतेपाती फाँडेर टहरा हाल्न लागे, कोही बार बनाउन लागे, चाउरेले वनका ठुटाबुटा जम्मा पारेर धुनी बाल्यो। केटाकेटीहरू धुनीका छेउमा बसेर खेल्न थाले। यस्तो रमाइलो उनीहरूलाई कहिल्यै भएको थिएन। धनेले बयर घारीमा आगो झोसिदियो, सारा बयरघारी पड्केर बल्न थाल्यो, रुखका पातहरू हल्लन लागे, खोलाको पानी रातो भो। जुठे ढुङ्गामा बसेर सोतेमा तमाखु खाइरहेका थियो। आज उसका मानस सरोवरमा आशाका अनेकौँ तरङ्ग चल्न थाले– “मूल बाटोको छेउको ठाउँ, एउटा भट्टी थापिदिए खूब चल्ती हुनेछ; गोगने खोलाका कुलो झिकेर घट्ट थाप्न सके झन् के भन्नु। खोलामा देशी पुल बन्छ भन्छन्, पुलका मुखमा सानासाना पसलै राखिदिए पनि भो, फुर्सदका बेलामा माछा मारे त्यसबाट पनि फाइदै हुन्छ।” इत्यादि तर्कवितर्क गरिरहेको थियो। यो आनन्दको आवेगमा उसलाई सम्पूर्ण वनस्थली नाचिरहेका जस्तो भान भो। अग्निकाण्ड समाप्त भएपछि घर्तीहरू आधा राततिर खानपिन गरेर सुते।

देख्दादेख्दै सिमलचउरका वनमा एउटा नयाँ गाउँ तयार भो। रातका बीचमा अनाश्रुतम् यत्रो डँडेलो कहाँबाट लाग्यो भनेर गाउँका मानिसहरू आसर्जे भए। कसैले राँके भूत होला भनी ठाने, कसैले देशी–परदेशीहरू बास बसेको अनुमान गरे।

भोलिपल्ट उज्यालो हुँदानहुँदा अमलेखेहरूले वन फाँडेर टहरा हाले भन्ने खबर गाउँमा पुग्यो। कान्तु पाध्येका रिसको सीमा रहेन। झटपट गाँस टिपेर फतफताउँदै सिमलचउरतिर झर्‍यो– “बजियाहरूको कत्रो हेलचेक्र्याइँ! न ठेकीचारदाम, न बहालीपुर्जी, सरकारको यत्रो रानीवनमा डँडेलो लाउन सक्नु कत्रो आँट?”

गाउँका मानिसहरूचाहिँ चौतारामा बसेर कान्तु र घर्तीहरूको युद्धको परिणाम हेर्न लागे। एउटाले भन्यो– “बिचरा घर्तीहरू पो कहाँ जाऊन् त!”

अर्काले भन्यो– “कान्तु बजिया वन पाल्ने भैरहेथ्यो, बल्ल जोडी भेट्टायो। अब धनेले गोद्न बेर छैन।”

अर्काले भन्यो– “बजियाहरूले रातभरिमै भताभुङ्ग पारेर टहरा उभ्याई हालेछन्।”

दीनानाथ पाध्यले नस सुर्कंदै भने– “आफ्नू काम हुनाले त्यति चाँडै सिध्याए, हाम्रो भए त्यतिका टहरा हाल्न कम्तीमा आठ दिन लाउने थिए।”

कान्ते उडेर सिमलचउर पुग्यो। आज ऊ साक्षात् दुर्वासा भैरहेको थियो। पाखुरा सुर्कंदै भन्यो– “बजियाहो! तिमीहरूलाई मन पर्दो भो?”

जुठेले अलि मुन्टो निहुराएर भन्यो– “केही मन पर्दो गरेका छैनौँ बाजे! हामी गरिब पो कहाँ जाऔं? यो उमेरसम्म जुठोपुरो खाएर तपाईंहरूकै टहलचाकडी गरेर बस्यौं, यहीँ जन्म्यौँ, यहीँ हुर्क्यौं, यही रानीवनमा डुलेर यो उमेर भो। गाँस–बास चराचुरुङ्गीलाई पनि चाहिने रहेछ। मागेका हौँ, दिनुभएन, के गरौँ? मर्न हुँदो रहेनछ। मुठीका माखा हौँ; थिचे मर्छौं, छोडिदिए बाँच्छौँ।”

कान्तेले चोर औंलो ठड्याएर भन्यो– “हेर् जुठे! यी सारा घर्तीलाई उचाल्ने तैं होस्। कुराले अक्कास-पत्ताल जोरेर जितुँला भन्दो होस्। मरेँ भने मरिहालेँ, बाँचेँ भने सरकारको रानीवन फाँड्ने तिमी बजियाहरूलाई झ्याेलखानामा नकुहाई कहाँ छोडुँला!”

झ्याेलखानामा कुहाउने कुरा सुन्दा धने भुतुक्क भो; अघि सरेर भन्यो– “के उपद्रो गरेका छौँ र झ्याेलखानामा कुहुने? अनेकथरीका कीर्ते तमसुक बनाएर गाउँलेका घरखेत उडाएका छैनौँ, निर्धानिमुखालाई नानावलीका झ्ूटा मुद्दा लगाएर उनका कीलाको दुहुनु भैँसी र खसीबोका धपाएर ल्याएका पनि छैनौँ, रानीवनका रोजारोजा रूख बेचेर पोको

पारेका पनि छैनौँ। कुन जुगदेखिको नाङ्गो चउरमा बयर र तीतेपातीका घारी पन्छाएर बास बसेका छौँ। नाथे बयर र तीतेपातीका बुटा फाँड्दा पनि कुहुनुपरे कुहिदिउँला के; गरिबले जहाँ पनि कुहुनु न हो!"

मानिस सबै कुरा सहन सक्तछ, परन्तु आफूभन्दा छोटाले साह्रै होच्याएर मुख लागेको सहन सक्तैन। धनेको ओठे जबाफले कान्तु आगो भो, थुत्त खुकुरी थुतेर "बजियाहरूका टहरा नढाली छोड्दिनँ" भनेर अगाडि सरेको मात्रै थियो, धनेले मुठीभरिको घोचो उजाएर भन्यो– "हेर असत्ती! गाउँका निर्धानिमुखाहरूलाई हेपेभैँ हेपुँला भन्दो होस्, सानाको पनि घर, ठूलाको पनि घर। छो मात्रै त, तँलाई यहीँ मारेर गोगनेका ढुङ्गामुनि घुसार्न सकिनँ भने धने नभनेस्। गाउँबाट खेदेर पुगेन र यहाँ पनि जिस्क्याउन आइपुगिस्? गाँस न बास भएर मर्नु जति परेपछि यो एक मुठी सासको यत्राको आश!"

काम बिग्रन लागेको देखेर जुठेले अगाडि सरेर भन्यो– "कान्छा, खबरदार! मालिक हुन्, उनले जतिसुकै बिगार गरे पनि हामीले सहनै पर्छ। एक लबटो उनैले हानून्, हामीले हात छोड्नु हुँदैन। आज रिसाएका छन्, भोलि यिनैले हाम्रो प्रतिपाल गर्नुपर्छ।"

कान्तेले लोप्रेकान लायो। विचार गर्‍यो– "अब यहाँ मेरो विजय हुन सक्तैन; म एक्लो छु, यी बजियाहरू लाठा लिएर बसेका छन्; मूर्खसँग त जुक्तिबुद्धिले पो लड्नुपर्छ।" इत्यादि विचार गर्दै खुकुरी दापमा घुसारेर बिस्तारै उकालो लाग्यो। आज उसलाई साह्रै सरम भैरहेको थियो।

सिमलचउरका सङ्ग्रामबाट कान्तेले ठाडो पुच्छर लाएको देखेर चौतारामा रमिता हेर्ने मानिसहरू हाँस्न लागे। एउटाले भन्यो– "घर्तीहरूलाई ठाडै निल्छु भनेर चुर्रिंदै गएको थियो, पायो स्वाद!"

अर्कोले भन्यो– "धनेले घोचो उजाएको देख्ता त मलाई अब कान्ते सिद्धियो भन्ने लागेको थियो, बाँच्यो!"

फेरि अर्काले भन्यो– "दुवै थरी अडिएर पो, नत्र एकापट्टिबाट हात छोडेको भए दुई जनामा एक जना नमरी छोड्ने थिएन!"

फेरि अर्काले हातको पार लाउँदै भन्यो– "होइन, हामीलाई त कान्ते ठोकी पो हाल्थ्यो गाँठे! आज के भएर अडियो?"

भैरु पाध्येले भने– "आफूभन्दा अलि निर्धे दुब्लो देखे त ठोक्थ्यो नाइँ, धनेलाई के लाटो थियो र ठोक्थ्यो!"

दीनानाथ पाध्येले नस सुर्कंदै भने– "बलमा कान्ते पनि कम होइन बा! परार देवीघाटका जात्रामा घ्यालचोके भोटेहरूले हूल गर्दा एक्लैले सारा भोटे सोतर पारेको बिर्स्यौ?"

दाताराम पाध्येले सुर्तीको लुँडो निमोठ्दै भने– "तिमीहरू जेसुकै भन धनेसँग कान्तेको केही लाग्दैन, धने त साह्है काँचो बजिया पो त, जुठेले छेक्यो होला, जुठे साह्है बुज्जकी मानिस छ।"

३

केही दिनपछिको कुरो हो, दिउँसो घतीहरू साँघुको मुखमा बसेर तमाखु खाइरहेका थिए। गाउँबाट भैरु, दाताराम पनि आइपुगे। कुराकानी थालेका मात्रै थिए, पारि रातमाटेका चौतारोतिरबाट एक जना खुर्पे चाँद बाँधेको मानिस ओर्ल्यो। भैरु पाध्ये झस्के। उनको रुम्टी खेतको दश मुरी धान पुरानू गोरखको हवलदारी खान्कीमा दरिएको थियो। हिउँदताक जागिरदार आउँथ्यो र धानै भर्छु भनेर हावाकावा पार्थ्यो; गाउँका मानिस जोरिएर दुई-तीन दिनसम्म खुसामद गरेपछि बल्ल मोहर पाथीका भाउले रुपैयाँ बुझेर जान्थ्यो। जागिरदार नफर्केसम्म भैरु पाध्ये बेपत्ता हुन्थे। तिरेर नपठाइन्जेल तलसिङलाई दूध-भात ख्वाएर पाल्नुपर्थ्यो। रिस उठेका साल तिर्जाबापत बेसाएर ल्याएको धानै भरेर लैजान्थ्यो। यसरी तलसिङले दिक्क पारेको हुनाले भैरु सुइँकुच्चा

ठोक्नै आँटेका थिए, त्यत्तिकैमा खुर्पे चाँद बाँधेको मानिस आइपुग्यो र भन्यो– "यो गाउँको नाउँ के हो?"

दातारामले जबाफ दिए– "सिमलचउर।"

"घर्तीगाउँ कुन हो?"

"यही हो।"

"घर्तीहरूका नाउँमा वनमुद्दाको म्याद छ। कोको हुन् देखाइदेऊ!"

म्यादको कुरा सुन्नेबित्तिकै, घर्तीहरूको छाती ढुकढुक गर्न थाल्यो। कहिल्यै मुद्दामामिलामा नपरेका सरल प्राणी, छाँगाबाट खसेजस्ता भए। एक छिनपछि हत्केलाले घाम छेक्दै जुठे घर्तीले भन्यो– "हामी नै हौँ साहेब; कुन अड्डाबाट आउनुभो; को हुनुभो?"

"चौतारा गोस्वाराबाट, हवलदार हुँ।"

हवलदारले म्याद बुझाइदियो। दाताराम अक्षर चलेका मानिस थिए, अलिअलि हेरकोर पनि गर्थे। गाउँमा परिआएको लगनसाइत उनै हेर्थे। खोकिलाबाट चस्मा झिकेर पुछ्न लागे। कुन जुगमा किनेको चस्मा, कानमा सिउरने दुवैपट्टिका मुन्द्रा भाँचिएर जनैको धागो गाँसेको थियो। चस्मा लगाइसकेपछि धागो कानमा बेर्नुपर्थ्यो। ऐनाका वरिपरि मयल जमिराखेको थियो। चस्मा लगाएर एकछिन यता उति हेरेपछि कनीकुथीकन दाताराम म्याद बाच्न लागे। घर्तीहरूचाहिँ एक सुर भएर सुनिरहेका थिए– "जुठे घर्ती आडर दिने; धने, कालेसमेत भै फाँड्ने गरी सनदका किल्लाभित्रका रूख, बुटा फाँडी जबरजस्ती जग्गा आवाद गरे" भनी कान्तेले उजुर गरेको रहेछ। म्याद पढिसकेपछि गहभरि आँसु पारेर जुठेले भन्यो– "रामराम! कस्तो अन्याय! रिस उठ्यो भनेर यस्तो हुँदै नभएको झूटा कुरा पनि लेख्नु?"

सरल प्राणीहरू सबै कुरा सहन सक्छन् तर आफूलाई कसैले मिथ्या आक्षेप लगाएको सहन सक्दैनन्। कसैले झूटा दोष लगायो भने उनको आत्मा विचलित हुन्छ। आज यही हाल घर्तीहरूको भो। जुठेले भन्यो– "बाजे, हामी गरिबहरू सिमलचउरमा बसेको मुखियालाई साह्रै नजाती लागेछ। सोझो मुखले 'नबस, जाओ' भनेको भए बेलैमा आफ्नू बाटो लाग्ने थियौँ। संसारमा भोकै मरेको को छ? पाखुरामा बर्कत भए यस्ता नाथे खोरिया पचासौँ पाइन्छन्। छुँदै नछोएको वन फाँडे भनेर लेखेछन्। हरे! यस्तो अपराध पनि बोल्नु!"

दातारामलाई कान्तेका उपर साह्रै रिस थियो। कान्तेको अत्याचार देखेर उनको रगत उम्लन्थ्यो। कान्तेको र घर्तीहरूको तानातानी चलिरहेको देखेर उनी आजकाल घर्तीहरूकै ओड लिन्थे। वनमा कान्तेले मनपरी गर्नुभन्दा गरिब घर्तीहरू नै खाऊन् भन्ने थियो। सुर्तीको बासा फुकाउँदै भने– "हत्तेरी लाछी, पापीले पाप बोल्यो भनेर पनि दुःख मान्नु? भन्नेले भन्यो त, आफ्नू आत्मा चोखो छ भने कसैले भन्दैमा हुन्छ? परमेश्वरले गर्छन् न्याय! नखाएको विष पनि कतै लाग्छ?"

जुठेले खिन्न भएर भन्यो– "के गर्नु बाजे! वनका पुछारमा हामी बसेका छौँ। चार मुलुकले फाँडेको वन हामी गरिबका थाप्लामा पर्न बेर छैन। जालीसँग कसको के लाग्छ? अस्ति पनि तिमीहरूलाई झेलखानमा नकुहाई छोड्दिनँ भन्थे।"

"के कान्तेको मुलुक हो र झेलखानमा कुहुने? जमिन भनेको सरकारको हो। तिमीहरू पनि सरकारकै प्रजा हौ। केको डर?"

कालेले भन्यो– "गाउँको मणिजन भएपछि गरिबदुःखीको ओत होस् तब पो ठूलो; जीउ छाडेर लुटपिट गर्न खोजे, को सक्दैन?"

दातारामले भने– "केको मणिजन हुन्थ्यो डाँकू! निर्धोदुब्लो देख्यो भने खेद्छ।"

धनेले झोक देखाएर भन्यो– “बाजे, हातखुट्टा भाँचेर एउटा गब्जेरामा नघुसारेसम्म कान्ते तह नलाग्ने भो। निर्धानिमुखामाथि अचाक्ली गर्न लाग्यो।

अस्ति नै खुट्टा भाँचिदिऊँ भनेको यही बूढाले छेक्यो र पो। त्यस दिन हातखुट्टा भाँचिदिन पाएको भए थन्केर बसिरहने थियो। छाडै भएर न हो यसले मुलुकको स्वास्नी-छोराछोरी रुवाएको।”

घर्तीहरू दातारामका उपर बहुतै श्रद्धा राख्थे। उनलाई आफ्नू सच्चा हितैषी सम्झन्थे। यस गाउँमा उनीहरूका निम्ति दातारामबाहेक अर्को अवलम्ब थिएन। जुठे घर्तीले भन्यो– “बाजे, परेपछि हुनेसम्म गर्नै पर्‍यो। आफूले जानेसुनेको केही छैन, कसो गर्नुपर्ने हो?”

“आजको १५ दिनभित्र अड्डामा गएर खोलुवा दिनुपर्छ। अड्डाले पनि त तिमीहरूले वन फाँडेनफाँडेको जाँच्ला नि। कान्तेले फरेब गर्दैमा हुन्छ?”

चाउरेले कपाल कन्याउँदै भन्यो– “के गर्नु बाजे! वन औलाले खुइलिएको कपालझैँ नाङ्गो भैरहेछ। वनका छेउमा हामी बसेका छौँ। जाँच आउँदा हामीले फाँडेको भनिदिन्छन् के; आजकाल मानिसका पेटमा धर्म छैन।”

जिउनेले भन्यो– “त, आफू परेर हामीलाई किन जोगाउँथे?”

दातारामले भने– “हेर् जिउने, कान्तेले धर्म छोडे पनि गाउँलेले कहिल्यै छाड्ने छैनन्। तिमीहरूले छुँदै नछोएको वन घर्तीहरूले फाँडेको भनेर कसरी भन्लान् ए गाँठे! मर्नु पर्दैन?”

जुठेले भन्यो– “बाजे, खोलुवा दिएपछि तारिख बोक्नुपर्छ होला? हामी सबै जना तारिखमा हिँड्नुपर्‍यो भने स्वास्नी–छोराछोरी भोकभोकै मर्छन्।”

"त, अघि मैले कान्तेमाथि 'बिजाइविद्दुत' मुद्दा हाल्दा दुई वर्ष तारिख धाउनु परेथ्यो। तारिख खेप्न साह्रै गाह्रो पर्छ जुठे!"

जिउनेले उत्सुक भएर सोध्यो– "मुद्दा कसले जित्यो नि बाजे?"

"कसले जित्थ्यो! ऊ धनी, कलमको सिपालु, बोलक्की, म एक्लो, निमुखो, उसैले जित्यो।"

साँझ पऱ्यो। दाताराम गाउँतिर लागे। हवलदारलाई लिएर घर्तीहरू खोप्रातिर पसे। कसैले दालचामल, कसैले नुनतिहुन ल्याएर हवलदारलाई दिए। कालेले चार-पाँचवटा माछाको सुकुटी ल्याएर अगाडि राखिदियो। हवलदार भात पकाउन लाग्यो। घर्तीहरू पिँढीमा बसेर तमाखु खान थाले।

सन्ते आएर जुठेको काखमा बस्यो। जुठेले भन्यो– "बाबु, हवलदार साहेबलाई सलाम गर्।"

सन्तेले करसँग सलाम गऱ्यो।

हवलदारले भन्यो– "घर्ती दाइ, छोरो त निकै चलाख होलाजस्तो छ नि, ठूलो भएपछि जङ्गीपरेठमा जागिर ख्वाउनुपर्छ।"

"के गर्नु साहेब, पैलो घरबार बिग्र्यो र बुढेसकालमा अर्की स्वास्नी ल्याएँ, यस्ता चिचीभुँडी जन्मेका छन्। गाउँमा सन्धिसर्पन भनेर टिक्न दिएनन्। गडतिरको औलोमा आएर छाप्रो उभ्याएको, यहीँ पनि मुद्दा लगाइदिए। बालबच्चाको चिहिलबिहिल हुन आँट्यो।"

"क्यै धन्दा नमान, राजा उदाएका छन्, अन्यायमा मरिँदैन; अड्डामा परिआएको हामी पनि गरुँला।"

## ४

असारको महिना, गोगने फाँटमा धूमधामसँग रोपाइँ चलेको थियो। घाम झुल्कँदानझुल्कँदै किसानहरू हलगोरु लिएर खेतमा पुग्थे। कान्तेले आम्बोटे खेत हिल्याएर ठिक्क पारेको थियो। कान्तेका खेतमा आम्बोटेको सबैभन्दा ठूलो खलो थियो। आम्बोटे रोप्दा बाजा हालेर रोपाइँ गर्थ्यो। रोपाइँका दिन कान्ते बिहानै ठाडो चौतारामा गएर खेतालाको उर्दी लाउँथ्यो। उर्दी लाएका दिन हलगोरु हुनेले हलगोरु, नहुनेले धुरीपिच्छे एकएक जना खेताला पठाउनुपर्थ्यो। गाउँका दमै बाजा लिएर जम्मा हुन्थे। गीताङ्गीहरू आलीमा बसेर रसिया हाल्थे। निकै रमाइलो हुन्थ्यो।

बिहानै कान्तेले चौताराबाट खेतालाको उर्दी लायो। घर्तीहरू जुठेका पिँढीमा बसेर तमाखु खाइरहेका थिए। कान्ते कराएको सुनेर जुठेले भन्यो– “लौ, मुखियाले उर्दी लाए; हामीहरूका घरबाट पनि एकएक जना खेताला पठाइदिनुपर्छ।”

चाउरेले भन्यो– “कैले सिमलचउरबाट खेदूँ भन्छ, यस्ता असत्तीलाई केको खेताला दिनु।”

धनेले झोक्किएर भन्यो– “यो जुठे बूढो कैलेकाहीँ यस्तै पाङ न पुच्छरको कुरा गर्छ। नकाटेको वन काटे भनेर झेलखानामा कुहाउने सुर झिकिरहेछ। योचाहिँ खेताला दिऊँ भन्छ।”

जुठेले नली गालामा अड्याएर भन्यो– “हेर् कान्छा, गाउँका तालुकदार हुन्, उनका तालुकमा बसेका छौँ। असार र मङ्सिरमा दुई खेताला मुलुकमा जहाँका तालुकदारले पनि पाएका छन्। झगडा छ त अर्कै कुरामा छ। कसुर छैन, लडौँला, पशुपतिको राज्य हो। राजा उदाएका छन्, अड्डाले अन्याय गरे राजाका ढोकामा जाउँला। झगडा पऱ्यो भनेर आफ्नू मर्यादा छोड्नु हुँदैन।”

सबैको चित्त बुझ्यो। जुठेको कुरा कोही काट्दैनथे। घर्तीहरूका घरबाट पनि एकएक जना खेताला कान्तेका मेला गए। घर्तीहरूचाहिँ अड्डातिर खोलुवा दिन हिँडे।

\+ \+ \+

साँझ पर्न लागेको थियो। चारैकुना ढाकेर बादल उठ्यो। एकछिनपछि मुसलधारे पानी दर्क्यो। गोगने खोलो उर्लेर हेरिसक्नु भएन। मकैका बोटमा झमझम गरेर पानी पर्दा एउटा अलौकिक आनन्दको अनुभव हुन्थ्यो। सन्ते पिँढीमा बसेर रूपेलाई "आमा आई... आई, आमा आई... आई" भनेर थुमथुम्याउँदै फुल्याउँदै गर्न लागेको थियो। रूपेचाहिं कङ्‌ला शब्द गरेर रोइरहेको थियो। त्यो अँध्यारो सन्ध्यामा जुठेका यी दुई बालक सन्तान दरिद्रताका प्रतिमूर्तिजस्ता देखिन्थे। एकछिनपछि कान्तेका रोपाइँबाट रुज्दैभिज्दै मङ्गली आइपुगी। थकाइले क्लान्त भएकी थिई। घुम टाँडमा घोप्ट्याएर पिँढीमा थुचुक्क बसी। रूपे दौडँदै आएर मङ्गलीको काखमा टाँसियो, "मेरो बाबालाई कति भोक लाग्यो होला!" भनेर रूपेको कपाल सुमसुम्याउँदै दूध खुवाउन लागी। रूपे बीचबीचमा सुँक्कसुँक्क गर्दै दूध खान लाग्यो। सन्ते पनि नजिकै आएर बस्यो। मङ्गलीले पोल्टाबाट मकै झिकेर सन्तेका दौरामा हालिदी। सन्ते पनि मकै चपाउन थाल्यो। एकछिनपछि जुठे पनि खोलुवा दिएर आइपुग्यो। छत्री छानामा राखेर लुगा निचोर्‍यो अनि अगेनामा आगो बालेर तमाखु भरेर खान लाग्यो। मङ्गली भात पकाउने तर्खर गर्न लागी।

खोलुवा दिएर आएपछि धनेको तुजुक बेग्लै भो। गाउँघरका मानिस भेट हुँदा खूब फुर्ती लाएर भन्थ्यो– "कान्ते 'घर्तीहरू डरले त्यसै भाग्छन्, अड्डामा जानै सक्दैनन्' भन्थ्यो, नबिराएको कुरामा के को डर? यी, खोलुवा दिएर आयौं! 'कान्तेले गाउँघरमा पिरपिराउ गरेर निर्धा निमुखालाई टिकी नसक्नुभो' भनेर बडाहाकिमसँग करायौं, 'विचार गरुँला, नडराओ' भनेका छन्। अड्डामा कान्तेको मुखै देखिएन, तारिख लिएर कुदिहालेछ। यहाँ, पिंढी-साँढे भएर निर्धादुब्लालाई पिरोल्ने मात्रै हो, अड्डामा चोर बिरालोझैँ लुकीलुकी हिँड्छ।"

खोलुवा दिएर आउनु पनि यी अनाथ प्राणीका निमित्त यति ठूलो विजय भो। बाटाका छेउमा घर, कहिलेकाहीँ कुनै झगडियाहरू बास बस्न आए भने "के मुद्दा हो, कैलेदेखि परेको, झगडिया कस्तो छ?" भनेर मुद्दाको आद्योपान्त कुरा सोध्थे र "मुद्दा लड्दा जुक्ति-बुद्धि पुऱ्याएर लड्नुपर्छ, जन्मजुग मुद्दा मामलामा नपरेका सिकारु मानिस रहेछौ, होस राखेर काम गर" भनेर अर्तीउपदेश दिन्थे।

५

घर्तीहरू मकै भित्र्याएर कोदो गोड्न मात्रै लागेका थिए, वनजाँचको डोर आएर दातारामको कटेरामा बस्यो। डोर आएको खबर एकछिनमा गाउँभरि फैलियो। कान्ते कसैलाई दही, कसैलाई दालचामल, कसैलाई नुनतिहुन बोकाएर आफू बोको घिच्याउँदै आइपुग्यो। घर्तीहरू पनि भेला भए। धने–कालेले एक एक भारी दाउरा ल्याएर राखिदिए। जिउने ढुङ्गा खोजेर चम्का गाड्न लाग्यो। चाउरे गाग्री बोकेर खोलातिर हिँड्यो। सिपाहीहरू बोको काटेर खुइल्याउन लागे। मुखिया मिसिल हेर्न लाग्यो। सुबिदार टाँडमा उपरखुट्टी लाएर सिलोक हाल्न थाल्यो। बहिदारले चाहिँ कटुवाललाई डाकेर "भोलि गाउँभरका मानिसले डोरमा सामेल हुनू" भन्ने उर्दी सुनायो। डोरवालाहरूले खानपिन गरिसकेपछि घर्तीहरू जुठेका खोप्रामा जम्मा भए। धनेले बुढेसँग भन्यो– "कान्ते डोरसँग बसिरहेछ। अब केके जाल गर्ने हो!"

"कान्तेले डोरसँग जाल गरेर के हुन्छ र कान्छा? हामी गरिबलाई बिगार्नुसपार्नु पञ्च परमेश्वरका हातमा छ। धर्म छाडेर कान्तेपट्टि लागे भने मऱ्यौँ, साँचो कुरा भनिदिए भने बाँच्यौँ।"

चाउरेले लामू सास फेरेर भन्यो– "छुँदै नछोएको वन घर्तीले काटेको भनेर कसरी भन्लान् ए गाँठे? हामीले गाउँलेको के नगर्नु गरेका छौँ र, मर्नु पर्दैन?"

जिउनेले भन्यो– “यो कलिमा मर्नुपर्छ भन्ने कसले देखेको छ र माहिला! मानिस खुबी हेरेर काम गर्छन्!”

कालेले भन्यो– “त, आफू बिग्रेर हामीलाई किन सपार्थे!”

जुठेले गहभरि आँसु पारेर भन्यो– “जसो होला! परमेश्वर छन्; गर्लान् नि एउटा छ्यान।”

बिचरा यी निरीह प्राणीहरू आज ठूलो चिन्तामा निमग्न भए। कत्राकत्रा मनसुवा लिएर सिमलचउरमा बस्न आएका थिए, कुन विपत्ति भोग्नुपर्‍यो! मानिस एक थोक चिताउँछ, भाग्यले छलेर अर्कै थोक गरिदिन्छ।

भोलिपल्ट गाउँका सारा मानिस सिमलचउरमा जम्मा भए। बाहुन, क्षत्री, मगर, तामाङ, दमै, कामी कोही बाँकी रहेन। सानूसानू जात्रा लाग्यो। डोरका मानिसहरू वनमा छापछापती भएर बुटाबुटा गन्ती गर्न लागे। जङ्गीपरेठले गोगनेको काठे साँगु बनाउँदा काटेको, कटुन्जेको पाटी बनाउँदा काटेको, कान्तेले रुपियाँ खाएर बेचेको, गाउँलेले घरकटेरो बनाउँदा काटेको इत्यादि एउटा ठुटा बाँकी रहेन। दिन ढलेपछि बल्ल गन्ती सिद्धियो; ठुटाबुटाको साँधी भएन। “यतिका रूख ककसले केके कामलाई काटेको हो? लौ देखाइदेऊ” भनेर मुखियाले सोध्यो। गाउँलेहरू मुखामुख गर्न लागे। कसले काटेको भनून्? चार गाउँका माझको वन नकाट्ने एउटा थिएन। सबैले काटेको भनून् भने गाउँका गाउँ स्वाहा हुन्छ। घर्तीहरूले काटेको भनून् भने धर्मको हत्या हुन्छ; गाई मर्छन्, सरजमिनहरू साह्रै असजिलोमा परे। बहिदारले कान्तेपट्टि फर्केर भन्यो– “सरकारले वन रुङ्न राख्या तिमीलाई हो, कसले काटेको हो? लौ भन।”

“मैले त घर्तीहरूले काटेको भनेर अघि नै जाहेर गरिसकेको छु, मसँग के सोध्नुहुन्छ?”

धने रिसले भुतुक्क भो। पाखुरा सुर्कंदै भन्यो– "हामीले कैले काट्यौँ ए असत्ती? बोल्न पाएँ भनेर पापधर्मको डरै नराखेर किन झूटो बोल्छस्?"

"वनका माझमा तँ बजिया बसेको छस्, तैले नकाटे कुन तेरा बाबुले काट्यो त? लगा न काट्ने मानिसको पत्तो।"

अरू बेला भए धनेले घोचो उजाइहाल्ने थियो; अड्डाका कामदार-कारिन्दा बसेका हुनाले केही बोलेन। काम बिग्रन लागेको देखेर जुठे उभियो र सरजमिनपट्टि फर्केर हात जोरेर भन्यो– "बाजे हो! तपाईंहरूको जुठोपुरो खाएर बसेका चाकर हौँ; रूख काट्नु त के एउटा स्याउलो भाँचेका छैनौँ, तपाईंहरूलाई थाहै छ; एक पटक मर्ने जिन्दगी हो; अजम्मरी पाएको कसैले छैन; ईश्वर सबैमाथि छन्; धर्मजस्तो ठूलो केही छैन; पञ्चपरमेश्वर हुनुहुन्छ; हामी पाँच घर गरिब शरणमा छौँ, दूधको दूध पानीको पानी गरिदिनुहोस्।"

धर्म भनेको कत्रो पदार्थ! धर्मको नाम सुन्नेबित्तिकै कस्तै आततायीको आत्मा पनि काम्न थाल्छ। जुठेको पुकार सुनेर सारा जनसमूह स्तब्ध भो। डोर छोडेर भाग्नै आँटेका थिए, बहिदारले कड्केर भन्यो– "खबरदार! मुचुल्कामा सहीछाप नगरी जान पाउँदैनौ।"

कान्तेले झोक देखाउँदै भन्यो– "तिमीहरूका घरवरपरको वन देशको मानिस आएर काटेन। घर्तीहरूले काटेका छैनन् भन्छौ भने तिमीहरूले काटेछौ, त्यही बेहोराको मुचुल्का लेखिदेओ र दण्ड तिर, बस तर एउटा कुरामा सहीछाप नगरी जान पाउँदैनौं।"

घर्तीहरू घुँडामा हात राखेर कान्लाका आडमा टुक्रुक्क बसिरहेका थिए। झुत्रा लुगा लगाएका, दुब्ला, भोक र दुःखका ज्वालाले जलिरहेका, मुखमण्डलबाट करुणा र वेदनाको नदी बगिरहेको थियो। अश्रुपूर्ण नयनले यो विशाल जनसमूहपट्टि टुलुटुलु हेरेर दयाको भिक्षा मागिरहेका थिए।

संसार कति मतलबी छ! आफ्नो उपर नपरेसम्म मानिस सरल र सौजन्यका मूर्ति देखिन्छन्। आफ्ना उपर पर्न लाग्यो भने अनाथलाई मारेर आफू जोगिन्छन्। अनादि कालदेखि निर्बल मरेका छन्; बलवान्‌को विजय भैरहेको छ। भरखर जन्मेको अबोध शिशुको घाँटी थिचेर आमाबाबु आफ्नू जघन्य पाशविक कर्मलाई समाज र कानुनको आँखाबाट लुकाउने चेष्टा गर्छन्। त्यस बखत मातापिताको त्यो पवित्र वात्सल्य प्रेम लोकलज्जाको डरमा विलीन हुन्छ।

सरजमिनहरू कानेखुसी गर्न लागे। एकछिनपछि त्यो गुप्त समितिबाट गरिब मार्ने प्रस्ताव पास भो। दीनानाथ पाध्येले आँखीभौँ खुम्च्याएर भने– "हामी वन रुङेर बसेनौँ; वनका गोठाला कान्ते मुखिया हुन्, उनी घर्तीहरूले काटेको भन्छन् भने हामी के भनौँ? म त घर्तीहरूले काटेको भनेर सही हाल्छु।"

मुख पर्ने मानिस चाहिएको थियो। दीनानाथले त्यो भन्नासाथ सबै एकोहोरिए। घर्तीहरूपट्टि कोही हेर्दैनथ्यो। मुचुल्का तयार भो। सहीछाप गरेर सबै जना लाखापाखा लागे। सङ्ग्राम समाप्त भो, गरिब घर्ती हारे; कान्तु पाध्येको विजय भो।

जुठेका आँखाबाट आँसुका धारा बग्न लागे। समाजका उपर उसलाई ठूलो आशा थियो; गाउँलेले यसरी धर्म छाड्लान् भन्ने सपनामा पनि चिताएको थिएन। हत्केलाले आँसु पुछ्दै भन्यो– "बुढेस कालमा दोटा पोथ्रा जन्मेका थिए, यिनको बिचल्ली भो। परमेश्वर! पापधर्मको विचार गर्ने तिमी छौ, म गरिबका आँसुले नपोलोस्, भैगो!"

बेलुका घर्तीहरू सबै जुठेकहाँ जम्मा भए। धनेले निन्याउरो मुख लाएर भन्यो– "दाइ, राजा लागेको र खोलो लागेको ठाउँमा नबस्नू भन्छन्; अब यस खोलामा हाम्रो भोग सिद्धियो; जाऊँ बालबच्चा बोकेर मुग्लान्!"

"उहाँ पनि त धनीले गरिबलाई यसै गरी सताएका होलान् नि? जहाँ गए पनि अभागी पुर्पुरो सँगसँगै जान्छ कान्छा!" –जुठेले भन्यो।

चाउरेले भन्यो– "तैपनि देश काटेर गएपछि परेको दुःखसुख यी शत्रुले देख्न त पाएनन् कि; यिनका मुखिन्जेल गाँस न बास भएर मर्नुभन्दा त मुग्लान गएर एक छाक खाएर बस्नु बेस!"

जुठेले लामू सास फेरेर भन्यो– "यहीँ जन्म्यौँ, यहीँ बढ्यौँ, हाम्रो थात, हाम्रो रनवन भन्थ्यौँ, जुनीभर हाम्रो हाम्रो भनेको ठाउँमा त यो गति भो; अब मुलुक बिरानू, भास बिरानू, रीतिथिति बिरानू भएका ठाउँमा गएर के सुख पाउँला र जेठान्?"

पर्सिपल्ट तारिख थियो, धने त नजाऊँ भन्थ्यो तर जुठेले भन्यो– "आखिर हराउने भए हाकिमले नहराई छाड्दैनन्। घरै बसे पनि दण्डकुण्ड लागिहाल्छ। बरु हाकिमसँग रुनु कराउनु असल। भरसक गरिब देखेर दयामाया गर्लान्। नगरे लागेको सजाय सोझोसामु भएर बेहोरिदिए सधैँको झकझक हराउँछ।"

घर्तीहरू तारिखमा गए। चार-पाँच दिनपछि कान्तु पाध्य आयो। मुद्दा फैसला भएछ। जनही चार–पाँच सय दण्ड लागेर घर्तीहरू कैद परेछन्। जग्गा पनि बाँझिने भएछ।

घर्तीगाउँमा रुवाबासी चल्यो। गर्नेभन्ने झेलखानामा परिहाले। स्वास्नी, छोराछोरीको चिहिलबिहल भो। बालख छोराहरू बोकेर मङ्गली रुँदै अड्डातिर हिँडी। अस्तिको सुन्दर नगर आज मसान भो।

६

आठ-नौ महिनापछिको कुरा हो। जेठको उखुम थियो। गाउँमा झाडाबान्ताले मानिसहरू फाटफुट मर्न लागे। अघि त कसैले याद गरेन, पछि साह्रै मच्चियो। दिनको दश–बाह्र जना मानिस मर्न लागे। बिहान सरसाउँदो देखिएको मानिस बेलुका मऱ्यो भन्ने सुनिन्थ्यो। गाउँले सम्साँझै ढोका थुनेर बस्थे, मलामी पाइँदैनथ्यो। दुई दिनका व्यथाले दीनानाथ पाध्ये मरे। त्यसका भोलिपल्ट कान्तुकी स्वास्नी खसी। स्वास्नी खसेको पर्सिपल्ट तीन घडीको अघिपछि भएर दुवै छोरा गए। कान्ते छाती पिटेर रुन लाग्यो।

उमेर ढल्ने बेलामा परमेश्वरले दुइटा लाल दिएका थिए। छोराहरू पनि सुनका प्रतिमाजस्ता थिए। कृष्ण एघार वर्षको र केदार नौ वर्षको थियो। कान्तेलाई तीन–चार जना मानिसले अँठ्याइराखेका थिए तैपनि झम्टेर छोराहरूलाई अँगालो हाल्न पुग्थ्यो। जीवन उद्यानमा यी दुइटा सुन्दर कुसुम फुलेको देखेर उसको हर्षको सीमा थिएन। पढाएर विद्वान् तुल्याउँला, कुटुम्बभरिकी राम्री कन्या खोजेर बिहा गरिदिउँला; एउटा छोरालाई सिमलचउरमा घर बनाइदिउँला, एउटालाई गाउँको घरमा राखुँला भनेर कत्रोकत्रो मनसुवा चिताएको थियो, विधिले त्यो लहलह भइराखेको उद्यानलाई एक छिनमा तोडताड पारेर मैदान बनाइदियो। आँखा चिम्लेर कत्रो सुख स्वप्न देखिराखेको थियो, परमेश्वरले बिउँझाएर कुन दृश्य देखाइदिए। मानिसहरूले भने– "यो अर्थोक होइन, कान्तेलाई अनाथ घर्तीहरूको सराप लागेको हो। बिचरा गरिबहरूलाई जसरी रुवाएथ्यो, उसै गरी आफूले पनि डाँको छोडेर रुनुपर्‍यो।"

कान्तेको जीवनको प्रगति एकदम बदलियो। उसको आत्मा सधैँ एकान्त रोदन गरिरहन्थ्यो। पुत्रशोकभन्दा पनि एउटा अज्ञात वेदनाले हृदय व्यथित भैरहन्थ्यो। बहुधा एक्लै हिँड्थ्यो। त्यो तेजोमय अभिमानी मुखमण्डलमा गाढा चिन्ताले घर बनायो। त्यस्तो उन्नत मस्तक एकदम निहुर्‍यो। खेतबारी सारा बाँझै रहे। कहिले पकाएर खान्थ्यो, कहिले दुई–तीन दिनसम्म भोकभोकै रल्लिएर हिँड्थ्यो। कान्तेको जीवन तीव्र वैराग्यले भरिएको कुनै संन्यासीको जस्तो भो।

धनसम्पत्तिको पनि उति ममता थिएन। जसका निम्ति पापधर्म त्यागेर यत्रो वैभव जोरेथ्यो, तिनीहरू सबै छोडेर गैगए; अब कसका निम्ति साँचोस्। एउटा जीउ त पशुपन्छीले पनि पालेका छन्।

धार्मिक भावना पनि बढेर आयो। झिसमिसैमा नुहाएर आधा दिनसम्म पूजापाठ गर्थ्यो। द्वारमा कोही दीनदुःखी आयो भने मुठीका ठाउँमा मानो दिन्थ्यो।

झमक्क साँझ पर्‍यो। बिजुलीको चहकिलो प्रकाशमा कान्तिपुर शहर उज्ज्वल तथा मनोहर देखियो। इन्द्रजात्राको मेला, जुन गल्लीमा पनि मानिसको घुइँचो छ; पसलेहरू बेपारमा तल्लीन छन्; बजार र पसल जगमग छ। कहीँ गानबजान भैरहेछ, मानिसहरू तृप्त भएर आमोदप्रमोद गरिरहेका छन्। यो भव्य नगरी स्वर्गझैँ दिव्य र सुन्दर देखिन्थ्यो।

तर, दुःखीको जीवन त जहाँ पनि दुःखमय नै हुन्छ। ऐश्वर्यले भरिएको यस विशाल नगरीको एउटा गल्लीमा भोक र तिर्खाको ज्वालाले जलिरहेको एउटा अनाथ बालक करुण स्वरले "ह...जु...र ए...उ...टा पै...सा" भनेर कराइरहेको थियो। हजारौँ नरनारीहरू त्यस पथबाट आउँथे जान्थे तर त्यसको दुःख र वेदनाले भरिएको आर्तनादका उपर कोही ध्यान दिँदैनथ्यो। कसैले सुनोस् नसुनोस् बालक अविरल स्वरले याचना गरिरहेको थियो। मुखमण्डलमा विषाद र दरिद्रताको गम्भीर छायाँ परिरहेको थियो। शरीरमा रक्तको लेश थिएन। जीउमा एउटा झुत्रो दौराबाहेक अरू केही थिएन।

अलिबेरपछि एक जना मानिस लम्कँदै आयो। त्यसलाई देखेर बालकले फेरि भन्यो "ह...जु...र ए...उ...टा पै...सा!"

आगन्तुक कान्तु थियो। बालकको स्वर सुनेर उभियो। चिनेजस्तो लाग्यो तर ठम्याउन सकेन। कान्तुका कपालमा स्मृति र कल्पनाको द्वन्द्व हुन लाग्यो। सोध्यो– "तेरो घर कहाँ हो नानी?"

"सिमलउचर!"

"बाबुआमा कहाँ छन्?"

"बाबु झेलखानामा मरे, आमा ऊ पर पाटीमा बिरामी छिन्।"

कान्तुको छाती ढुकढुक गर्न लाग्यो। तैपनि हो कि भनेर फेरि सोध्यो– "बाबुको नाउँ के हो?"

"जुठे।"

"तेरो नाउँ के नि?"

"सन्ते।"

कान्तुका कपालमा पानीको गाग्रो घोप्टियो। पूर्वस्मृतिले हृदय मथ्न थाल्यो। सन्ते र कृष्ण दुवै सँगै खेल्थे। सन्ते यताउताबाट सानासाना ढुङ्गा बटुलेर ल्याउँथ्यो, कृष्ण आँगनको छेउमा घर बनाउँथ्यो। कहिले दुवै जना खोल्चामा गएर सुप्लाको धारा बनाएर खेल्थे। कठैबरा एउटा साथीलाई दैवले चुँडेर लग्यो; एउटा बाटाका छेउमा बसेर एकएक पैसाका निम्ति कल्पिरहेछ।

कान्तुले एउटा मोहर झिकेर हात कमाउँदै सन्तेका हातमा राखिदियो। सन्तेको आनन्दको परवाह रहेन। यस राजपथको छेउमा बसेर माग्न लागेको कैयौँ दिन भो तर यति ठूलो दान आजसम्म कुनै दानीले दिएको थिएन।

रात धेरै गइसकेको थियो, टोलटोलका भजनमण्डलीहरू उठ्न लागे। सन्ते पनि उठेर हिँड्यो। केही फरक गरेर कान्तु पनि पछि लाग्यो। अलिबेरपछि सन्ते एउटा देवालयनजिकको भग्न पार्टीभित्र पस्यो। दियासलाई कोरेर टुकी सल्कायो अनि मुख फुटेको मटिया बोकेर पानी लिन गो। कान्तु कुनै भयङ्कर अपराधीका झैँ ढोकाका आडमा लुकेर सन्तेका दुःखी जीवनको बीभत्स दृश्य हेरिरहेको थियो। भित्तापट्टि पुरानो गुन्द्रीमा मङ्गली सुतेकी थिई; बखतबखतमा बेहोससँग प्रलाप गर्थी। अगेनाका छेउपट्टि थाङ्नामा एउटा बालक जाडोले खुम्चिएर सुतिरहेको थियो। सम्पत्तिका नाउँमा दुई– तीनवटा थोत्रा भाँडाबाहेक अरू केही थिएन। मङ्गलीका लुगाहरू सबै फुस्रो सिन्दूर दलेजस्ता थिए। कीलामा डोको-नाम्लो झुन्ड्याइराखेको थियो। डोको-नाम्लो पनि फुस्रो सिन्दूर-पोतेजस्तो थियो। यस दृष्यबाट रोगशय्यामा पर्नुभन्दा पहिले यस अनाथिनी विधवाले इँटा बोकेर बालक सन्तानका प्राणरक्षा गरेकी रहिछ भन्ने कुरा स्पष्ट हुन्थ्यो।

एकछिनपछि सन्ते पानी लिएर आयो। मङ्गलीले "बाबू, पानी खान देऊ" भनी। सन्तेले पानी खान दियो। पानी खाएपछि मङ्गली फेरि प्रलाप गर्न लागी– "गुहार! कान्तेले खोप्रामा आगो सल्काइदियो! लोग्ने डढेर मरे, छोराछोरी पिल्सिन लागेका छन्।"

रोगीको प्रलाप सुनेर कान्तेका दुवै गोडा भुइँमा गाडिए, शरीर शून्य भो, आँखा तिरमिर हुन लागे। उसका कानमा कसैले भन्यो– "पापी! यो तेरै पापको परिणाम हो!"

# बिदा

## १

अगमसिंह खत्रीलाई पुराना घरानियाँ क्षत्रीहरूसँग सम्बन्ध जोरेर आफ्नू कुलीनता बढाउनाको साह्रै रहर थियो। घरमा बढेकी छोरी पालिराखेका थिए तर विवाह गर्ने घर पाउँदैनथे। मामुली क्षत्रीलाई उनी नदिने, कुलीन क्षत्रीहरू नाकनिक गर्ने। कोही पाइहालियो भने पनि जात–खानदान भन्नु मात्र हुन्थ्यो, टाट भैसकेका, घरमा भुटिभाङ नभएका फेला पर्थे। त्यस्ता केटा प्रशस्त दाइजो नपाई विवाह गर्न मन्जुर हुँदैनथे। कतै 'विवाह गर्छौं, भात खाँदैनौँ' भन्ने प्रश्न उपस्थित हुन्थ्यो। यी अप्ठेराअप्ठेरा सवालका मारे खत्री बूढा दिग्दार थिए। आफूसमानका क्षत्रीहरू कैयौँ जना माग्न आउँथे तर बूढा कसैका कुरा सुन्दैनथे। यस कुरामा तीन-चार चोटि बूढीसँग पनि ठाकठुक भो; कैयौँ दिनसम्म बूढाबूढी नबोली बसे; तर उनी नयाँ क्षत्रीसँग प्रभाको विवाह गरिदिन मन्जुर भएनन्। आजकालका उमेरदार ठिटाठिटीहरू जातभन्दा रूप र सुशीलताको ज्यादा खायस गर्छन् भन्ने उनलाई ज्ञान थिएन। पुराना विचारका मानिस थिए, आँखाका दुईतर्फ ढकनी लागेको घोडाले केवल अगाडिको बाटो मात्र हेरेर सोझै दगुरेझैँ उनी पनि जात र कुलीनताका पछिपछि दगुरिरहेका थिए।

टोलछिमेकका छोरीबेटी सबैको विवाह भइसक्यो। कोही टुकटुक हिँड्ने छोराछोरी लिएर माइत आउँथे। कोही गह्रौँ जीउका भैसकेका थिए। तर प्रभाचाहिँ बीस वर्षको उमेर हुँदा पनि कुमारी नै थी। साथी दौँतरीहरू माइत आउँदा प्रभासँग भेट गर्न आउँथे। त्यस बेला पतिले ठट्टा गरेको कसैले नदेख्ने गरी पछिल्तिरबाट आँखा छोपिदिएको, नाडीको

घडी, चस्मा, औँठी छामेर आफूले धेरैबेरपछि चिनेको, कहिलेकाहीँ रिसाएर सुतेको बेलामा पतिले गुदगुदी लाएर हँसाएको इत्यादि कुरा प्रभालाई सुनाउँथे।

आफ्ना साथीहरूका यी प्रणयसुखहरू सुनेर प्रभा दुःखी वा सुखी के हुन्थी त्यो कुरा कसरी भनूँ? किनकि हाम्रा धर्ममा छोरीबेटीहरूलाई आफ्नो मनोभाव प्रकट गर्ने आज्ञा छैन। कहिलेकाहीँ मनको कुनै अभिलाषा प्रकट गरे भने पनि 'कस्ती उत्ताउली' भन्ने लाञ्छना लाग्छ। आफ्ना उपर जत्रोसुकै अत्याचार भए पनि मूक पशुका झैँ चुपचाप सहेर बस्नुपर्दछ। धेरै कालदेखि हिन्दू रमणीहरू आफ्ना मौनवेदनाको आँसु आफैँ पिएर बसेका छन्। त्यसै हुनाले बूढापाकाहरू छोरीको कर्मलाई 'हारेको कर्म' भन्दछन्।

गीत गाउनेहरू 'गएको जोवन बहेको पानी फर्केर आउँदैन' भन्दछन्। बैँस भरिएका बेलामा गर्न नपाएको सुखसयल पछि कैले गर्ने हो? भन्न त शास्त्रकारहरू बाँकी पापपुण्य भोग गर्नलाई पुनर्जन्म हुन्छ भन्छन् तर त्यो कुरोलाई आजकालका मानिसहरूले फट्याइँ ठहऱ्याएका छन्। कदाचित् पुनर्जन्म भएन भने यो लालसा मनको मनैमा रहने भयो। यस्तै यस्तै विचारहरू प्रभाका हृदयमा उठ्दा हुन् भनिठान्छु।

## २

प्रभा विछट्ट राम्री थी; मझौला कद, चम्पाको फूलजस्तो रङ, ठूलाठूला आँखा, सलक्क परेको नाक, चिटिक्क परेको छाती, मिलेका दाँत, लामो केश, पातलो कम्मर, मानो सिपालु कारीगरले मन लगाएर बनाएको स्वर्ण प्रतिमाजस्ती थी।

मेघदूत काव्यका महाकवि कालिदासले "वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तरस्यां" भनेझैँ बाटो घुमाउरो भए पनि आजकल सहरका रसिक ठिटाहरू प्रायः प्रभाकै घरको बाटो गरेर हिँड्न लागे। बेलुका कलेज छुटेपछि हातमा किताबको ठेली लिएर कलेजका ठिटाहरू पनि त्यही बाटो हिँड्थे। प्रभाका घरनेर आइपुगेपछि चस्मा लगाएका तृषित नेत्रले एक पटक झ्यालतिर पुलुक्क हेर्थे। कहिले प्रभा दर्शन दिन्थी, कहिले त्यसै निराश

भएर जान्थे। मेजर चन्द्रविक्रम थापाको छोरो नरेन्द्रविक्रम पनि प्रभाका घरअगाडि जुजुरत्न बाँडाका ज्यासलमा आएर बस्न थाल्यो। प्रायः बेलुकीपख सधैँ ज्यासलमा बसिरहन्थ्यो। यसैपालि आई.एस्सी. पास गरेको थियो। विवाह भएको थिएन। दाज्यू नयाँ मुलुक वनजाँचमा लेफ्टेन थिए। सिन्धुपाल्चोकतिर बेख थियो; सम्पन्न मानिस थिए। कलेजका ठिटाहरू नरेन्द्रलाई ज्यासलमा देखेर "नरेन्द्र काजी! आजकल त सधैँ ज्यासलमा देखिनुहुन्छ नि, लौ बा मोज गर्नुहोस्!" भनेर जान्थे। ऊचाहिँ आङ तानेर मुसुक्क हाँस्थ्यो।

जुजुरत्न बाँडा पनि गजबको मानिस थियो। बिट फर्केको कालो तगुवा टोपी लगाएको, मोटो, पुड्को मानिस थियो। लुगा काती दलेजस्ता थिए। भित्तामा हुक्का अड्याएर तमाखु खाँदै सुन-चाँदी पिट्दै गर्थ्यो। सडकबाट कोही चिनेको मानिस हिँडेको देख्यो भने 'तारेमाम शर्न' भनेर कराउँथ्यो। उसको ज्यासलमा बाहुन, क्षत्री, गुरुङ, मगर, घर्ती, तामाङ सारा जात गहना कमाउन आउँथे। भित्ताका किलामा सानासाना नली भएका चार-पाँचवटा हुक्का झुन्ड्याइराखेको थियो। कोही गहना कमाउन आए भने त्यसैबाट एउटा हुक्का झिकेर तमाखु खान दिन्थ्यो। हुक्का दिँदा जात मिलाएर दिनु नदिनु के गर्थ्यो, त्यो त जुजुरत्न जानोस्; तर उसले निर्णय गरेर दिएको हुक्कामा कसैले शङ्का गर्दैनथे। सुकुलमा सात पत्र धुलो जमेको थियो।

## ३

संसारमा खुसामद गरेपछि नरिझिने कोही छैन। अब प्रभा पनि बराबर झ्यालमा लुकेर नरेन्द्रलाई हेर्न लागी। केही महिनासम्म यही लोचनलाभको क्रम चलिरह्यो।

एक पटक नरेन्द्रले प्रभासँग विवाह गर्ने कुरा आफ्नी आमासित प्रकट गर्‍यो। मेजर्नी बूढीलाई नरेन्द्रको कुरा उत्ति अनुचित लागेन। केटी पढेलेखेकी राम्री थी। पाँच-सात हजारको लट्टीपट्टी पनि आउने सम्भावना थियो। त्यसो हुनाले उनले पनि दुई-चार कुरा थपथाप गरेर मेजर बूढालाई सुनाइन्।

मेजर बूढा आगो भए– "अगमेका बूढा मावलीहरू अस्तिसम्म काँधमा डाँडी हालेर हिँड्दै थिए। त्यस्ताकी छोरी बिहा गर्छ भन्ने! पाजीले खूब घरान पहिल्याएछ! रूपै हो भने दमिनी-कमिनी पनि राम्रा हुन्छन्। हाम्रो जबरे दमैकी छोरी 'सानी' कस्ती पुतलीजस्ती छे। यो अङ्ग्रेजी पढाएको पाप लागेको हो। आजकाल मानिस आँखा फुटेर छोराछोरीलाई अङ्ग्रेजी पढाउँदा रहेछन्। छोराछोरीलाई अङ्ग्रेजी पढाएपछि भ्रष्ट हुन्छन् भनेर बा भन्नुहुन्थ्यो, साँचै रहेछ। बूढापाकाले गरेको कुरा किन विस्तुर जान्थ्यो! आजकालका केटाकेटी अङ्ग्रेजी पढेर क्रिस्तानजस्ता भैसके। यिनलाई जात न भात" इत्यादि के के हो घण्टाभरसम्म फतफताइरहे।

नरेन्द्र आफ्ना कोठामा बसेर यो जातीय व्याख्या सुनिरहेको थियो। उसका विचारमा बाबुका एउटा कुरा पनि युक्तिसङ्गत थिएनन् सबै रूढिवादी थिए। संसारका सभ्य मानिसहरू रूप र गुणको कदर गर्छन्। रूप र गुणको निमित्त संसारका बडेबडे यशस्वी सम्राट्हरूले उदय-अस्तको राज्य त्यागिदिए। जात भनेको शक्तिवान् सम्पत्तिवान्हरूले अशक्त गरिबहरूलाई हेला गर्दागर्दै आफसेआफ बन्न गएको एउटा श्रेणी मात्र हो।

\+ + +

आज झिसमिसैदेखि टोलका आइमाईहरू धारामा कानेखुसी गर्न लागे। केही कालसम्म कुरा नारीमण्डलीमा मात्र रह्यो। त्यसपछि त्यो नयाँ समाचारको लहर पुरुषमण्डलीमा पनि आइपुग्यो। बिचरा खत्री बूढा लाजले पानी भए। बूढी बुइँगलमा बसेर रुन लागिन्। बूढा कोठा थुनेर रुन लागे। बूढीका रुवाइमा स्नेहको मात्रा ज्यादा थियो, बूढाका रुवाइमा लाञ्छनाको अंश बढी।

बूढा सधैँ बागमती नुहाउन जान्थे, आज लाजका मारे घरबाट बाहिर निस्केनन्। टोलका मानिसहरू यस नयाँ घटनाको आलोचना गर्न लागे– "उमेर पुगेकी छोरी घरमा पालिराखेपछि त्यस्तै हुन्छ!"

“बडो जातघरान खोज्ने भएका थिए, स्वाद पाए!”

टोलमा दिनभर यही कुराको चर्चा चलिरह्‍यो। यो खबर मेजर बूढाले पनि सुने। उनलाई बेग्लै चिन्ता पऱ्यो। नरेन्द्रले प्रभालाई घरमा ल्याएको थिएन, त्यसो हुनाले प्रकटमा त केही भन्न सकेनन्। तर मनमनमा यो पक्का पनि नरेन्द्रकै काम हो भनी ठाने। नरेन्द्रको बिहा गर्नलाई धुइँधुइँती कन्या खोज्न लागे।

४

सानू कोठा थियो। सडकपट्टिका दुवै झ्याल बन्द थिए। कुनै निर्वासित अपराधीका झैँ प्रभा भित्र एक्लै बसेकी थी। उसका हृदयमा पश्चात्तापको भयङ्कर आँधी चल्न लाग्यो। भागेको कुरा टोलछिमेकमा थाहा भैसक्यो होला। मानिसहरू हजारौँ किसिमका कुरा गर्दा हुन्। धारामा पँधेर्नीहरू उत्तिकै गिल्ला गर्न लागेका होलान्। घरमा कोलाहल मच्चिएको होला। बाबुका जोरीपारीहरू तिघ्रा ठटाएर हाँस्दा हुन्। अब कसरी मुख देखाउनु? लोग्नेका घरमा पनि पो किन जान पाइएला र? बाजा बजाएर ल्याएकी स्वास्नी पो घरकी रानी हुन्छे। चोरेर ल्याएकी भुत्रीको के भाउ? परमेश्वर! हिजोसम्म मेरो कत्रो इज्जत थियो! आज समाजका दृष्टिबाट कसरी गिरेँ! के गरूँ? आफ्नै बुद्धि नपुगेको हो, कसलाई दोष दिऊँ?

उसलाई हिँड्दाहिंड्दै अचानक चिप्लेर लडेजस्तो लाग्यो। जीवनमा सधैँका निमित्त दुःखले पाइलो हालेजस्तो मानी। सारीका छेउले मुख ढाकेर धेरै बेरसम्म रोइरही। केहीबेरपछि नरेन्द्र आयो। रुँदारुँदा प्रभाका आँखा राता भएका थिए। आँसु पुछ्दै भनी–
“अर्काकी छोरीलाई चिन्नु न जान्नु यस्ता ठाउँमा ल्याएर अलपत्र पार्ने!”

“प्रिये, मैले मात्र होइन, सहरका ठूलठूला मानिसले पनि बजारमा डेरा लिएर स्वास्नी राखेका छन्। अलि हल्ला शान्त भएपछि घर जाउँला!”

जत्रोसुकै दुःख पनि दिनदिनै सह्य हुँदै जाँदो रहेछ। प्रभाले पनि अलिअलि गरेर हृदयवेदना बिर्सँदै गई। माथिल्लो तलामा घरधनी बूढी बसेकी थी। मानिसहरू उसलाई धाईआमा भन्थे। अघि लालदरबारमा धाई थी अरे। लोग्ने बजिरिस्तानका लडाइँमा मरेछन्। एउटी छोरी रहिछ; त्यो पनि पोर सालका हैजामा खसिछ। बिचरी एक्लै काल पर्खिरहेकी थी। घरमा धन्दा गर्ने एउटी नोकर्नीबाहेक अरू उनाउ मानिस कोही थिएन। बिस्तारबिस्तार प्रभाको उनीहरूसँग पनि हेलमेल भो। नरेन्द्र सधैँ साँझमा आउँथ्यो, तोप चल्ने बेलासम्म बसेर जान्थ्यो।

## ५

फागुनको महिना थियो। सहरमा विवाहको धूमधाम थियो। उज्यालो भएदेखि राति तोप चल्ने बेलासम्म सडकबाट बाह्र-पन्ध्रवटा बरियाँत जान्थे। पाँच बजेको हुँदो हो, सडकमा कवाज खेलेर आएका पल्टनियाँ सिपाहीहरूको घुइँचो थियो। काँठतिरका दाउरा बेच्ने आइमाईहरू देवलमा भारी बिसाएर मकै खान लागेका थिए। प्रभा धाईआमाका कोठामा बसेर कपाल बाट्न लागेकी थी। त्यस्तैमा पर सडकमा बिहाको बाजा सुनियो। प्रभा, धाईआमा सबै जना झ्यालबाट बरियाँत हेर्न लागे। बरियाँत बिस्तारबिस्तार प्रभाकै डेरातर्फ आयो। बरियाँत सजिसजाउ थियो। अघिअघि बाजा, त्यसपछि झल्लरी छाता ओढाएको कलसेउलीको मोटर, त्यसपछि दुलहादुलहीको मोटर, त्यसपछि घोडचडी बरियाँती, त्यसपछि पैदल बरियाँती, राम्रो प्रोसेसन मिलाएर ल्याएको थियो। बरियाँत प्रभाका झ्यालअगाडि आइपुगेपछि उसले मनैले नचिताएको दृश्य देखी। दुलाहा नरेन्द्र रहेछ। उसका बायाँपट्टि केही निहुरेर दुलही बसेकी थी।

प्रभाका आँखा तिरमिर भए, उसको मुटु कसैले चुँडेर तान्न लागेजस्तो भो। गोडामुनिको भुइँ अलिअलि गरेर तलतिर भासिन लाग्यो। सामुन्नेका घर देवलहरू रिँग्न लागे। मुख सुकेर आयो। झ्यालको डन्डी समाएर भरसक उभिन खोजेकी थी, केही लागेन। बतासले हल्लाएको रूख ढल्दाझैँ बङ्ग भुँइमा ढली।

दोजिया थी, मुख नीलो भएर आयो। दाँत बाँधी, धाईआमा आँत्तिई। हत्त र पत्त प्रभाका मुखमा पानी छ्यापेर दाँत उघारिदी। धेरैबेरपछि बल्ल प्रभाको होस फिऱ्यो, धाईआमाले गहभरि आँसु पारेर भनी– "एक चोटि त अँत्याइहाल्यौ बा! अब कस्तो छ?"

"यस छातीका पुर्जाहरू जल्न लागेका छन् आमा, साह्रै प्यास लागिरहेछ, अलिकता पानी खान दिनुहोस्।"

पानी खाइसकेपछि प्रभाले लामू सास फेरेर भनी– "आमा आँखालाई धोका भएको त होइन?"

"होइन बा होइन, साँच्चै हो!"

तीन-चार दिनपछिको कुरा हो। आधा दिनसम्म प्रभाका कोठाको ढोका उघारिएन। धाईबूढीले गएर घच्याटेको, आग्लो लगाएको रहेछ। उघारेर हेरेको प्रभा रहिनछ।

## ६

एक दिन बेलुका नरेन्द्र कुनै भयङ्कर अपराधीझैँ बिस्तारै तलामा उक्ल्यो। कोठामा यामानको भोटे ताल्चा लाइराखेको रहेछ। ताल्चा मारेको देख्नेबित्तिकै उसको होस उड्यो। माथिल्लो तलामा गयो। धाईबूढी धमिलो बत्तीको प्रकाशमा पात गाँस्न लागेकी रहिछ। धेरै दिनबाद अचानक नरेन्द्रलाई देखेर धाईबूढीले भनी– "आज कसरी बाटो बिराउनुभो, काजी?"

नरेन्द्र खिस्स हाँस्यो। तर उसको आकृतिमा हँसाइको भन्दा रुवाइको अंश बढी थियो। सोध्यो– "धाईआमा, प्रभा कहाँ गई?"

"कहाँ गई, कहाँ गई बा! केही थाहा भएन। अस्ति बरियाँत आएको दिन यहाँ मूर्छा परी। धेरैबेरपछि बल्ल बिउँझाएँ। त्यस रात भोकै सुती। त्यसपछि ढोका ढप्काएर कोठामा एक्लै बसिरहन्थी। अस्ति रातिसम्म कोठैमा थी। हिजो आधा दिनसम्म ढोका उघारिन। गएर घच्याटेको, आग्लो लाएको रहेछ। उघारेर हेरेको कोठामा रहिनछ। मालताल केही पनि लगेकी छैन। अस्ति दिउँसो पहाडतिरका दुई जना माईहरू भिक्षा माग्न आएका थिए रे, कोठामा बसेर धेरैबेरसम्म माईहरूसँग कुरा गरिरहेकी थी अरे। साँझसम्म बाटो हेरेको आइन। बिचरी कहाँ गइहोली? दोजिया थी, कठैबरा! कालो बादलले नपाएको दुःख पाउने भई!"

नरेन्द्रले गहभरि आँसु पारेर भन्यो– "आमा मैले प्रभालाई हेला गरेर बिहा गरेको होइन। के गरूँ? करमा परेपछि के लाग्दो रहेछ! अघि पनि प्रभा मसँग चित्त दुखाएको कुरा गर्थी कि?" "अघि त चित्त दुखाएको कुरा केही गर्दैनथी बा! एक महिना जति भयो; एक दिन कोठामा एक्लै रोइरहेकी रहिछ। 'नियास्रो लाग्यो कि नानी?' भनेर सोद्धा लागेको छैन आमा। बाबुआमाको काख छोडेर कैदीझैँ जीवन बिताउनुपरे पनि देवताजस्तो लोग्ने पाएकाले सबै दुःख बिर्सेकी छु भन्थी।"

नरेन्द्रले लामू सास फेरेर बर्र आँसु झार्‍यो।

चार-पाँच महिनापछि नरेन्द्र कलकत्ता मेडिकल कलेजमा गएर भर्ती भएको थियो। त्यसका दुई वर्षपछि पढ्न छाडेर गङ्गासागर गएर फर्केका एक जना महात्मासँग हरिद्वारतिर हिँड्यो भन्ने चिठी आयो।

७

दुईतिर अग्लाअग्ला पहाड थिए। त्यसका काखको मैदानमा एउटा सानो बस्ती थियो। बस्तीका बीचमा मूल बाटो थियो। बस्तीका छेउमा एउटा कुटी थियो। कुटीअगाडि मन्दिर र मन्दिरको बगलमा पाटी थियो। कुटी, मन्दिर, पाटीहरू बहुतै सफासुघर थिए। तल

एउटी विशाल नदी बहेकी थिइन्। कुटीमा एउटी बूढी माई र एउटी युवती बसेका थिए। युवतीलाई बूढीमाई 'भक्तिशीला' भनेर बोलाउँथिन्। युवती राम्री थी। पीत वस्त्र लाएकी, जुरो बाटेकी, ललाटमा सेतो ऊर्ध्वतिलक धारण गरेकी, कुनै त्यागी तपस्विनीजस्ती देखिन्थी। तर उसका मुखमण्डलबाट उत्कट वेदना र भीषण नैराश्य झल्किरहेका थिए।

झमक्क साँझ पऱ्यो; झ्याउँकीरी कराउन लागे। खोलापारिको गाउँमा ठाउँठाउँमा आगो बलेको देखियो। पाखातिर कहीँकहीँ किसानहरू ग्रामीण गीत गाउन लागे। तल नदी अविरल गर्जन गर्दै थिन्। पहिलो साँझमा त्यो दुई पर्वतको बीचको सानू पुरी मानौ शान्तिको निवासस्थानजस्तो देखियो।

त्यस निस्तब्ध सन्ध्यामा एउटा युवक पथिकले कुटीअगाडि आएर मधुरो स्वरले भन्यो– "भक्ति आमा! बास पाइन्छ कि?"

युवक सुन्दर थियो, उसका पहिरन अनुहारबाट कुनै भलाद्मीजस्तो देखिन्थ्यो तर साह्रै बिरामी थियो। एकछिन उभिन पनि उसलाई मुस्किल परेजस्तो देखिन्थ्यो।

युवतीले बालक काखमा लिएर कुटीका द्वारमा आएर युवकसँग सोधी– "कहाँबाट आउनुभो, परदेशी?"

"तीर्थ गर्दै आएको, साह्रै बिरामी छु, जरो आइरहेछ, साँझका पाहुनालाई बास दिनोस् माई! धर्म होला!"

बिचरा परदेशीले एकै पटक सोधेभन्दा धेरै जबाफ दियो। परदेशीलाई देख्नेबित्तिकै किन हो कुन्नि युवती आत्तिएर कुटीभित्र पसी। एकछिनपछि बूढीमाईले परदेशीलाई पाटीमा लगेर राखिन्। परदेशी बिछ्याउनामा पल्ट्यो। त्यसको केहीबेरपछि युवती एक हातमा बत्ती र एक हातमा दूधको कचौरा लिएर पाटीमा आई। परदेशीको निधार छामी। साह्रै जरो चढेको रहेछ। परदेशीको दीनहीन अवस्था देखेर युवती अर्कापट्टि फर्केर रुन

लागी। त्यस मधुरो बत्तीको धमिलो प्रकाशमा यी दुई जना दुःखी प्राणीहरू करुणा र वेदनाका प्रतिमूर्तिजस्ता देखिए।

परदेशीको केही खाने इच्छा थिएन तर युवतीले साह्रै आग्रह गरी। उसले नारीको त्यो स्नेहमय पवित्र आग्रहलाई उपेक्षा गर्न सकेन, धेरैबेरपछि दूध पिएर सुत्यो। अघि अतीत कालमा एउटी आत्मीय रमणी पनि उसलाई यस्तै स्नेहमय मधुर आग्रह गरेर कर लगाईलगाई खुवाउँथी। युवतीले रातभर रोगीको सिराननेर बसेर सेवासुश्रूषा गरिरही।

भोलिपल्ट बूढीमाईले राति परदेशीसँग एक्लै बस्ने भनेर खै गरेकी थिइन। यवतीले भनी– “दुःख पाएका परदेशी रहेछन् आमा, दया लागेर बसेकी।”

चार-पाँच दिनसम्म परदेशीलाई जरो चढ्दै गयो। बिचरा जरोका मारे बेहोस थियो। भक्तिशीला साह्रै मन लगाएर सुश्रूषा गर्थी। त्यसपछि परदेशीको जरो अली उत्र्यो।

एक दिन भक्तिशीला बाहिर गएकी थी। परदेशीका नजिकमा बूढीमाई थिइन्। परदेशीले बूढीमाईसँग सोध्यो– “माईआमा! भक्तिशीला को हुन्?”

“पूरा परिचय त मलाई पनि थाहा छैन बाबू! तीन-चार वर्ष भो नेपालतिरबाट दुई जना तीर्थवासी माईहरूका साथमा आएकी थी। उस बखत गह्रौँ जीउकी थी। आएपछि छोरो पाई। पछि यहीँ बस्छु भनी। परार रामनवमीमा मैसँग गुरुमुख भई। ‘माइती नेपाल हो, धनीकी छोरी-बुहारी हुँ, लोग्नेले हेलाँ गरेर सौता हालेकाले भागेर आएकी’ भन्थी। मलाई एक्लै देखेर परमेश्वरले साथी पठाइदिएजस्तो लागेको छ, बा!”

“भक्तिशीलाको चरित्र कस्तो छ, माईआमा?”

“यिनै तल बगेकी गङ्गाको जलझैँ निर्मल छ, बा! सम्पूर्ण गीता कण्ठ गरेकी छ, सबै व्रत लिन्छे। दिनहुँ गङ्गा नुहाउँछे। कोही दुःखीदरिद्री देख्यो भने आफू भोकै बसेर

उनीहरूलाई खुवाउँछे। त्यो सानो छोरालाई पनि गीताजीका धेरै श्लोकहरू मुखाग्र गराएकी छे। स्वर्गकी देवी हो बा! बाटो बिराएर पृथ्वीमा आइछ!”

परदेशीले लामू सास फेर्‍यो। प्रभासँग प्रेम गर्न लागेदेखि अहिलेसम्मको सारा दृश्यहरू सिनेमाका चलचित्रझैँ उसका साम्ने नाच्न लागे।

+ + +

भोलिपल्टको कुरा हो। परदेशी सधैँ सबेरै उठ्थ्यो। आज पनि झिसमिसेमा उठ्यो। सिरानमा एउटा चिठी रहेछ। हस्ताक्षर प्रभाका थिए। धेरै दिनका बाद अचानक प्रभाका हस्ताक्षर देखेर उसको आश्चर्यको सीमा रहेन। खोलेर हेर्‍यो, लेखेको रहेछ–

हृदयेश्वर!

दर्शन पाएँ, दासीको जीवन सफल भो प्रभो! यो अनाथ सन्तान जिम्मा लाउने मानिस नपाउँदा दुःख र वेदनाका ज्वालामा जलिरहेकी छु। आउनुभो, छोरो जिम्मा लिनुहोस्। वेदना असह्य भइसकेको छ नाथ! मलाई अब यस दुःखका समुद्रबाट विश्राम लिन दिनुहोस्। जीवनमा केही भुलचुक भएको भए अज्ञानी भनेर क्षमा गर्नुहोला! छोरो ठूलो भएपछि तेरी दुःखी आमा यसरी मरी भनेर सुनाइदिनुहोला। बिदा! बिदा!! बिदा!!!

चिरदासी
प्रभा

पत्र पढ्नेबित्तिकै नरेन्द्रको सास बढेर आयो। उसलाई अचानक एउटा ठूलो पहाड खसेर थिचेजस्तो लाग्यो। दौडँदै नदीका डिलमा गएर कम्पित किन्तु ठूलो स्वरले बोलायो– “प्रभा…!”

उषाकालीन शान्तिलाई भङ्ग गरेर एक पटक सारा पर्वतकन्दराहरूले पनि “प्रभा... !” भनेर चिच्च्याए। अनि तल नदीका तीरबाट कसैले अस्फुट क्षीण स्वरले उत्तर दियो “हजुर... !”

“हेला गरेको छैन प्रिये, उत्तिकै माया गर्दै छु! आज तीन वर्षदेखि तिम्रै वियोगमा विक्षिप्तजस्तो भएर घुमिरहेको छु रानी !”

नरेन्द्र रुँदै नदीका तीरमा पुग्यो। हेर्दा प्रभा त्यो विशाल नदीको बीच प्रवाहमा डुब्दै-उत्रँदै गर्न लागेकी रहिछ। उसका ललाटको सेतो तिलक अझ देखिँदै थियो।

# परालको आगो

१

चामेकी स्वास्नी गौँथली साह्रै मुखाले थी। राम्रा मुखले बोल्यो भने पनि बाङ्गाबाङ्गा कुरा झिकेर निहुँ खोज्थी। दुई-चार दिन बिराएर सधैँ लोग्नेस्वास्नीको झगडा हुन्थ्यो।

एक दिन बेलुका चामे हलो जोतेर घर आएको, गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ। दिनभरि जोतेर आएको, भोकले लखतरान थियो। हलोजुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो, मास्तिरबाट गौँथली आइपुगी। गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भो। भात पकाउनु त परै जाओस्, यस बेलासम्म अगेनामा आगो पनि फुकेको थिएन। हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी। चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो।

दर्कनदर्कन लागेको बादलझैँ चामे पिँढीमा धुमधुमती बसेर तमाखु खान लागेको थियो। गौँथली काखीमा गाग्रो चेपेर आइपुगी। गौँथली ढोकाभित्र पस्न लागेकी थिई, “राँड, दिनभर जन्तीसँग आँखा झिम्क्याएर बसी, यति बेला स्वाङ पार्छे” भनेर एक लात हिर्कायो। गौँथली ढुनमुनिँदै सँगारमा लडी। गाग्रो फुटेर ढोकामा पानी छताछुल्ल भयो। गौँथली खवटाहरू टिपेर आँगनतिर फ्याँक्न लागेकी थी, “मेरा घरमा एकछिन नबस्, जहाँ जान्छेस् जा!” भनेर चामेले फेरि गौँथलीको चुल्ठो समाएर घिसार्दै आँगनमा पुर्‍यायो।

अलिकति आफ्नु बिराम थियो; त्यसो हुनाले पहिले लात्तीले हान्दासम्म त गौँथली बोलेकी थिइन, तर पछिबाट जब चुल्ठो समाएर घिसार्दै आँगनमा पुर्‍यायो अनि गौँथलीले

मुख छोडी– “कोर सल्केको हात, बाबुआमा राँडाराँडीका आँखा फुटेर कसाईका हातमा सुम्पे, यस्ता कङ्गाली मोराकी जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती!”

“राँडले आफ्नो बाबु त खूब धनाढ्य छ भनिठानेकी होली। गाउँलेको हलो नजोते साँझसबेर खान पुग्दैन, माइतीको धाक लाउँछे!” भनेर एक लात फेरि कस्यो।

गौँथली कङ्कलाशब्द गरेर रुन लागी। गाउँका सारा केटाकेटीहरू तमासा हेर्न कान्लामाथि आएका थिए “मोराहो, यहाँ केको रमिता छ र हेर्न आएका?” भनेर चामेले लौरो लिएर लघाऱ्यो। केटाकेटीहरू हाँस्दै मास्तिर भागे।

गौँथली रुँदै थिई, चामे पिँढीमा गुन्द्री ओछ्याएर सुत्यो।

२

भोलिपल्ट बिहान चामे हलो-गोरु लिएर भोकै बेँसीतिर हिँड्यो। बेलुका घर आएको, गौँथली रहिनछ। छिमेकीसँग सोधेको, दिउँसो लुगाफाटो बोकेर माइततिर हिँडी भन्ने कुरा सुनाए।

यति बेलासम्म भैँसी आँगनमा रहेछ। चामेलाई देखेर ‘वाइँ’ गऱ्यो। भैँसीलाई घाँस हालेर पाडो छोडिदियो। एकछिनपछि गबुआ लिएर दुहुन बस्यो। पहिले त दुई-चार सिर्का दिएको थियो; पछि चामेलाई लात्तीले हानेर बुरुक्क उफ्र्यो। चामे गोबरमा उत्तानु पऱ्यो। गबुआ तीन हात पर पुग्यो। चामेका इस्टकोट, कछाड सारा लुगामा गोबर लाग्यो। भित्तामा मुठीभरिको लाठो ठड्याइराखेको थियो, टपक्क लाठो टिपेर दुई चोट के हानेको थियो भैँसी दाम्लो छिनाएर उफ्रँदै कोकलेका मकैबारीमा पस्यो। चामे ‘च्व च्व’ गरेर समाउन खोज्थ्यो, भैँसीचाहिँ तर्सेर यो छेउबाट ऊ छेउ, ऊ छेउबाट यो छेउ गरेर कुद्न थाल्यो। भर्खर गोडेका मकै सारा सोत्तर भए। कोकलेकी आमा आँगनका डिलबाट सराप्न थाली– “चामे मोराको बाँझो होस्! मोरालाई छेरौटीले लान नसकेको! हिजो स्वास्नी कुट्यो, आज भैँसी कुटेर अर्काको वर्षदिन खाने कमाइ बिगारिदियो! कसैको

नभाको रिस! बजियाले बहादुरी देखाएको होला! पोहर धनवीरेले लात्तीले खाँदेथ्यो र बर्खाभरि थला परेथ्यो, बलियो छ भन्दो हो! परचक्रीलाई कुट्न सक्ने पो सक्ने; आफ्नी स्वास्नी, कीलामा बाँधेका बस्तुलाई कुट्ने के कुट्ने! साँझ पर्‍यो कि एउटा न एउटा बिठयाइँ गरेर गाउँमा खल्ल र बल्ल पार्छ।"

धनवीरका घरमा बिहाको भोज थियो। गाउँभरिका केटाहरू जाँड खाएर चूर थिए। कोकले मारुनी भएर मादल बजाउँदै नाच्तै गर्न लागेको थियो। अरू केटाहरू कोकलेका स्वरमा स्वर मिलाएर गाउँदै ताल दिँदै गर्न लागेका थिए। त्यस्तैमा बहिनीचाहिँ आएर मकैबारीमा चामेको भैँसी पसेको कुरो सुनाई।

कोकले मारुनीको लहँगै सुद्दा दौडँदै मकैबारीमा पुग्यो। कोकलेको पोसाक देखेर भैँसी झन् ठाडो पुच्छर लाएर कुद्न थाल्यो। बाँकी रहेका दुई-चार बोट मकै पनि स्वाहा भए। मकै सोत्तर पारेको देखेर कोकले आगो भो। चामेका गालामा कसेर दुई थप्पड लगायो। बिचरो चामे केही बोलेन। आधा राततिर बल्लबल्ल चार-पाँच जना भएर भैँसी धपाएर ल्याए।

३

भोलिपल्ट बिहान चामे पँधेराबाट काँधमा पानीको गाग्रो बोकेर आउन लागेको थियो। मास्तिरबाट जुठे दमैकी स्वास्नी झरी। जुठे दमैसँग चामेको साह्रै मेल थियो। जुठेकी स्वास्नीलाई चामे भाउज्यू भन्थ्यो। चामेले पानी बोकेको देखेर जुठेकी स्वास्नीले हाँसेर भनी– "आय्यू...! लोग्नेमानिसले पानी बोकेको कति नस्वाएको!"

"के गर्नु भाउजू! राँडलाई माइततिर गाडिहाले, आफूले नबोकेर कसले बोकिदिन्छ?"

"कुट्न थालेपछि आँखा नदेख्ने, बिचरी नभागेर के गरोस्?"

"आफ्ना मुखले, छुराजस्तो मुख छ अनि नकुटेर के गर्नु?"

"मुखाले भएको अलिकति कुटेरै पनि हो ब्यारे!"

"चुप लाग! पोर दशैँमा जुठे दाइले एक चोटि तिमीलाई कसरी कुटेथे! खोइ त एक वचन फर्कायौँ?"

"अँ.... एक चोटि भन्छौ, अहिले पो भक्ति भइरहेछन्, अघिअघि त नकुटेको दिनै हुँदैनथ्यो! बेलुका भोटे गाउँतिरबाट जाँड खाएर आए, अनि एउटा निउँ झिकेर कुट्न थाल्थे, झन् चाडबाडको दिनमा त के भन्नु! दुई-चार दिन झरीबादल भो कि आजकाल पनि जीउ दुख्छ। तर आफूले त यो उमेर भो, कहिल्यै मुख फर्काएको थाहा छैन।"

"हो त नि, के कुटेर मुखाले भएकी भन्छ्यौ त? तिम्राजस्तो सुबान भए पूजा गरेर राख्ने थिएँ!"

"जे भए पनि स्वास्नी जैरीसँग टेक गरेर हुँदैन, कति दिन पानीपँधेरो गरेर बस्ने? भोलि नै लिन जाऊ!"

"ज्ञान जानेर आउँछे भने घर छँदै छ, लिन त पोडे भए जाउँला!"

चामे बाँकटे भोटोमाथि इस्टकोट लगाएको, तेर्सो कछाड कसेको, मयल टल्केको कालो टोपी लाएको, दुई आँखीभौँका माझमा सिन्दूरको टीको लाएको, काँधमा पानीको गाग्रो बोकेको, जुँगाको रेखी बसेको, कालोकालो एक छाँटको देखिन्थ्यो।

## ४

एक दिन बिहान चामे पिँढीमा बसेर सोतेमा तमाखु खान लागेको थियो। मास्तिरबाट जुठे दमै झऱ्यो। अघिअघि छोरो बोकेर जुठे आइरहेको थियो। पछिपछि लुगाको सानो कुटुरो काखी च्यापेर स्वास्नी आउन लागेकी थी। चामेलाई देखेर जुठेले हाँसेर भन्यो– "के मेलो छ कान्छा?"

"बसिबसाउ छ दाइ!"

"स्वास्नीलाई माइत धपाइहालिस्। अब एक्लै मोज गर् बस्।"

जुठेका लोग्नेस्वास्नीको खूबै पिर्ती थियो। जुठे सधैँ स्वास्नीलाई लिएर माझी गाउँतिर लुगा सिउन जान्थ्यो। बाटामा लोग्नेस्वास्नी घरगृहस्थी दुःखसुखका कुरा गर्दै जान्थे, बेलुका पनि कुरा गर्दै फर्कन्थे। राति आँटमा दियो राखेर जुठे विराट्पर्वको सिलोक हाल्थ्यो। स्वास्नीचाहिँ जुठोचुलो गर्दै सिलोक सुन्दै गर्थी। कहिलेकाहीँ जुठे बिरोमी भो भने स्वास्नी गाउँमा धामीझाँक्री खोज्दै हिँड्थी। विष्टहरूकाँ लुगा सिउन जाँदा कहिलेकाहीँ जुठे स्वास्नीसँग ठट्टा गरेरै किक्लिक्क घिच्रो तान्थ्यो अनि यसो अरू मान्छेपट्टि हेरेर आँखा झिम्क्याउँथ्यो। स्वास्नीचाहिँ– "अ... बूढो हुँदा पनि ठट्टा गर्ने बानी नगएको!" भनेर अर्कापटि फर्केर हाँस्थी।

जुठे चोखीनीति पनि गर्थ्यो। बिहानै धारामा गएर नुहाउँथ्यो। नुहाइसकेपछि पँधेर्नीहरूले लुगा पकाएको ठाउँको खरानीको बिगुत लाएर 'विद्युत्‌को सरी रूप लिई गगनमा उड्नुभयो झट् तसै' भन्ने स्तोत्र पाठ गर्थ्यो।

जुठेका गृहस्थी जीवनसँग आफ्नू जीवनको तुलना गरेर चामे बहुतै दुःखी हुन्थ्यो। जुठेकहाँ खानपिन गरेर विराट्पर्व पढ्ने बेलामा आफ्ना घरमा रुवाबासी चल्छ। जुठेका लोग्नेस्वास्नीको त्यस्तो मायापिर्ती छ। दुःखसुखका कुरा गरेर सँगै हिँड्छन्। आफ्नी स्वास्नीचाहिँ झगडा गरेर माइततिर हिँड्छे। बिहा भएको यतिका दिन भैसक्यो, कहिल्यै राम्रा मुखले बोलेको थाहा छैन। फेरि, एउटा भएको भैँसी पनि नजिक पर्न दिँदैन! आफू त माइत गई गई, भैँसीलाई पनि एकहाते पारेर गई। यस भैँसीले गर्दा गालामा कोकलेको लबटो पऱ्यो। भीरबाट घच्याड्दिऊँ भने साउको डोको; भोलि आएर साउले बाँध्छ। आफूले जुठोचुलो नगरे भोकै बस्नुपर्छ। यस्तो छुसी जिन्दगी बिताउनुभन्दा खरानी घसेर हिँड्नु जाती। तर, खरानी घसेर पो के गर्नु र दश घरका कुकुर नभुकाए खान पाइँदैन। उसमा पनि आजकाल फेटा गुथेका मोटाघाटा जोगी देख्यो भने 'कोदाली खन्नाको

गाहाराले जोगी भएको' भनेर मानिसहरू गिल्ला गर्छन्। पाटीको बास हुन्छ। बेरामी परियो भने एक मुठी पानी खान दिने मानिस हुँदैन। अर्काले भनोस् कि नभनोस् आफैं 'नमोनारायण बा!' भनेर बिगुत लाइदिँदै हिँड्दै गर्छन्। ठूलठूला झोला भिरेर खलाखलामा चहार्छन्। यो पनि उही संसारका रापले पोलेका बेलामा टाढाबाट झलक्क हेर्दा अलि शीतलजस्तो लागेको मात्रै हो।

५

पहिले आठ–दश दिन त चामे गौँथलीको नाउँ लिँदा पनि झम्टला भनेजस्तो गर्थ्यो। तर पछिपछि अलि शून्य मान्न लाग्यो। विचार गऱ्यो– मुखाले भए पनि सारै जाँगरिली थी। मन लाएर एक भारी घाँस ल्याई भने भैँसी डम्म अघाउँथ्यो। बिहान-बेलुका एक गाँस पकाएर खान दिन्थी। ऊ गएदेखि तीन-चार दिन भात खाएँ हुँला, नत्र भने खाली भुटेको मकैका भरमा छु। ऊ हुन्जेल भैँसीले ट्यामट्याममा दूध दिन्थ्यो। आफैँ दुहुन्थी। ऊ गएदेखि बिच्केको बिच्क्यै भो। सबै जना डाकेर ले भन्छन्। जुठे दाइकी स्वास्नी पनि त त्यसै भन्थिन्। आए आउली, नआए नआउली, एकपटक लिन जानै पऱ्यो।

भोलिपल्ट बिहान भातसात खाएर चामे ससुराली जान तयार भो। सन्दुकबाट पनेलाको दौरा-सुरुवाल झिकेर लगायो। टोपीमाथि गौँथलीले तमाखुको पोको राखिदिएकी रहिछ, कस लागेछ, कच्याककुचुक पनि भएछ। चामे रिसाएर फतफताउन थाल्यो– "राँडीको ढङ्ग हेर, माल पाएर के गर्नु, चाल पाए पो हुन्छ! आफ्ना बाबुबराजुले बिर्के टोपी लगाएको भए पो थाहा पाउँथी! बाबु खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पारेर हिँड्छ, छोरी किन गतिली हुन्थी! बाहुनले च्याउ खायो न स्वाद पायो!" एकछिन फतफताएर तानतुन पारेर टोपी लायो। इस्टकोट अर्को थिएन। उही पुरानू लायो। एउटा ओढ्नेको कुटुरो पिठ्यूँमा छड्के पारेर बाँध्यो र हातमा एउटा झुत्रो छाता लिएर हिँड्यो।

चामे ससुरालीका घरमुन्तिर चौतारामा बसेर पसिना पुछ्न लागेको थियो, गाउँदेखि माथि वनको छेउमा घाँसको भारी बिसाएर गौँथली गीत गाउन थाली– "उडी जाऊँ भने म

पन्छी होइन, बस्न त मन छैन।”

चामे मुरमुरियो– “घाँस खान नपाएर भैँसीको पेट गाइनेको सारङ्गीजस्तो भैरहेछ, रााँड यहाँ बसेर वन रन्काउँछे।”

\+ + +

एकछिन चौतारामा थकाइ मारेर चामे बिस्तारै उकालो लाग्यो। चिलाउनेका बोटनेर पुगेपछि चामेका गोडा अलि गह्रौं भए। सासू-ससुराले केही भन्छन् कि भनेर कुस्तुर थियो। बिस्तारबिस्तार तगारोनेर पुग्यो। सासू जुठ्यानमा बसेर ताप्के मस्काउन लागेकी रहिछ। ससुरो पिँढीमा बसेर तमाखु खान लागेको थियो। सासूलाई देखेर चामेले हात जोरेर ढोगिदियो। सासुले पनि जुठै हातले ढोग फर्काई। चामे पिँढीमा बस्यो। ससुरो हुक्कानली चामेका हातमा दिएर ढोगिदिन निहुरेको थियो, चामेले गोडा जोरिदियो।

एकछिनपछि घाँसको भारी लिएर गौँथली आइपुगी। पनेलाको चोलो, छिटको फरिया लाएकी, फरियाको गुल्थो खुम्च्याएर पटुका बाँधेकी, हातमा बाला, घाँटीमा प्वाँलो लाएकी, पुष्ट छाती भएकी, निधारमा सिन्दूरको ठूलो टीको लाएकी, कपालमा गुराँसको फूल सिउरेकी, अलिअलि साँवलो वर्णकी निकै राम्री देखिन्थी। गौँथलीको त्यो मनोहर रूप देखेर चामे तृप्त भो। घरमा साक्षात् गृहलक्ष्मीले प्रवेश गरेजस्तो मान्यो।

साँझ परेपछि गौँथलीले आएर चामेका गोडामा ढोगिदी। चामे गद्गद् भो। आज उसको हृदयमा गौँथलीलाई समातेर हजारचोटि चुम्बन गरूँ भनेजस्तो लाग्यो। समाउनलाई हात लम्काएको थियो; गौँथली हात पन्छाएर घरभित्र पसी।

भातसात खाएपछि चामेलाई पिँढीमा ओछ्यान लगाइदिए। चामे ओछ्यानमा पल्ट्यो। तर उसका आँखामा निद्राको लेश थिएन। ऊ केवल गौँथली आउँछे कि भनेर बाटो हेरिरहेको थियो। सबैले खाए। जुठोचुलो गरे। एकछिनपछि को हो कुन्नि बत्ती

लिएर चोटातिर गो। त्यसपछि कसले हो कुन्नि दैलो ढप्काएर आग्लो लायो। चामे दङ्ग पऱ्यो।

चामेका मनमा कुरा खेल्न लागे। हरे! त्यो दिन बिचरी गौँथलीलाई किन कुटेँ हुँला? स्वास्नी मानिसहरू बिहा हेर्न भनेपछि हुरुक्क हुन्छन्। उसमा पनि चढ्दो उमेर, एकछिन बिहा हेर्न गै त! एकछिन यसो गाउँघरमा रमिता हेर्न गएको पनि खप्न नसक्ने छुसीले के स्वास्नी सुमर्नु? भात पकाउन अलिकता ढिलो गरी भनेर स्वास्नी कुट्नुभन्दा अधम काम अर्को के होला? अलि मुखाले भएकी पनि कुटेरै हो! अब घर गै भने कहिल्यै कुट्नेछैन! जुठे दाइका भन्दा बढ्ता कदर गरेर राखिनँ भने अनि भन्नू! मनमा कुरा उत्तिकै खेलिरहेका थिए, तलतिरबाट उपियाँले उत्तिकै टोक्थे।

बिहानीपख ढोका उघारेको शब्द आयो। गौँथली आई कि भनेर चामेले ठाड्ठाडो कान लायो। पछि हेर्दा ससुरो बूढो रहेछ। ससुरो दैलो उघारेर करेसातिर पिसाब गर्न गयो। चामेले रातभर निमेष लाएन।

## ६

गाईबस्तु फुकाउने बेला भएको थियो। ससुरो पर्खालमा बसेर तमाखु खान लागेको थियो। सासूचाहिँ पिँढीमा बसेर मकै छोडाउन लागेकी थी। गौँथली भित्र मझेरीमा जुठोचुलो गर्दै थी। चामेले अलि लाज मानेजस्तो गरेर ससुरासँग भन्यो– "खेतीकमाइको बेला छ, ससुरा! छोरी पठाइदिनुपऱ्यो।"

ससुराले एकछिन खोकेर अनि नली गालामा अड्याएर भन्यो– "हुन त ज्वाइँ, गरिब र सरिब भनेर अनेक थरीका नाउँ राख्थ्यौ अरे! तर गरिब भए पनि आजसम्म कसैका घरमा पोल्टो थाप्न गएको छैन। पाउ पुजेर दिएको तिमीलाई हो! आफ्नी स्वास्नी राजी गराऊ, लैजाऊ, कसैले छेकेको छैन!" चामेले ङिच्च मुख लायो।

एकछिनपछि जुठोचुलो सिध्याएर डोकोनाम्लो लिएर गौँथली वनतिर जान लागेकी थी, चामेले पाखुरामा समाएर भन्यो– "डोकोनाम्लो लिएर कता नि ? हिँड, घर जाऊँ।"

"घर त मारे पनि जान्नँ !"

"घर नगएर कहाँ जान्छेस् त ?"

"एउटा जीउलाई के, जहाँ गए पनि त भो नि ! जोगिनी हुन्छु, जान्छु !"

"भैँसीलाई घाँस कसले काटिदिन्छ र जोगिनी हुन्छेस् ?"

"काट्नु क्या आफ्ना भैँसीलाई आफैँ घाँस !"

"धेरै नबौला, खुरुक्क हिँड्।"

"घर लगेर फेरि निउँ झिक्दै कुट्दै गर्नलाई ?"

"अब पोडे भए केही गरुँला !"

"भो नापियो !"

एकछिनपछि लुगासुगा लाएर सिँगारपटार गरेर गौँथली बाहिर निस्की। सासू बूढीले एउटा सानू पोको र एक ठेकी दही ल्याएर अगाडि राखिदी।

पोको काखी च्यापेर गौँथली अघिअघि लागी; चामे हातमा ठेकी झुन्ड्याएर पछिपछि लाग्यो। बाटामा चामे र गौँथली कुरा गर्न लागे– "आजकाल भैँसीको दूध कति छ नि ?"

"बिहान-बेलुका गरेर एक पाथी।"

गौँथलीले चामेपट्टि फर्केर ओठ लेप्र्याई।

घाम डाँडमा बस्नबस्न लागेको थियो। गोठालाहरू गाईबस्तु अघि लाएर धूलो उडाउँदै बिस्तारै उकालो लागेका थिए। चामे गौँथलीलाई लिएर पँधेरानिर आइपुगेको थियो। मास्तिरबाट डोकामा गाग्रो बोकेर जुठेकी स्वास्नी आउन लागेकी रहिछ। चामेलाई देखेर जुठेकी स्वास्नीले यति लामो जिब्रो झिकेर हाँसेर भनी– "ओहो! चखेवाचखेवीको जोडाजस्तै अघिअघि दुलही पछिपछि दुलाहा, कति राम्रो स्वाएको!"

गौँथलीले मुसुक्क हाँसेर भनी– "भो नहाँस दिदी, फेरि कुन दिन कटाक्षे पर्ने हो!"

"उस्, चाटाचाट गर्न पनि त बेर लाग्दो रहेनछ नि, लोग्नेस्वास्नीको झगडा परालको आगो!"

# अभागी

१

पण्डित माधवप्रसादले आफ्नी बेरामी स्वास्नी गङ्गाको निधारमा हात राखेर भने– “बाबा! तिमीलाई कस्तो छ?”

गङ्गाले गहभरि आँसु पारेर उत्तर दिइन्– “कस्तो हुन्थ्यो, अब बिछोड हुने बेला भो!”

फेरि, एक छिनपछि हात जोरेर भनिन्– “हजुर! केके न गरिदिउँला भन्थेँ, मेरो यही गत भो। कृष्ण बालक छ, त्यस अनाथमाथि दया गर्नुहोला!”

“हरे! त्यो बालक सन्तानमाथि मैले माया होइन दया गर्नु अरे; मलाई कस्तो निठुरी देखेको!” भनेर माधवप्रसाद दुवै हातले मुख छोपेर रुन लागे।

‘सास छइन्जेल आस’, माधवले डाक्टर, वैद्य, धामी, झाँक्री सबैलाई बोलाएर देखाए। डाक्टरले टिबीको शङ्का गर्‍यो, वैद्यले जीर्ण ज्वर भन्यो, धामीले मनकामनाको भाकल देखायो। सबैले एकएक थोक नाउँ राखेर आफ्नू फिस खल्तीमा हालेर हिँडे, तर कसैको ओखतीले छोएन। रोग लागेको भए पो ओखती लाग्थ्यो! कालको ओखती कसले जानेको थियो र लागोस्? व्यथाले झन् च्याप्तै ल्यायो।

\+ + +

गङ्गाको वाक्य रहेको तीन दिन भो। दुवै आँखामा जालो बसेको थियो। मुख श्रीहीन देखिन्थ्यो। नाक सुकेको, ओठ नीलो, दाँत काला, कानका लोती फर्केका थिए। फुकेको रुखो केशराशि निधारमा यताउति छरिइरहेको थियो। शरीरमा हाडछालासिवाय केही थिएन। आँखाबाट अविरल आँसुका धारा बगिरहेका थिए।

केके भन्नु! गङ्गाको त्यो दीप्तिमय सुन्दर शरीर कङ्कालजस्तो देखिन्थ्यो। कुर्ने मानिसहरू दलानभरि बसेका थिए। माधवप्रसाद रोगीका सिह्राननेर बसेर बखतबखतमा चम्चाले पानी ख्वाइरहेका थिए। गङ्गा कहिलेकाहीँ ओठ मात्र चलाएर बोलेजस्तो गर्थिन् तर त्यो मूक भाषा जान्ने मानिस त्यहाँ कोही थिएन। नाडी कहिले हराउँथे, कहिले देखा पर्थे। शरीर पिँजडाजस्तो जर्जर हुँदा पनि किन हो गङ्गाको प्राण पखेरू अझ उड्न सकेको थिएन।

खत्रिनी बुढी रोगीका लुगा सिहारिदिन लागेकी, गङ्गाका पटुकाभित्र सानू एउटा पोको घुसारिराखेको फेला पारिछन्। के रहेछ भनेर झिकेर हेरेको त कृष्णको पेटे भोटोमा दुइटा गुज्जा, काँचको सानू पुतली, टिनको सानू बट्टा राखेको रहेछ। त्यही बेला कताबाट हो– “गोलेले मेलो गुच्चा खोछ्यो” भनेर कृष्ण रुँदै आयो। माधवले काखमा राखेर फुल्याउन लागे। कृष्ण रोएको सुनेर हो कि केले हो गङ्गाले अलि हात लम्काएर छामेजस्तो गरिन्। त्यो देखेर भट्टराई बूढाले माधवसँग भने– “नानी, दुलहीलाई पक्का छोराको घिडघिडो रहेको हो, एकचोटि सम्झाउन पाए हुन्थ्यो।”

माधवले गङ्गाका कानननेर मुख लगेर– “बा... बा... छो...रा... को...” के भनेका थिए, मुटुमा भक्कानु परेर आयो। गङ्गाका तकियामा घोप्टो परेर रुन लागे। बाबु रोएको देखेर कृष्ण पनि रुन थाल्यो। अरू हेर्नेले पनि मन थाम्न सकेनन्; सबैको गहभरि आँसु भो।

एकछिनपछि अलिअलि कामेर गङ्गाले आँखाको नानी घुमाउन लागिन्। भट्टराई बूढाले– “लौलौ, बाहिर सार्ने बेला भो” भने। खत्रिनी बुढीले हतपत गरेर तुलसीको मठनेर गोबरले पोतिदिइन्। एक जनाले जल, तिल छरिदियो। तीन-चार जना भएर

गङ्गालाई पोतेको ठाउँमा सारे। माधवले रुँदै मुखमा गङ्गाजल हालिदिए। अनि दुई पटक हिक्कहिक्क गरेर गङ्गाले आफ्नू जीवन समाप्त गरिन्। बसेका स्वजनहरू रुन लागे। दुई घडीपछि शव उठाएर घाटमा पुऱ्याए। केही समयपछि माधवको त्यो सुनको संसार दनदन बलेर खरानी भो। आखिर सीता र सावित्रीजस्ती स्वास्नी घाटमा सेलाएर माधव रित्तै घर फर्के।

अघि माधव बाबु मात्र थिए, अब उनलाई प्रारब्धले आमा हुन पनि कर लगायो। कृष्णलाई ख्वाउनु-प्याउनु, सुताउनु सबै अभिभारा उनैका थाप्लामा पऱ्यो। कृष्ण कहिले भान्सा छोइदिन्थ्यो, कहिले ओछ्यानमा पिसाब गरिदिन्थ्यो। भोलिपल्ट बिचरा रुँदै बिछ्याउना सुकाउँदै गर्थे। आफू चुलामा भात पकाउन थाल्थे, कृष्णचाहिँ कुन सड्को, कुन सड्को सडकमा खेल्न पुग्थ्यो। मोटर, बग्गीले किच्छ कि भन्ने जगजगी थियो। पर सडकमा केटाकेटी रोएको सुने भने माधव दौड्दै झ्यालमा आएर हेर्न थाल्थे। सानुचा कसाईका छोराहरू दौडँदादौडँदैको मोटर समातेर झुन्डिन्थे। त्यो देखेर कृष्ण पनि 'मोटर आयो' भन्दै दगुर्दै पछिपछि जान्थ्यो। माधव गएर समातेर ल्याउँथे। हात्ती आएको देख्यो भने, 'हात्तीमाथि दानाचोर, हात्तीमाथि दानाचोर' भनेर कराउन थाल्थ्यो।

घरगृहस्थीको पीर बेग्लै, छोराको सुसुल्को बेग्लै, बिचरा माधव कहिलेकाहीँ सारै विरक्त हुन्थे। दिउँसो चौतरियाकहाँ पढाउन जानुपर्थ्यो; जाँदा कृष्णलाई पनि सँगसँगै लैजान्थे। एकदिन चौतरियाले भने– "पण्डित! छोरालाई कति पिठ्यूँमा बोकेर हिँड्छौं, झर्को लाग्दैन?"

"के गर्नु प्रभु! पापिनीले दूध चुस्तैको पिउसो छोडेर गई। घरमा राखेर आऊँ भने हेरिदिने कोही छैन, माया लाग्छ, मन मान्दैन, बोकीबोकी हिँड्छु। पासो लाएर मरूँ भने पाप लाग्छ भन्छन्, उस जुनीको कमाइ भोगिरहेछु प्रभु!"

ठूलो एकादशीको दिन कृष्णलाई छोडेर माधव पशुपति जान लागेका थिए, कष्ण पनि 'जान्छु' भनेर भुइँमा गोडा बजारेर रुन लाग्यो। खत्रिनी बुढीले भनिन्– "आ..., लाडे

भएको ब्यारे ! यत्रो बडामा भएर पनि बाबुको बुई चढेर हिँड्न खोज्ने !"

इष्टमित्रहरू माधवलाई बिहे गर्नुपर्छ भनेर कर लाउँथे। माधवचाहिँ भन्थे– "एउटा बिहे गर्दा त यो गत छ; अर्को गर्दा कुन गोता पाइने हो? कर्मले नदिएपछि बल गरेर हुँदैन ! एउटा पिउसो जन्मेको छ, हुर्काएर यसको जरोकीलो बाँधिदिन पाए पुग्यो ! नदुखेको कपाल किन डोरी लाएर दुखाउनु ?"

२

तीन-चार वर्षपछिको कुरो हो। माधवले बिहे गरेर ल्याए। रानी साहेबले कन्यादान दिएको भन्ने सुनिन्थ्यो। केटी पनि बढेकी रहिछन्, नाउँ 'करुणा' भन्थे। छोराको स्याहार गर्ने कोही नहुनाले यस उमेरमा फेरि बिहा गर्नुपर्‍यो भनेर माधव अफसोच गर्थे। तर यो कुरो कहाँसम्म सत्य हो परमेश्वरै जानून्।

धेरै दिनसम्म बाबु र आफू मात्र भएको घरमा अचानक एउटी नौली स्वास्नीमानिस प्रवेश गरेको देखेर केही दिन कृष्णले आश्चर्य मान्यो। माधव करुणातिर औँल्याएर "बाबू! आमा भन्नुपर्छ" भनेर कृष्णलाई सिकाउँथे। कृष्णचाहिँ लाज मानेर माधवका छातीमा मुख लुकाउँथ्यो।

अब यताउति जाँदा माधव कृष्णलाई उस्तो साथमा लिएर हिँड्दैनथे, घरमै छोडेर जान्थे। बेलुका आउँदा कृष्ण सुतिरहेको हुन्थ्यो।

यस उमेरमा बालकहरू विशेष खेलबाडमै रमाउँछन्। खेल्न पायो भने भोकप्यास केही कुराको वास्ता गर्दैनन्। यस अवस्थामा छोराछोरी खान छोडेर खेल्न जान लागे भने आमाहरू पक्रेर ल्याएर कर लगाईलगाई ख्वाउँछन्। रोए पनि वास्ता नगरेर जबरजस्ती न्वाइदिन्छन्। बलजफतसँग तेल घसिदिन्छन्। मैलो लुगा फेरेर सुकिलो लुगा लगाइदिन्छन्। जाडो भएको बेलामा आफ्नू ओढ्नेले ढाकेर काखमा गुटुमुटु पारेर राख्छन्। तर गङ्गाको बदलामा कृष्णको लालनपालन गर्न आएकी करुणा सन्तानका उपर

आमाले गर्नुपर्ने यी प्रधान कर्तव्यहरूको पालना गर्थिन् वा गर्दैनथिन् त्यो कुरा अन्तर्यामी जानून्।

\+ + +

कृष्ण आठ वर्षको भो। यस बीचमा करुणाले पनि छोरो पाइन्। कृष्ण पढ्नपट्टि उति मन लाउँदैनथ्यो, खालि खेलबाडमै हिँडिरहन्थ्यो। माधव बेलुकीपख चौतरियाकहाँबाट फर्कंदा कृष्णलाई कहिले सानुचा कसाईको छोरो तुइचा र कुलबहादुर थापाको छोरो गोरेसँग देवलमा खोपी खेलिरहेको फेला पार्थे। कहिले साथीहरूसँग मिलेर सुसेल्दै तिघ्रा ठटाउँदै गरेर पाटीनेर साँढे जुधाउन लागेको हुन्थ्यो। घरबाट पैसा चोर्दै लाँदै खोपी खेल्ने गर्थ्यो। कृष्णको चालचलन देखेर माधव दिक्क हुन्थे।

दशैँ आयो। माधव चौतरियाको दशैँघरमा पूजा गर्न गए। वर्षैपिच्छे जान्थे। नौरथाभरि राता लुगा लाएर एक छाक खाएर उहीँ बस्नुपर्थ्यो। टीकाका दिन विसर्जन पूजा गरेर मालिकमालिक्नीको हातको टीको लगाएर मात्र घर आउँथे। घरमा करुणा मात्र थिइन्।

महाअष्टमीको दिन थियो। टोलका नरनारी, केटाकेटी सबै जना नयाँनयाँ लुगा लगाएर ठाँटिएर हिँडिरहेका थिए। दशैँ हाम्रो ठूलो चाड हुनाले यस टाइममा मानिसहरू ऋण काढेर पनि राम्रो लाउँछन्, मीठो खान्छन्। कस्तै गरिबको घरमा पनि आनन्द र समारोह हुन्छ।

आधा दिनतिर खत्रिनी बुढी धाराबाट पानी भरेर आउन लागेकी, कृष्णे पाटीमा तुइचासँग खोपी खेल्न लागेको रहेछ। घुँडा फाटेको मैलो सुरुवाल लाएको, दौरा-टोपी पनि मैलो, बाउला-खल्ती फाटेको झुत्रो कोट लाएको, गोडा-गाला फुटेका, लुगा र हात-गोडामा धूलो लागेको, कृष्णको भेषभूषा देखेर खत्रिनी बुढीले एकछिन उभिएर हेरिरहिन्। गङ्गासँग खत्रिनी बुढीको साह्रै स्नेह थियो। यसो हुनाले कृष्णलाई उनी बहुतै माया गर्थिन्। एकछिनपछि हत्केलाले घाम छेकेर बूढीले भनिन्– "हेर हेर, इलम गरेको!

पण्डितको छोरो भएर कसाईका छोरासँग खोपी खेलेर हिँड्छस्! यस्तो बुद्धि छ र त दिनदिनै कुटाइ खान्छस्! दशैँलाई लुगा हालिदिएको छैन?"

कृष्णले खेल्न छोडेर अलि लाज मानेजस्तो गरेर भन्यो– "छैन!"

"भात खाइस् कि खाइनस् नि? सके यस बेलासम्म मुख धोएको पनि होओइन?"

मुख धुने, भात खाने कुरा सुनेर कृष्णले एकछिन टोलाएजस्तो गऱ्यो। अनि बिस्तारै घरतिर गयो।

खत्रिनी पानीको गाग्रो लिएर धारानेर पुगेकी थिइन्, उताबाट पानी लिन करुणा पनि गाग्रो काखी च्यापेर आउन लागेकी रहिछन्। खत्रिनी बुढीले करुणालाई देखेर भनिन्– "दुलही नानी! आज कृष्णले भात खाएको छैन?"

"बिहानै थैलीको चाराना पैसा चोरेर हिँडेको, अहिलेसम्म नाकमुख देख्न पाएको छैन!"

"चाडबाडको दिन बोलाएर पनि खान दिनु पर्दैन त?"

"खाँचो लागिरहेछ चोरलाई, भात पस्केर राखिदिएको छ, भोक लागे आएर खान्छ, होइन भने मरिरहन्छ!"

३

पर्सिपल्टको कुरो हो टीकाको दिन थियो। अघिअघि कृष्ण भागिरहेको थियो। पछिपछि हातमा लौरो लिएर करुणा लघार्दै आउन लागेकी थिइन्। खत्रिनी बुढीका घरनेर आइपुगेपछि कृष्णलाई भेट्टाइन् र पाखुरामा समातेर गाली गर्दै कुट्दै गर्न लागिन्। कृष्ण कङ्कलाशब्द गरेर रुन लाग्यो। कहिले चोट लागेको ठाउँमा हातले सुमसुम्याउँथ्यो; कहिले

कपालमाथि हात उचालेर चोट छेक्न खोज्थ्यो। टोलका आइमाईहरू झ्यालझ्यालबाट हेर्न लागे।

पहिले त एक-दुई चोटि कुटेर छाडिदेलिन् भन्ने लागेर कोही छुट्ट्याउन गएनन्। परन्तु जब तारैतार कुट्न लागिन् अनि खत्रिनी बुढीले मन थाम्न सकिनन् र गएर "हत्तेरी! बालखलाई पनि यसरी दया छाडेर कुट्नु?" भनेर छुट्ट्याइदिइन्। कृष्णे डरले खत्रिनीको जीउमा टाँसियो। करुणा कुट्न भनेर फेरि चुरिँदै आएकी थिइन्, खत्रिनीले हातले छेकेर भनिन्– "होइन, के उपद्रो गर्‍यो र यसरी रिसाएकी?"

करुणाले हातको लट्ठी फ्याँकेर फरियाको छेउले कपाल ढाक्दै भनिन्– "केके भनूँ? बिहान चौतरिया साहेबकहाँ दक्षिणा दिएको रुपियाँ डसनाका पत्रमा राखेर पँधेरामा गएकी, कुन सड्को, कुन सड्को आएर रुपियाँ चोरेर हिँडेछ। ठेकीमा दही थियो, दही पनि झिकेर खाएछ!"

"त्यत्रो लाठे भइसकेको हाम्रो पुड्केले पोहोर तिहारमा बालख बहिनीका कानको मुन्द्री फुकालेर जुवा खेलेको थाहै छ। खै त, हामीले त, यसरी कुटेनौ ए! जाबो एउटा रुपियाँ चोर्‍यो भनेर पनि बालखलाई चाडबाडका दिनमा कुट्नु?"

"कति सहनु? सधैँ यही चाल छ! आँखा झिम्क्याउन हुँदैन, जे भेट्टायो, टिपेर हिँड्छ" भनेर करुणा फतफताउँदै घरतिर गइन्। खत्रिनी बुढीले कृष्णलाई पाखुरामा समातेर "अभागी काठा! कुन दिन अकालमा मर्छस्!" भनेर डोर्‍याउँदै आफ्ना घरतिर लगिन्।

कृष्ण खत्रिनी बुढीका दलानका कुनामा बसेर धेरै बेरसम्म सुँक्कसुँक्क गरेर रोइरह्यो। अनि बेलुकीपख त्यहीँ घुप्लुक्क निदायो।

साँझ परेपछि माधव आए। करुणा र सानू छोरो केशवलाई त बिहान चौतरियाकै घरमा टीका लगाइदिसकेका थिए। कृष्णलाई लगाइदिन बाँकी थियो। खोजेको, घरमा

रहेनछ। करुणासँग सोधेको, जबाफ नदिएर गोडा बजार्दै घरभित्र पसिन्। माधव करुणाको स्वभाव जान्दथे; यस बखत यसभन्दा बर्ता प्रश्न गर्न उनका मनले ठीक मानेन।

कृष्ण साँझमा धेरैजसो खत्रिनी बुढीकहाँ गएर बस्थ्यो। त्यसो हुनाले उहीँ छ कि भनेर माधव खत्रिनीको घरमा गए। कृष्णलाई दलानको कुनामा फ्याङ्लो गुन्द्रीमा सुतिरहेको देखेर घचघच्याएर बोलाउन थाले। माधवको स्वर सुनेर खत्रिनी बुढी बत्ती हातमा लिएर निस्किन्।

कृष्ण उठेर टुक्रुक्क बस्यो। उही फाटेका मैला लुगा लगाएको, दुब्लो, मायाँलाग्दो। माधवले कृष्णका कोटको खल्तीमा हात हालेर हेरेको तिलौरीको धूलो, तीन-चारवटा गुज्जा, एउटा भाँचिएको सिसाकलम, एउटा टाँक, चारवटा पैसा, दुईवटा चुरोटका ठुटा रहेछन्। चुरोटका ठुटा देखेर माधवले लामू सास फेरेर भने– "हेर, पाजीले चुरोट पनि खान थालेछ!"

खत्रिनी बुढीले दिउँसोको सबै कुरा भनिदिइन्। माधवले कृष्णको लुगा फकालेर हेरे। पिठ्यूँ, तिघ्रा, पिँडुला चार-पाँच ठाउँमा नील परेको रहेछ, छाती र घुँडामा मयलको टाटो बसेको, किङरिङ्ग करङ निस्केको, कृष्णको दीनहीन भेष देखेर माधवले एकछिन घोरिएर गहभरि आँसु पारेर भने– "डङ्किनीले उसका बाबुलाई किन कुटेकी होली!"

खत्रिनी बुढीकी नातिनी ठूलीले अगाडि सरेर भनी– "यी पनि ख्याल बदमास छन् बाजे! हिजो मलाई ढुङ्गाले हानेर कपालमा कत्रो टुटिल्को पारिदिए!"

ठूलीकी बहिनी बाटुलीले भनी– "अस्ती देवल अगाडि नेवार्नी बूढीले नाङलामा बेच्न राखेको तिलौरी झिकेर भागे र बूढीले कसरी कुटी नि! केही भन्यो भने लाज हुने कुराको गाली गरेर भाग्छन्।"

खत्रिनी बुढीले बाटुलीलाई हातले पन्छाउँदै भनिन्– "भो चुप लाग्, तँ पनि निकी छैनस्।"

माधवले आँसु झार्दै भने– "चण्डाल! दिनरात बदमास केटाहरूको सङ्गत गरेर हिँड्छ, किन गतिलो हुन्थ्यो। सानुचा कसाईका छोरा तुयुचा, माकचाहरू आमाबाबुले केही भन्यो भने आँगनमा निस्केर कसरी गाली गर्दै भाग्छन्, त्यही सिकेको होला!" भनेर कृष्णलाई पाखुरामा समातेर घरतिर लागे।

यसै रीतले भोक, प्यास, दुःख, लाञ्छना सहेर कृष्ण तेह्र वर्षको भो; केशव पनि पाँच वर्षको भो। कृष्ण केशवलाई साह्रै माया गर्थ्यो। कहिलेकाहीँ पर्खालका आडबाट केशवलाई सान गरेर डाक्थ्यो र पसलतिर लगेर तिलौरी, पिप्लामेट किनेर खान दिन्थ्यो। केशव पनि कृष्णलाई साह्रै पछ्याउँथ्यो। तर कृष्णलाई पछयाएर हिँडेको करुणाले देखिन् भने "चोरसँग पछिपछि लागेर हिँड्छस्?" भनेर केशवलाई समातेर ल्याएर पिट्थिन्।

\+ + +

शिवरात्रिको दिन थियो। माधव फलैँचामा बसेर तमाखु खाँदै कृष्णसँग रुद्रीको अघि पढेको पाठ सोधिरहेका थिए। नयाँ पढ्नु त कहाँ हो कहाँ, अघि पढेको पनि बिर्सिसकेछ। माधवलाई साह्रै रिस उठ्यो र नलीले दुई-तीन चोटि हिर्काएर भने– "पढेगुनेर खानुपर्ने बाहुनको छोरो भएर यत्रो लाठे हुँदा पनि पाजीले दुई अध्ये रुद्री पढ्न सकेको छैन। रामनाथको छोरो बटे तँभन्दा वर्ष दिन कान्छो होइन? पोहोरै रुद्री चण्डी सिध्याइसक्यो। यसपालि त गुरुज्यूकहाँ पाठको टिकट पनि पायो अरे! तँ गधाले चाहिँ अलिअलि पढेको पनि बिर्सिसकिस्। 'हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात' यस्ता पशुले किन अन्न खानु!"

भातसात खाएर माधव चौतरियाका घरतिर गए। कृष्ण पनि निस्केर बजारतिर हिँड्यो। केशव पछ्याउँदै गो। केशव पछिपछि आएको देखेर कृष्णले केशवको पिठ्यूँमा हात राखेर भन्यो– "घर जाऊ बा! आमाले गाली गर्नुहुन्छ।"

केशवले दुवै कुम उचालेर भन्यो– "नाइँ!"

केशवले सोध्यो– “दाजु, तपाईं कहाँ जानुहुन्छ नि ?”

“कहाँ हो कहाँ, धेरै टाढा !”

“कहिले आउनुहुन्छ नि ?”

“कहिले हो कहिले बा, ठेगान छैन !”

फेरि, के सम्भेर हो केशवलाई पिठ्यूँमा बोकेर पसलमा लग्यो र एक पैसाको तिलौरी किनेर दियो। अनि केशवलाई घरतिर पठाएर आफू कता गयो थाहा भएन।

माधव राति तोप चल्ने बेलामा घर आए। कृष्ण त्यस बेलासम्म पनि घर आएको रहेनछ। वल्लो-पल्लो घरमा खोजे, कतै फेला परेन। शिवरात्रीको दिन साथीहरूसँग कतै रमिता हेर्न गयो होला भनेर सुते। तर कृष्ण भोलिपल्ट पनि आएन।

माधव अघि कहिलेकाहीँ कृष्णलाई लिएर पचली नर्सिंपुरी बाबाजीकहाँ गएर गाँजा खान्थे। उहीँ गयो कि भनेर नर्सिंपुरीकहाँ गएर सोधे– “बाबा ! कृष्णे हजुरकहाँ आएको थियो कि ?”

बाबाजीले गाँजा तानेर खोक्दै भन्यो– “यहाँ एक ठो पन्जाबी कनफट्टा साधु बैठेको थियो। कल तो एक दफे उसके पासमे आएको थियो; साधुले हलुवा खानेको दियो; फिर उसके बाद क्या भया; मैले याद करेन।”

“ती कनफट्टा साधु कता गए त बाबा ?”

“साँभमा आसन उठाएर किधर गयो याद करेन।”

त्यसपछि माधव कालमोचन, पशुपति, कैलाश, मृगस्थली इत्यादि जोगीका अखडाअखडा खोज्दै हिँडे, तर कृष्णलाई कतै फेला पारेनन्, राति अबेला घर फर्के।

भोलिपल्ट बिहानै कालिमाटीको पुलिसपाटीमा गएर सोधे– "पुलिस दाइ, एउटा बाह्र-तेह्र वर्षको बाहुन ठिटो जोगीसँग पछि लागेर गएको देख्नुभो कि ?"

पुलिसले झर्केर जबाफ दियो– "यत्रो जात्रुको घुइँचोमा कोको गयो के थाहा पाउनु।"

त्यहाँबाट थानकोट पुलिसपाटीमा गएर सोधे। पुलिसले भन्यो– "हिजो आधादिनतिर एउटा फाटेको लुगा लाएको दुब्लो केटो कमण्डलु बोकेर एउटा कनफट्टा जोगीको पछिपछि लागेर गएको त देखेथैँ तर के जात हो थाहा भएन।"

त्यहाँबाट माधवले चित्लाङमा पुगेर एउटा पसलेसँग सोधे– "बाह्र-तेह्र वर्षको केटो साथमा लिएको एउटा कनफट्टा जोगीलाई देख्यौ कि साहू ?"

"हिजो बेलुका ट्यहीँ पाटीमा बास बसेका ठिए। केतोले कमन्दलु जुथो लाइदिएछ र जोगीले दुई-तीन चोती पित्यो। केतो रुँदै धारामा कमन्दलु माझ्दै गर्न लागेको ठियो। आज बिहानै उथेर डुबै जना भीमफेडीटिर गए।"

माधवको छाती रुमलिएर आयो। गहभरि आँसु पारेर पाटीमा उक्ले। भित्तामा कृष्णको उही झुत्रो कोट झुन्ड्याइराखेको रहेछ। कोट हातमा लिएर माधव भित्तापट्टि फर्केर रुन लागे। त्यस बखत गङ्गाले हात जोरेर "कृष्णमाथि दया गर्नुहोला!" भनेको, मर्ने बेलामा गङ्गाको पोल्टाबाट कृष्णको भोटो र उसका खेल्ने कुराहरू निस्केको, गङ्गाको प्राण जानुभन्दा अघि कृष्ण रुँदै आउँदा गङ्गाले हात लम्काएर छामेजस्तो गरेको, आफूले धेरैदिनसम्म बोकीबोकी हिँडेको इत्यादि अतीतका धेरै कुराहरू सम्झे।

दुःखको वेग अलि शान्त भएपछि माधव फेरि हिँडे। ठाउँठाउँमा सोध्दै भीमफेदीसम्म पुगे, किन्तु कृष्ण कहीँ फेला परेन। मानिस भागेको, उसमा पनि आफ्ना स्वजनबाट तिरस्कृत भएर भागेको, किन फेला पर्थ्यो! भोलिपल्ट माधव रुँदै घर फर्के। आज उनलाई 'राम वनगमन'को कथा स्मरण भो। जीवनमा गङ्गासँग ठूलो विश्वासघात गरेजस्तो माने। धेरै रात बितेपछि आफ्नो टोलमा आइपुगे।

छिमेकमा गौरीनाथको घर थियो। गौरीनाथसँग माधवको धेरै कालदेखि विरोध चलिरहेको थियो। करेसो जोरिएको र नातामा दाज्यू पर्ने भए पनि आज कैयौं वर्षदेखि बोलचाल थिएन। घरनेर करेसामा आइपुगेपछि गौरीनाथकहाँ कुरा गरिरहेको सुने। गौरीनाथकी स्वास्नीले च्व...च्व... गरेर भनिन्– "कठैबरा! कस्तो अभागी केटो रहेछ, राम्ररी एक गाँस खान र एक झुम्रो लाउन नपाएर गो! विचरी गङ्गाले दश वर्षको उमेरदेखि घर गरेर लोग्नेलाई एक मानु खाने तुल्याएर गई! आखिर उसैको छोराको यो गति भयो!"

गौरीनाथको छोरो रामले भन्यो– "छोरो मोरो पनि बदमासको घण्ट हो ब्यारे!"

गौरीनाथकी स्वास्नीले भनिन्– "त्यस्तै हो, घरमा माया गर्ने मानिस नभएपछि केटाकेटीको स्वभाव रूखोसुखो हुन्छ।" फेरि एकछिनपछि भनिन्– "गङ्गा मरेको ताक त कस्तो माया गरेको नि! जहाँ गए पनि बोकीबोकी हिंड्ने!"

गौरीनाथले भने– "स्वाङ पारेको नाइँ! ख्याल चेप्र्याइँ पार्न जान्दछ! अर्थोक नभए पनि माधेलाई गङ्गाको आत्माको सराप त अवश्य लाग्छ।"

करेसामा माधवले जिभ्रो टोकेर बिस्तारै भने– "लाग्छ दाइ, लाग्छ!"

माधवका आँखा तिरमिर भए। त्यस अँध्यारो साँगुरो पथमा दुब्ली निदाउरी गङ्गाले बाटो छेकेर "मेरो छोरो खोइ?" भनेर सोधेजस्तो लाग्यो। गोडा धरमर भएर लड्नै आँटेका थिए, भित्तो समातेर बिस्तारै घरतिर लागे।

# सहिद

१

"बाबू!"

"ओ देवता बाबू!"

"सुन्नुभएन?"

अखबारका पङ्क्तिबाट आँखा हटाएर मैले आगन्तुकपट्टि हेरेँ। उसका हातमा एउटा सादा लिफाफा र एक पाना कागज थियो। हल्ला मचाएर मेरो शान्ति भङ्ग गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि रिस उठिराखेको थियो। झर्केर सोधेँ– "के बाबुबाबु चिच्च्याइरहेको? को बाबुलाई खोज्छौ तिमी?"

"उही कलेजमा पढ्ने गोरोगोरो पातलो बाबु क्या, चस्मा लाउने।"

आगन्तुक सायद मभन्दा पहिले यस कोठामा बस्ने विद्यार्थीलाई खोजिरहेको थियो। मैले उत्तर दिएँ– "उनी त अस्ति नै गइसके।"

"गइसके! ओहो! एक पटक खबर पनि दिएनन्! साँच्चै नेपालको मानिसलाई मायामोह भनेको एक जात हुँदैन! अब लौ, मेरी डल्लीलाई खत कसले लेखिदिन्छ!"

मैले उत्सुकतापूर्वक सोधेँ– "को डल्लीलाई चिठी लेखाउँछौ?"

"रामकी आमालाई।"

"को रामकी आमा?"

आगन्तुकले आँखा झिम्क्याएर आफ्नू अट्टहासले कोठा घन्काउँदै भन्यो– "मेरी स्वास्नी क्या! रामकी आमा! अब त बुझ्नुभो?"

एकछिनपछि आगन्तुकले हातको कागज र लिफाफा मतिर लम्क्याएर भन्यो– "अच्छा बाबू, तपाईं नै लेखिदिनोस्।"

"मलाई कसैको चिठीसिठी लेख्ने फुर्सद छैन।"

"वाह, फुर्सद छैन! यो त गजबको कुरो गर्नुभो! देवता बाबू कति जनाको चिठी लेखिदिन्थे, थाहा पाउनुहुन्छ? सहरका आधाभन्दा बढ्ता कुल्लीकबाडी, दरवान, रिक्सावाला नेपालीहरूको चिठी उनै लेखिदिन्थे। बिरामी हुँदा ओखतीमूलो गराउँथे। कति जनालाई नोकरी लगाइदिन्थे। कैयौँ बेखर्चीलाई खर्च दिएर पाल्थे। के गर्नु, उनी दुई वर्ष बसिदिएको भए नेपालीहरूको ठूलो उपकार हुने थियो!"

"उनलाई फुर्सद हुँदो हो, लेख्दा हुन्। मसँग अर्काको चिठीसिठी लेख्ने त्यस्तो फाल्तु टाइम छैन।"

आगन्तुकले ठूलठूला आँखा तुल्याएर टाउको हल्लाएर भन्यो– "वाह! एउटा सानो चिठी लेखिदिने पनि टाइम छैन! साँच्चै आजकालका तपाईं पढेलेखेका मानिसहरूले दयामाया भन्ने कुरालाई ठ्याम्मै बिर्सिदिनुभो बा! यो त बडो दुःखको कुरा हो!"

एकछिनपछि आगन्तुकले आँखा झिम्क्याएर उही अट्टहासका साथ भन्यो– "अच्छा, पैसा लिनुहुन्छ?"

"अँ, कति दिन्छौ?"

“पैसासैसा मसँग एक कौडी पनि छैन। तपाईं नेपाल फर्कने बेलामा आफ्न रिक्सामा राखेर स्टेसनसम्म पुऱ्याइदिउँला। भन्नुहोस्, मन्जुर छ?”

“पक्का?”

“बिलकुल पक्का साहेब, वीरबहादुर कसैलाई धोका दिन जान्दैन।”

आगन्तुकका हातबाट कागज लिफाफा लिएर उसले भनेबमोजिम चिठी लेखिदिएँ। चिठीको मजबुन यस्तो थियो– “दरबानीमा लाउनखान मात्र ठीक हुने, एक पैसा नजोगिने हुनाले आजकाल रिक्सा चलाउने काम गरिरहेको छु। साह्रै कडा मिहिनेत गर्नुपर्छ। खाने-सुत्ने फुर्सद रहँदैन। अहिलेसाम्म चार सय जम्मा पारिसकें, अब दशैंसम्ममा छ-सात सय पुऱ्याउँछु र दशैंमा घर आउँछु, अनि खेत निखन्नुपर्ला। दशैंमा आउँदा तिमी र रामलाई नयाँनयाँ कपडाहरू लिएर आउनेछु। अब त राम ठूलो भइसक्यो होला। चकचक गरेर तिमीलाई हैरान पार्दो हो। सडकमा सानासाना केटाकेटी खेलेको देख्दा मलाई रामको झझल्को लाग्छ। यति टाढा परदेशमा खालि तिमीहरूको मायाले बाँचिरहेको छु” इत्यादि।

चिठी सुनिसकेपछि उसले आफ्नू हाँसोले कोठा घन्काउँदै आँखा झिम्क्याएर भन्यो– “वाह बाबू, वाह! चिठी हेर्ने बित्तिकै रामोराम डल्ली दङ्ग पर्छे। तपाईं त देवता बाबूभन्दा पनि राम्रो लेख्नुहुँदो रहेछ गाँठे! सत्ते अब पन्ध्र दिनमा सारा कुल्लीदरवानहरूले घेरेनन् भने मलाई भन्नू!”

मैले हाँसेर भनें– “हो, रिक्सा त हाँकिरहेकै छौ अब चिठी लेख्ने कुरो पनि घण्टा बजाएर सबैलाई सुनाउँदै हिंड्नू।”

अनि उसले एकछिन भित्तापट्टि हेरेर लामू सास फेरेर भन्यो– “मैले कसैलाई सुनाउनु पर्दैन बाबू, यस कमरामा सबै आफैं आइपुग्छन्। यो देवता बाबू बस्ने कमरा हो!”

एकछिनपछि मैले सोधेँ– “वीरबहादुर! के तिम्रो खेत अर्काले लिएको छ?”

“जी, गाउँकै साहूले पाँच सयको बन्धकमा खाएको छ।”

एकै पटक किन त्यतिको ऋण लिएको त?”

“किन एकै पटक लिन्थेँ? डल्लीलाई बिहे गर्दा एक सय लिएको थिएँ। त्यसैलाई दोब्र्याई–तेब्र्याई पाँच सय पारेर खेत खाइरहेको छ। खेत कस्तो छ नि जान्नुभो? तीन बाली लाग्छ, बीस मुरी मसिनो धान फल्छ। गाउँभरिको मुटु खेत हो हजुर, बाजेले किनेको।”

“तिमीले बिहे गरेको कति वर्ष भो?”

“दश वर्ष भो, त्यस बेला डल्ली चौध वर्षकी हुँदी हो, अहिले चौबीस वर्षकी भई।”

“दशै वर्षमा एक सयको पाँच सय भो त?”

“ब्याज कति लिन्छ नि जान्नुभो? सैकडा पच्चीस अनि ब्याजको स्याज, स्याजको प्याज गर्दा पाँच सय पुग्न कति बेर लाग्छ र!”

एक छिनपछि बिँडी सल्काउँदै हाँसेर भन्यो– “खाओस् साले, कति दिन खाला?”

मैले मनमनले भनेँ– “सरकार गरिब प्रजालाई सस्तो ब्याजमा ऋण दिने प्रबन्ध किन गर्दैन?”

२

एक दिन बिहान वीरबहादुर मेरा कोठामा पस्यो र मलाई देख्नेबित्तिकै सलाम गरेर उही दिव्य हास्यका साथ भन्यो– “थाहा पाउनुभो बाबू! आज चोरले मेरो ट्रङ्क फोरेर सबै

रुपियाँ चोरेछ! थानामा रपट लेखाएर आउँदै छु।"

मैले विस्मयका साथ सोधेँ– "के सबै लगेछ?"

"एक पैसा बाँकी छैन, कपडालत्ता पनि लगेछ।"

वीरबहादुरका कुरा सुनेर मलाई अपार दुःख भो। मनमनले भनेँ– "साहूका पीरले स्वास्नी छोराछोरी छोडेर बिदेसिएको यस गरिबले पसिना बगाएर कमाएको धन कुन पापीले छिनायो होला?"

एकछिनपछि बिँडी सल्काउँदै वीरबहादुरले भन्यो– "जान्नुभो बाबू, कसले चोरी गऱ्यो?"

"म के जानू, कसले चोरी गऱ्यो, म चोरी गर्न थोरै गएको थिएँ र?"

"त्यही धने सालेको काम हो। लौ जे किरिया हाल् भने पनि सक्छु। सालेले म गरिबको सालभरको पसिना खायो। त्यसलाई परमेश्वरले हातहातै फल दिएनन् भने मलाई भन्नुहोला।"

मैले लामू सास फेरेर भनेँ– "भाइ, फल त अवश्यै पाउनुपर्छ।"

"चोरी गरेर के गर्छ नि जान्नुभो? रातभर तेह्र नम्बरको कमरामा बसेर जुवा खेल्छ अनि बाँकी पैसा त्यही स्टिसननेरको चिया बेच्ने साहिँली छ नि, हो त्यही रन्डीलाई दिन्छ र रक्सी धोकेर आधा दिनसम्म सुतिरहन्छ।"

"त्यो साहिँली भन्ने कहाँकी मानिस रहिछ वीरबहादुर?"

"कोनि, राँड पोखरातिरकी छेत्रिनी हुँ भन्छे। मान्छेहरू दमै टिपेर आएकी भन्दछन्। यहाँ आउँदा एउटा नौजवान मगर लिएर आएकी थिई। मगर ठिटो खसी काटेर मासु

बेच्थ्यो। बिचरा पोहोरसाल हैजाले मऱ्यो। त्यसपछि तीन दर्जन पुऱ्याइसकी होली। सहरभरिका ड्राइभर-दरबानहरूको अखडा त्यहीँ छ। राँडी गाजल लाएर, पान चपाएर बसिरहन्छे। अस्ति भन्थी 'वीरबहादुर दाइ, तपाईं त कहिल्यै पनि आउनुहुन्न, हामीसँग रिसाउनुभएको छ क्यारे?' एक नम्बरकी चेपारे छ राँड।"

"कहिले काहीँ तिमी पनि गस्ती लगाउँछौ कि वीरबहादुर, कसो हो?"

"रामराम! जे कसम ख्वाउनुहोस्, घरमा भगवतीजस्ती स्वास्नी छ हजुर! छोरो पाएकी। वीरबहादुर त्यस्तो नालायक काम कहिल्यै गर्दैन।"

"धने को हो नि, वीरबहादुर?"

"नुवाकोटको क्षत्री हो, मिलमा भैँसागाडा हाँक्छ।"

"तिमीहरू परदेशमा किन रुपियाँपैसा साथमा राख्छौ? डाँकखानाको सेभिङ ब्याङ्कमा जम्मा गर्ने गर। त्यसो गरे त चोरिने डर रहँदैन नि!"

"के गर्नु हजुर, हामी पहाडपर्वतका नपढेका मानिसलाई त त्यस्तो गरिरहन पनि असजिलो पर्दो रहेछ।"

एकछिनपछि वीरबहादुरले टेबिलमा राखेको घडीपट्टि हेरेर आङ तानेर भन्यो– "ओहो! आठ बजिसकेछ! बिदा दिनोस् बाबु! तीन-तीन जना बिरामीलाई ख्वाउनु छ। बिचराहरू भोकले छटपटाइरहेका होलान्...!"

"बिरामीलाई ख्वाउनु छ? को बिरामी छ?"

"को-को भनूँ बाबू, मलाई रोजै दुई-चार जना बिरामीको स्याहारसुसार गर्ने काम परिआउँछ। आज नम्बर सातमा दुई जना छन्, नम्बर पाँचमा एक जना। परदेशको ठाउँ

बिचराहरू बिरामी हुनासाथ बोलाउँछन्, आफ्नू मुलुकका मानिस् हुन् बाबू! हामीले नहेरे कसले हेर्छ?”

वीरबहादुर उठेर गयो। मेरा मनमा कुरा खेल्न थाल्यो– “यो कस्तो विचित्रको मानिस हो, सालभरको कमाइ चोरियो भन्छ, तर फिक्री छैन। झन् बिरामीहरूलाई ख्वाउने-प्याउने दायित्व बोकेर हिँड्छ। यसलाई नेपालीहरू आफ्ना मानिस भन्ने पूरा ख्याल छ।” दायित्व लिएर मात्र दायित्व परिआउने हो कि नलिए पनि पर्ने हो मैले केही निर्णय गर्न सकिनँ।

३

एक सातापछिको कुरो हो। वीरबहादुरसँग स्टेसननिरको रूखमुनि भेट भो। साइकल-रिक्सा सियाँलमा राखेर पानको पसल अगाडि बिँडी तान्न लागेको रहेछ। मलाई देख्नासाथ अग्लो हात उठाएर सलाम गऱ्यो र उही आफ्नो दिव्य हास्यका साथ भन्यो– “थाहा पाउनुभो बाबू! धने साले गिरफ्तार भो। हिजो राति ट्रेनबाट एक जना नेपाली मुसाफिरको कुम्लो टिपेर भाग्न लागेको रहेछ। पुलिसले उत्तिखेरै पक्रेर लग्यो। अहिले थानाको हाजतमा बसिरहेछ। अब बजिया तीन वर्ष जाकिएन भने मलाई भन्नुहोला!”

“हाजतमा भएको तिमीले खुद देख्यौ?”

“खुद, थानाबाट सरासर आउँदै छु।”

“के खुसी लागेर हेर्न गएको त?”

“नाइँ बाबू! त्यो पापी थुनिएकोमा केको खुसी लाग्नु? दरोगासाहेबलाई पुऱ्याउन गएको थिएँ। बजिया हाजतमा कम्बल ओढेर हतकडी लगाएर झोक्रिएर बसेको रहेछ। मलाई देखेर भन्थ्यो– ‘दाइ मद्दत गर!’ चाहेँ भने सालेलाई भोलि छोडाउन सक्छु तर यसपालि चेतोस्।”

"चोरीमा गिरफ्तार भएको मानिस कसैले छोडाउँदैमा छुट्न सक्छ र?"

"जान्नुहुन्छ बाबू! सारा दरोगा-पुलिसहरू वीरबहादुरको हातमा छन्। सब सालेलाई त मै लादीलादी हिँड्छु। पुलिसहरू कुनै सालेसँग भाडा लिन्नँ। त्यो मोटो दरोगा छ नि, हो त्यसलाई भनिदिएँ भने भोलि छोडिदिन्छ तर एक पटक त सातो लिन्छ।"

"भो! पुलिसले छोडिदिन्छ, त्यही भरोसामा बस।"

"के कुरा गर्नुहुन्छ, पोर साल हिन्दू-मुसलमानको दङ्गामा त्यसलाई मैले बचाएको हुँ बाबू! एउटा मुसलमानले छुरा हानेर त्यसको भुँडी खसाइसकेको थियो, चट्ट म अगाडि गएर छेकेँ र बाँच्यो। त्यसलाई लाग्ने छुरा मेरो पाखुरामा लाग्यो र पन्ध्र दिन अस्पतालमा सुतेँ। अहिलेसम्म खत छँदै छ। नपत्याए यी हेर्नुहोस्।"

वीरबहादुरले कमिजको बाहुला सारेर खत देखायो र फेरि गर्वका साथ भन्यो– "त्यहाँदेखि मैले जे भने पनि मान्छ। त्यसलाई भनेर मैले चार जना नेपालीलाई छोडाइसकेको छु। पोर साल त्यही धने सालेलाई पनि शराबको केसमा छोडाइदिएको थिएँ। यसपालि छोडाउन्नँ। सालेको बानी छुटोस्।"

एकछिनपछि भन्यो– "आज मुसाफिरहरू छैनन् बाबू, डेरामा जान्छु त्यो पाँच नम्बर कोठामा बस्ने बिरामी सिकिस्त छ। सायद बाँच्दैन क्यार! मर्‍यो भने फेरि घाटमा पुर्‍याउनुपर्छ।"

"त्यो बिरामी कहाँको मानिस हो वीरबहादुर?"

"रामेछापको गुरुङ हो। त्यहाँ परको बङ्गालीकहाँ भाँडा माझ्थ्यो।"

"के मरेका जति सबैलाई घाटमा पुर्‍याउँछन्?"

"बेवारिसे मुर्दालाई कसले पुऱ्याउँथ्यो बाबू! डूम-मेहतरले कुकुर-बिरालो फालेझैं घिच्याएर फालिदिन्छन्। मैले भेटेका जतिलाई घाटमा पुऱ्याएर जलाइदिने गरेको छु। तर के गर्नु बाबू, बोक्ने मानिस र दाउराले बडो मुस्किल पर्छ। नेपालीहरूलाई भन्न गयो भने यो जात र ऊ जात भन्न थाल्छन्। कफन, दाउरामा गरेर मेरो हरसाल सौसवासौ रुपियाँ खर्च हुन्छ। अब के गर्ने त, आफ्ना देशका मानिस हुन् अर्थोक नभए पनि धर्म त होला!"

एकछिनपछि रिक्सामा चढेर भन्यो– "तपाईंको डेरा पनि त उतै हो नि, बस्नुहोस्, डेरानेर उतारिदिउँला।"

मैले हाँसेर भनें– "भाडा लिने भए मात्रै बस्छु किनकि म पुलिस होइन नि, भन त भाडा लिन मन्जुर छौ?"

"अरे बाबू, त्यति बित्ताभरको ठाउँमा उतारिदिन पनि तपाईंसँग भाडा लिने! गरिब छु, मजुरी गर्छु तर पैसाको निम्ति आत्मा बेचेको छैन।"

"यो रिक्सा त आफ्नै होला?"

"नाइँ बाबु! आफ्नू भए त बेचबाच पारेर पोरै घर पुगिसक्ने थिएँ। घण्टाघरको सामुन्ने त्यो बिल्डिङ छ नि, हो त्यही मारवाडीको हो। सहरमा उसका एक सय रिक्सा चल्छन्।"

"साँच्चै भन त वीरबहादुर, दिनमा कति कमाउँछौ?"

"के कमाउनु बाबू, कुनै दिन आठ–दश रुपियाँ पनि होइजान्छ, कुनै दिन जेबबाट रिक्साको किराया तिरेर डेरामा जान्छु।"

"रिक्सा नचलेको दिनको पनि किराया तिर्नुपर्छ? यो त सरासर जुलुम हो भाइ।"

"गाडी चलोस् या नचलोस् एक पैसा छोड्दैन, एक नम्बरको चुइयाँ छ साले।"

"किराया कति दिनुपर्छ नि?"

"रोजको तीन रुपियाँ। केही छैन बाबू! तन काटेर दुई पैसा निकाल्छौँ।"

वीरबहादुर मलाई जबाफ पनि दिँदै जान्थ्यो, बाटामा परिचित मानिसलाई देख्दा हात उठाएर कसैलाई 'राम, राम' कसैलाई 'सलाम' पनि भन्दै जान्थ्यो। रिक्सा वेगसँग दौडाइरहेको थियो। कति मानिससँग परिचय थियो उसको, त्यसको खुस मिजास र विनयशीलता देखेर म दङ्ग भइरहेको थिएँ।

४

डेढ-दुई महिनापछिको कुरा हो, एक दिन बिहान वीरबहादुर फेरि मेरो कोठामा दाखिल भयो। उसका दुवै आँखामा आँसु छचल्किरहेका थिए। मलाई देख्नेबित्तिकै छातीमा भक्कानु पारेर रुन लाग्यो।

मैले मनमनमा भनेँ– "यस दुःखलाई हाँसोमा उडाइदिने निःशोक प्राणीको हृदय आज कुन महान् आघातले विचलित गरायो होला? यो चोट अवश्य सामान्य छैन होला?" अनि प्रकटमा भनें– "किन यस्तो विवश भइरहेका छौ वीरबहादुर? तिमीलाई के भो?"

"के भन्नु बाबू! मेरो राम खसेछ। मेरो राजालाई दैवले चुँडेर लग्यो!" वीरबहादुर झन् घोप्टो परेर डाँको छोडेर रुन लाग्यो। मैले पनि मन थाम्न सकिनँ, गहभरि आँसु भो। एकैछिनपछि वीरबहादुरले आँसु पुछ्दै भन्यो– "मेरो राम राजा–रहिसको छोरोजस्तो राम्रो थियो। गोरो, कलकलाउँदो, यति अग्लो निधार भएको, बाँचिरहेको भए ठूलो मानिस हुने थियो।"

अनि उसले अलि धैर्य गरेर भन्यो– "यो साल मेरो ठूलो दशा रहेछ बाबू! भएभरको कमाइ चोरले लग्यो। आज छोरो मरेको चिठी आयो। उता डल्ली रोएर मर्न लागेकी होली। भर्सेला परोस् साहू! म भोलि घर जान्छु हजुर!"

भोलिपल्ट वीरबहादुरलाई पुऱ्याउन म पनि स्टेसनसम्म गएँ। धनसम्पत्तिको नाउँमा ऊसँग एउटा कब्जा फुक्लेको थोत्रो ट्रङ्क र एउटा पुरानो कम्बलको सानु गुन्टासिवाय केही थिएन। इन्जिनले सिटी दिएपछि उसले गहभरि आँसु पारेर सलाम गऱ्यो। मेरो आँखाबाट पनि अचानक दुई थोपा आँसु खसे। रेल हिँडेपछि पनि मैले धेरैबेरसम्म वीरबहादुरको झ्यालतिर हेरिरहें।

मलाई आज आफ्नै परिवारको कुनै आत्मीय व्यक्ति विछोड भएजस्तो दुःख भैरहेको थियो।

५

नेपालमा भित्रभित्रै सल्किरहेको क्रान्तिको आगो एकै पटक दन्कियो। आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निमित्त हाम्रा वीर सम्राट् त्रिभुवन वीरविक्रम शाहदेव ००७ साल कार्तिक २१ गते आफ्ना सारा परिवार लिई शरणार्थीका रूपमा नेपालको हिन्द-दूतावासमा प्रवेश गर्नुभो र कार्तिक २६ गते हिन्द–सरकारका संरक्षणमा विमानद्वारा दिल्लीतर्फ प्रस्थान गर्नुभो। त्यसै दिन रातको ३ बजे नेपाली काङ्ग्रेसले पूर्व मानेभन्ज्याङदेखि लिएर पश्चिम महाकालीसम्म नेपालका सामन्ती सरकारका विरुद्ध गृहयुद्धको घोषणा गऱ्यो। काङ्ग्रेसले नौतनवा, गोरखपुर, पटना, लखनौ, कटिहार इत्यादि ठाउँठाउँमा जनमुक्ति सेनाको भर्ती शुरु गऱ्यो। भारतका स्कुल-कलेजहरूमा पढ्ने धेरैजसो नेपाली विद्यार्थीहरूले पनि क्रान्तिमा सक्रिय भाग लिए। हामी ठाउँठाउँका मेडिकल कलेजमा पढ्ने विद्यार्थीहरू पनि रेडक्रसमा काम गर्ना निमित्त काङ्ग्रेसको हेड अफिसमा जम्मा भयौँ। म विराटनगरको सैनिक अस्पतालमा खटिएँ।

रातको ९ बजे म हस्पिटलको वार्डमा प्रवेश गरेर घायल सैनिकहरूको जाँच गर्न लागेँ। त्यस्तैमा पर कुनाको बेडबाट एक जना घायल सैनिकले भन्यो– “बाबू! जय नेपाल!”

स्वर चिनेजस्तो लाग्यो तर ठम्याउन सकिनँ र बेडनजिकै पुगेँ। म अकमकिएको देखेर क्षीणस्वरले भन्यो– “चिन्नु भएन बाबू, वीरबहादुरलाई ?”

मेरो आश्चर्यको सीमा रहेन, उत्सुकतापूर्वक सोधेँ– “वीरबहादुर, तिमी यहाँ कसरी आइपुग्यौ ? तिमी त घर हिँडेका थियौ !”

उसले आँसु झार्दै भन्यो– “तपाईंसँग बिदा भएर पर्सिपल्ट बिहान गोरखपुर पुगेँ। प्लेटफारममा अचानक देवता बाबूसँग भेट भो र उहाँले आश्चर्य मानेर सोध्नुभयो– ‘वीरबहादुर ! तिमी यस्तो छाँटसँग कहाँ जान लागेको ?’ मैले रोएर आफ्नू हाल सबै भनिदिएँ। अनि उहाँले गहभरि आँसु पारेर भन्नुभो– ‘हरे, राम खसेछ ? डल्लीलाई कस्तो छ नि ?’ मैले भने– ऊ पनि रोएर मर्न लागेकी होली।”

“अनि ?”

“अनि, देवता बाबूले भन्नुभो– “वीरबहादुर संसार यस्तै छ, अपशोच नगर। हामीले आजादीको लागि नेपालका सामन्ती सरकारसँग लडाइँ सुरु गऱ्यौँ। मुक्तिसेनाका निमित्त स्वयम्सेवकहरूको बहुतै जरुरत छ। तिमीजस्ता बहादुर कमान्डर पाए एउटा मोर्चामा हाम्रो अवश्य विजय हुनेछ। तिमी घर जान पाउँदैनौँ। सेनामा भर्ती हुनुपर्छ।” मैले हात जोडेर भनेँ– “बाबू, एक पटक डल्लीको मुख मात्रै हेरेर आउन दिनुहोस्, अनि जे भन्नुहुन्छ, मान्नेछु।”

“अनि ?”

“अनि, उहाँले भन्नुभो– “हेर वीरबहादुर ! तिमीलाई यो कुरा सुनेर दुःख लाग्ला। मेरो पनि भदौमा जहान परलोक भैछन्। काखको छोरालाई दिदीले लगेर पाल्नुभएको छ अरे। उता सरकारले घरखेत जफत गरिराखेको छ। आफू चन्दा मागेर खान्छु। भन त, मेरो मन कस्तो भएको होला ? तर, याद राख, आमाको पुकारभन्दा स्वास्नी, छोराछोरीको पुकार ठूलो होइन। जन्जिरले बाँधिएकी नेपाल आमा यस बखत आफ्ना

समस्त सन्तानसामु हात पसारेर रोइरहेकी छिन्। आमाको बन्धन हामी सबैले मिलेर तोड्नुपर्छ। तिमीलाई थाहै छ, सन् ४२ को गदरमा भारतका हजारौँ लालहरूले देशका निमित्त कसरी हाँसीहाँसीकन आफ्नो प्राणको बलि दिए। तिमीलाई आमाको माया लाग्दैन? एक दिन मर्नु त छँदै छ, मानिसले मर्न जान्नुपर्छ। जुन जाति मर्न जान्दछ, बाँच्न पनि त्यसैले जानेको हुन्छ।"

"अनि?"

"अनि के? तपाईंलाई थाहै छ, हामी देवता बाबुको आज्ञा काट्न सक्दैनौँ। उहाँले मलाई पनि प्लाटुन कमान्डरमा भर्ती गरेर विराटनगर पठाइदिनुभो। त्यही बेला विश्वस्त सूत्रबाट थाहा भो, विराटनगरका सरकारी सेनाका मद्दतका निमित्त नेपालबाट तीन सय फौज तराईको बाटो आइरहेका छन्। यो खबर पाएर हाम्रा सेनापतिले सय जवान सिपाही दिएर सरकारी सेना रोक्ने काममा मलाई खटाउनुभो। कोसीनदीको कुशहाघाटमा सरकारी सेनासँग हाम्रो घमासान लडाइँ पर्‍यो। दुवैतिरका धेरै जवान हताहत भए। तीन सय जवानको अगाडि सय जवान टिक्न कठिन थियो। हाम्रो मुक्तिसेनाका जवानहरूको हिम्मत टुट्न लाग्यो। मैले विचार गरेँ– 'सरकारी सेना अगाडि बढ्यो भने हाम्रा बाँकी रहेका जवान त अवश्य सोतर हुने नै छन् साथसाथै विराटनगरका अरू चार सय जवान पनि घेरामा परेर खतम हुनेछन्।' अनि, मैले आफ्नू सेनाका जवानहरूलाई भनेँ 'वीर जवानहो! आज मर्ने र मार्ने दिन हो। खबरदार! कोही पछि नहट्नू। हाम्रो एक जवान र एक गोली शेष रहेसम्म पनि दुस्मनलाई एक पाइलो अगाडि बढ्न दिनुहुन्न। सङ्ख्यामा थोरै भए पनि हामीसँग सत्य र ईश्वरको बल छ। दुस्मनको मुटु हल्लिसकेको छ। बहुतै चाँडो हाम्रो विजय हुनेछ।"

"अनि?"

"अनि, मेरा जवानहरूले फेरि आफ्नो शौर्य र पराक्रम देखाउन थाले। तर त्यही बेला दुस्मनले हानेको एक गोली मेरो छातीमा लाग्यो र म बेहोस भएर गिरेँ। होस फिरेपछि

मैले आफूलाई यही बेडमा सुतिरहेको पाएँ।"

एकछिनपछि फेरि उसले आँसु झार्दै भन्यो– "बाबू! लडाइँमा मैले धेरै पटक मृत्युसँग खेलबाड गरिसकेको छु। त्यसो हुनाले मर्नमा त मलाई अलिकता पनि फिक्री छैन। तर एक पटक डल्लीको मुख हेर्न पाइनँ। ठूलो अपसोच यही कुराको छ।"

मैले भनें– "अघि पनि तिमीले फौजमा काम गरेका थियौ?"

"जी, अघि मैले २/४ गोर्खा रेजिमेन्टमा पाँच साल नोकरी गरेको थिएँ। दोस्रो ठूलो लडाइँमा हाम्रो पल्टन बर्मामा लडेथ्यो।"

"वीरबहादुर! तिमीजस्ता बहादुर योद्धालाई यो खबर सुनेर खुशी नै लाग्ला, तिम्रा देवता बाबू पनि अस्तिको लडाइँमा सहिद हुनुभो!"

"अहो! देवता बाबू बित्नुभो? उहाँ महान् पुरुष हुनुहुन्थ्यो...!"

वीरबहादुर आँखा चिम्लेर दुवै हात जोरी एक छिन मौन रह्यो। अनि फेरि मतिर हेरर उसले भन्यो– "बाबू! मेरा शरीरका पुर्जाहरू चुँडिन लागेका छन्। घाउ सारै दुखिरहेछ। यस पटक म अवश्य बाँच्दिनँ। मेरी डल्लीलाई एउटा चिठी पठाइदिनुहोला।"

मेरो गहभरि आँसु भो; मैले भनें– "तिमी विश्वास राख वीरबहादुर, म डल्लीलाई चिठी अवश्य पठाइदिनेछु।"

मैले वीरबहादुरलाई पेनिसिलिनको सुई दिएँ। उसको पथ्यको व्यवस्था मिलाएर आफ्नू चार्ज साथी डाक्टर नरेन्द्रध्वज जोशीलाई सुम्पेर म रात्रि विश्रामका निमित्त डेरातर्फ हिडेँ।

मेरा मनमा विचारको ज्वारभाटा चल्न लाग्यो। ओहो! मृत्युको रूप पनि कति प्रकारको हुन्छ! ऊ देशको निमित्त वीरगतिले मर्न लाग्यो; अरू हजारौँ नेपालीहरू

ठाउँठाउँमा कुकुर-बिराला मरेजस्तो मरिरहेका छन्। अब डल्लीलाई चिठी पो के भनेर लेखिदिऊँ? छोरो मरेको वर्ष दिन भएको छैन, लोग्ने परदेशमा यसरी मर्न लागिरहेको छ। जग्गाजमिन साहूले अँठ्याइराखेको छ। चिठी पाउँदा ती दिनहीन विधवाको हृदय कस्तो होला! लोग्नेको क्रियाकाष्टा गर्ने पैसा पनि पो छ कि छैन? अब सायद उनीसँग बन्धक राख्ने गहना पनि केही होवैन! मेरो मन एकतमासको भो।

## ६

बिहानैदेखि आकाश बादलले ढाकिरहेको थियो। टाइमटाइममा चिसो बतास चल्थ्यो। पुसको जाडोले तरुण रूप धारण गरेको थियो। म कपडा लगाएर अस्पताल जान तयार भइरहेको थिएँ। त्यस्तैमा पर छितिजमा ठूलो कोलाहल गर्दै मानिसहरू आउन लागेको देखें। अघिअघि मुक्तिसेनाका हतियारबन्द सिपाहीहरू थिए; त्यसपछि एक हातमा आरती र एक हातमा माला लिएका महिला स्वयंसेविकाहरूको दल थियो; त्यसपछि आठ जना स्वयंसेवकहरूले एउटा लास बोकेका थिए। लास ठूलो राष्ट्रिय झन्डाले ढाकेर फूलमाला, अबिर, लावाले सिँगारिराखेको थियो। त्यसपछि राष्ट्रिय झन्डा लिएका पुरुष स्वयंसेवक र नागरिकहरूको दल थियो। सबै जना जोशका साथ बुलन्द आवाजले नारा लगाइरहेका थिए–

"इन्क्लाब – जिन्दाबाद!"

"वीर शहीद – जिन्दाबाद!"

"वीरबहादुर – जिन्दाबाद!"

बुझ्दा अर्थी मेरै चिरपरिचित वीरबहादुरको रहेछ। मेरा आँखाबाट आँसुका धारा बग्न लागे।

# कर्तव्य

१

लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे। उनी एउटा महान् पुरुष थिए। आफ्नू विपुल सम्पत्तिलाई उनी सधैँ 'जनताको थाती' भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे। गरिबहरूको चुलोमा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्न-पैसा दिई पठाउँथे। कसैले तिर्ने भाका सोध्यो भने 'सके तिर्नू, नसके तिमीहरूकै हो' भन्ने जबाफ दिन्थे। उनको जीवनकालमा कसैको बिहाबर्तुन, क्रियाश्राद्ध, दशैँ-तिहार अड्केन। गाउँका दीनहीन गरिबहरू बिरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे। गाउँका गरिबहरूलाई 'मुखिया बाको जीउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो। उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नू चाडबाड, काजकल्याण अपूर्ण सम्झन्थे। कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे। उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन।

गाउँका तालुकदार भए पनि उनी 'मुखिया बा'का नाउँले प्रसिद्ध थिए। उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटीहरू 'मुखिया बा, मुखिया बा' भन्दै कोहोलो हाल्दै आउँथे र कोही औँला, कोही लबेदाको फेर, कोही उनको लट्ठी समाउँथे। केटाकेटीहरूले त्यसो गर्दा बुढा मुसुमुसु हाँसेर कसैको गाला थपथपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे। यस

प्रकारले गाउँका युवा-वृद्धा, बालवनिता सबैका निमित्त उनी अपार प्रिय थिए। उनलाई ग्रामपिता भन्नु कत्ति पनि अत्युक्ति थिएन।

उनको देहावसानले गर्दा वरिपरि दश गाउँको अपार क्षति भो। भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे। बूढाबूढी, लुलालङ्गडा, कानाखोरन्डाका टेक्ने लट्ठी भाँचियो। न्यायको बत्ती निभ्यो। अनाथअशक्तहरूको आशास्तम्भ ढल्यो। गाउँका 'धन्वन्तरी' अस्ताए।

बिरामी कुर्न बसेका दश गाउँका दुनियाँ डाँको छोडेर रुन लागे। एउटा ठूलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो। केहीबेरपछि शव उठाएर खोलातिर लगे। मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो। मानिसहरूले भनें– "कसैको मरण होस् त यस प्रकारको होस्!"

गङ्गाधरका दुई छोरा थिए– जेठा मुरलीधर र कान्छा श्रीधर। मुरलीधर पण्डित थिए। सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे। उनी आफ्नू धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे। आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे। मानिसहरू उनलाई जिल्लाका टाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे। उनी वास्तवमा एउटा सच्चा ब्राह्मण थिए। धोतीमाथि लामू लवेदा, लवेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैँ यही परिधानमा हिँड्थे। जिल्लामा 'मुरली पण्डित'का नामले विख्यात थिए। आइमाईहरूको गृहकलहले गर्दा उनी बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए। उनका दुई जना छोरी मात्र थिए; छोरा थिएनन्।

यता भाइ श्रीधरचाहिँ राजनैतिक पार्टीका सदस्य र ग्रामपञ्चायतका प्रधानपञ्च थिए। दशौँ श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए। धोक्रे सुरुवाल र कुर्ता लाउँथे। जुँगा, दारी खौरेर लामू बुलबुल पालेका थिए। कहिलेकाहीँ बुलबुलको अग्रभाग निधारतिर झऱ्यो भने टाउको झड्कारेर पछाडितिर सार्थे। आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली

मिसाएर कुरा गर्थे। त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे। पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे। वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनरको होटेलभित्र पसेर केके केके खाए' भनी उनका साथीहरू भन्थे। उनी आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे। हातमा चन्दा बुक लिएर चन्दा माग्दै हिँड्थे। त्रासले भनूँ कि आशाले भनूँ जिल्लाका सानाठूला सबै मानिसहरूमा उनको निकै धाक थियो। जिल्ला-गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने र साहूबिर्तावालहरूको लरलहना, झाराखेताला हड्कने काममा विशेष सहायता पाउँथे। जिल्लामा उनी 'शर्माजी'का नाउँले प्रख्यात थिए।

## २

छोराहरू भिन्न हुँदा 'पीपले' भन्ने सय मुरी खेत बूढाले आफ्नो जिउनी राखेका थिए। पुरानू पानी लाग्ने, खोलोपैह्रोको डर नभएको, माना मुरी फल्ने, डोल परेको साह्रै असल खेत थियो।

क्रिया सिद्धिएका केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बीच विवाद उठ्यो। 'बाबुसँग बसेकाले ऐनसवालले एकलौटी हुने' भन्ने श्रीधरको र मर्ने बेलामा 'मेरा दुवै छोरा बराबर हुन्, आधाआधा बाँडेर खानू' भनी बाले भनेर जानुभएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो।

पैँतालीस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए। जुन आँगनमा दश गाउँका दुनियाँको होचीअर्घेली, न्याय-अन्यायको निरूपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिसहरू भेला भए। मानिसहरूको दुई मत भो। उमेर पुगेका बूढापाकाले मुरलीधरको पक्ष लिए, श्रीधरका प्रभावमा परेका नयाँ ठिटाहरूले चाहिँ श्रीधरको। सम्पत्तिका धनी बाबुले नै 'दुवै छोराले आधाआधा खानू'

भनेर गएपछि त्यस महान् आत्माको अन्तिम आज्ञा श्रीधरले मान्नै पर्छ भन्ने निर्णय बूढापाकाले गरे, ‘आधाआधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि, बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ’ भन्ने फैसला ठिटाहरूले गरे। बूढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको। भोज सम्भेर गाउँका सारा कुकुरहरू पनि त्यहाँ जम्मा भएका थिए। परस्पर ठूलो विवाद भो। हुल्लडबाज नयाँ ठिटाहरूका अगाडि बूढापाकाहरूको केही जोर चलेन। आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जित भो। भेला भएका ठिटाहरू बूढापाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए। बूढापाकाहरू पनि लाखापाखा लागे।

ग्रामसभा विसर्जित भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए। धूमधामसँग मुद्दा चल्यो, गाउँका बुढापाका, तरुणतन्नेरी साराले बकपत्र गर्नुपऱ्यो। साक्षी बक्दा पनि गाउँ दुई भागमा विभक्त भो। ‘मर्ने बेलामा दुवै छोराले आधाआधा बाँडेर खानू भनी बुढाले भनेको हामीले प्रत्यक्ष देखेसुनेका हौं’ भनी बूढापाकाले बकपत्र गरे, ठिटाहरूले चाहिँ ‘होइन’ भने। होइन भन्नेकै सङ्ख्या बर्ता भो।

जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरबाफ प्रशस्त जमाइराखेका थिए। भनेजस्तो भएन भने बजारमा ढ्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे। त्यसो हुनाले अदालतका डिट्ठा-विचारीहरू श्रीधरसँग अलि भस्कन्थे। उसमाथि अदालतमा मामिलाको निरूपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ। हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ। कानुन श्रीधरका पक्षमा थियो। अन्त्यमा डिट्ठा-विचारीले कानुनको आज्ञा पालन गरे। जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो।

\+ + +

यता केही महिनादेखि श्रीधर बिरामी छन्। उनलाई तपनी ज्वरो आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन्। बेथा आहारविहारको दोषबाट भएको भन्थे। शरीर सुकेर हाडछाला मात्र बाँकी थियो।

यस्तै बेलामा कुटुम्बले छोरा शशिधरलाई छोरी दिन आए। कुटुम्ब धनीमानी थिए। जिल्लामा उनको ठूलो ख्याति थियो। मधेसतिर तीन-चार मौजा जिमिदारी छ भन्थे। सन्तानमा केवल यिनै एउटी छोरी मात्र हुन् भन्ने सुनिन्थ्यो। शशिधर भरखर पन्ध लागेको थियो, आदर्श विद्यालयको दशौँ कक्षामा पढ्थ्यो। ठिटो राम्रो र बहुतै मेधावी थियो। छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन। तर एउटी छोरी मात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमन्जसमा परे। उता आइमाईहरूले पनि बिहा गर्नैपर्छ भनेर करकर गर्न थाले। उनले आइमाईको हठलाई नाइँनास्ति गर्न सकेनन्। कामकुरो छिनियो; खूब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले।

३

वैशाखको महिना थियो। मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे।

आँगनमा चौकाचँदुवा गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्राराम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरूचाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदीअगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो। एकछिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्गको कर्म गर्न लागे।

तर घरगृहस्थीको यति ठूलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन्। अरूलाई नभए पनि दाज्यूका दुई जना छोरीलाई

त अवंश्य डाक्नुपर्थ्यो। तिनीहरूलाई पनि डाकेनन्।

मुरलीधरको मन एकतमासको भो। घोरिएर आकाशपट्टि हेर्न लागे। अतीतका अनेक स्मृतिहरू उनका सामुन्ने साकार भएर आए। एक पटक स्वर्गीय पिताको तेजस्वी अनुहारको पनि सम्झना भो। केहीबेरपछि बर्र आँसु झारेर आफ्नू नित्य कर्म गर्न थाले।

अपराह्नतिर दुलाहा अन्माउन थाले। मुरलीधर आफ्नू पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए। एकछिनपछि बाजावालाहरू मङ्गलधून बजाउँदै अघिअघि हिँडे। त्यसपछि दुलाहाको ताम्दान चल्यो। शशिधर बिहाका राम्राराम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो। शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्वजस्तो देखिन्थ्यो। शशिधरलई दुलाहाको रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो; मनमनमा भने– "कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता!"

मुरलीधरले सबै बरियाँतीलाई एकएक गरेर हेरे। बुढोपाको एउटा थिएन; सबै अल्लारे मात्रै। सबैका हातहातमा चुरोट थियो; बेफुङ्गसँग धुवाँ उडाइरहेका थिए। श्रीधरचाहिँ फलैँचामा ओछ्यान लाएर पल्टिरहेका थिए।

मुरलीधरले मनमनमा भने- "खोलामा बाको कत्रो नाउँ छ। आज पनि घरघरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ। उसमाथि त्यस्ता घरानियाँ कुटुम्बका दैलामा बरियाँत जानु छ। यी ठिटाहरू चुरोट फुक्न र पाङ्गनपुच्छरको उटपटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन्। बाबुचाहिं ओछ्यानमा लम्पसार परिरहेछ। यिनले बाबुबाजेको नाउँ र इज्जत पखाल्न आँटे। अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे। अनि लुगासुगा लाएर उनले जहानसँग भने– "कमला! मेरो दोसल्ला झिकिदेऊ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले सोधिन्– "यस्तो टन्टलापुर घाममा कता हिँड्न लाग्नुभाको, नि?"

"जन्त।"

"जन्त? नबोलाईकन त कुकुर पनि नजाओस्!"

"ठीक भन्यौ! कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ; मानिसचाहिँ ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँ पनि जानुपर्छ।"

"अँ, नबोलाईकन पनि जानुपर्छ! दाज्यूलाई बाबुले मर्ने बेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको...!"

"खाऊन्, आखिरमा त मेरो खाने पनि यिनै हुन्। मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए। त्यसको पाप-धर्म उनैलाई छ।"

"भो, म त मारे पनि जान दिन्नँ। उनलाई दाज्यूभाउज्यू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने?"

"त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला! यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो। कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बको आँगनमा बरियाँत लैजानु छ। बाबुचाहिँ फलैँचामा ओछ्यान लाएर लडिरहेछ। जन्तीमा बूढोपाको एउटै छैन। खालि ओठ निचोर्दा दूध झर्ने अल्लारे ठिटा मात्र छन्। घरगृहस्थीको यति ठूलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान्? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान्? तिमी अर्काको घरबाट आएकी छोरी हौ कमला! कुलको मानमर्यादा भनेको कत्रो कुरो हो, त्यो तिमीलाई थाहा छैन। जन्ती बेँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ।"

कमलाले झर्कंदै बाकसबाट दोसल्ला झिकेर दिइन्। दोसल्ला काँधमा हालेर लठ्ठी टेक्दै मुरलीधर जन्त हिँडे। उनलाई यस्तो टन्टलापुर घाममा एक्लै ओह्रालो लागेको देखेर गाउँका मानिसहरू अचम्म मानेर मुखामुख गर्न लागे।

बरियाँत खोलापारि पुगिसकेको थियो। मुरलीधर पनि पछिपछि गए। झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे। मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन्। मानिसको घुइँचोमा उनलाई कसैले चिनेनन्।

वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो। पुरोहित वेदीमा रेखी हाल्न थाले। भित्रबाट यज्ञसामग्रीहरू आउन लागे। यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे। एकछिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए। दुलही बसेपछि लाज मानेजस्तो गरेर शशिधर अलि पर सर्‍यो। शशिधरले लाज मानेको देखेर मुरलीधर फलैँचामा मुसुमुसु हाँस्न लागे।

दुलहादुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउती हेरेर भने– “खै, सम्धी पाल्नुभएको छैन? अब मण्डपमा आएर बसिदिनुभए हुन्थ्यो।”

दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने– “ज्यू, म यहीँ छु, आउन लागेँ।”

मुरलीधर उठेर मण्डपमा गए। चिनेका मानिसहरूले ढोगिदिए। जेठा बाबुलाई अचानक आफूनेर उभिएको देखेर शशिधरले पनि ढोगिदियो। मुरलीधरले छोरालाई “नानी, चिरञ्जीवी भए” भनेर आशिष् दिए र उसका पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने।

बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियाँतमा आएका ठिटाहरू परस्पर कानेखुसी गर्न लागे।

मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए। उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे। श्रीधर र मुरलीधरले जिउनीको विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै

जनालाई थाहा थियो। कन्या पक्षका बूढापाकाहरूले भने– “त्यस्ता महापुरुषका सन्तानले आफ्नू कर्तव्य किन छोड्दथे। तब पो मानिसहरू कुलघरान भन्दछन्।”

विवाहविधि आरम्भ भो। पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे। शशीधरचाहिँ जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो। मुरलीधर बखतबखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे। एवम् प्रकारले विवाहविधि समाप्त भो।

भोलिपल्ट दिउँसो दुलही अन्माइदिए। मुरलीधरले निहुरेर बुहारीको मुख हेर; बुहारी महालक्ष्मीजस्ती रहिछन्। छोराबुहारीको रूप देखेर मुरलीधर गद्‌गद भए। अनि दुलही दुलाहाको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के।

साँझ पर्ने बेलामा बरियाँत गाउँनेर पुग्यो। पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो। बरियाँत दोबाटोनेर पुगेपछि “लौ, घर लगेर भित्र्याऊ” भनेर मुरलीधर आफ्ना घरतिर गए।

दुलही भित्र्याएपछि दाज्यू बिहेमा गएको, सबै कर्मविधिहरू आफ्नू कुलपरम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे– “दाज्यूलाई खानपिन त राम्ररी गरायौ के?”

“आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभो।”

## ४

बिहे सिद्धिएको एक महिनापछिको कुरो हो। एक दिन बिहान मुरलीधर आफ्नू नित्यकर्म सिध्याएर फलैँचामा बसेर भागवत हेर्न लागेका थिए, त्यस्तैमा शशिधरले बिस्तारबिस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो–

“ठूलबा! जिउनीको पीपले खेतमा हजुरलाई जताबाट मन पर्छ नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभाको।”

शशिधरका कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्दै भने– “जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा?”

शशिधर केही उत्तर नदिएर छिटोछिटो आफ्ना घरतिर गयो। कमलाचाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन्।

शशिधरले खेत कमाउने कुरो सुनाएर गएको चौध-पन्ध्र दिनपछि एक दिन मुरलीधर फलैँचामा बसेर नस सुँघ्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए। त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी– “ठूलबा! बालाई व्यथाले चाप्यो, हजुरलाई बोलाउन पठाउनुभाको।”

छोरीको कुरा सुन्नेबित्तिकै पढाउन छाडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए। श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन्। दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु पारेर ढोगिदिए। भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो। चार वर्षपछिको यी दुई दाज्यूभाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो।

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने– “दाज्यू! अस्तिदेखि दम बढ्न थाल्यो। मलाई अब धेरै दिन बाचुँलाजस्तो लाग्दैन। मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु। यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालख छोराछोरीको शरण लिइदिनुहोला!”

भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे। मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे। एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे। उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल

मच्चियो। केहीबेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने– “बिसेक हुन्छ बा! हरेस नखाऊ! बाले आफ्नू जीवनमा अनन्य पुण्य गर्नुभएको छ। उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुनेछैन। बरु, अब यहाँका वैद्यको भर गरेर बस्न भएन। तिमीलाई देशतिर औषधि गराउन लैजान्छु।”

यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केहीबेरपछि मुरलीधर आफ्नू घरतिर गए।

\+ + +

यो घटना भएको छ-सात दिनपछि भाइलाई लिएर औषधि गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो।

# प्रत्यागमन

१

शोभा बेलुकीपख कौसीमा उभिएर सुकाएका लुगाहरू बटुल्न लागेकी थिइन्। रामु भऱ्याङ्मा ढ्वाङढ्वाङ गर्दै हतारहतारसँग उक्लेर आयो र शोभाका जीउमा टाँसिएर उनको औँला समाउँदै भन्यो– “भाउजू, तपाईंले टेलिफोन सुन्नुभाको छ? सुन्न हिँड्नोस् त, हामीले कति राम्रो टेलिफोन बनाएका छौँ, बाबै!”

शोभाले रामुको कपाल सुमसुम्याउँदै भनिन्– “कस्तो टेलिफोन रामु?” रामुले पार लाउँदै भन्यो– “बाँसको ढुङ्ग्रामा धागो बाँधेर एउटा ढुङ्ग्रो हाम्रो भोकटेको बोटमा बाँधेको छ, एउटा कमलको हलुवाबेतको बोटमा। कमलले उहाँबाट बिस्तार बोलेको ढुङ्ग्रामा टड्कारै सुनिन्छ भाउजू!”

“जान्नँ म त्यस्तो जाबो टेलिफोन सुन्न।”

“हिड्नोस् न हिड्नोस्, साँच्चै सुनिन्छ। मैले कमललाई ‘कपाल कन्या’ भन्दा उसले कपाल कन्यायो अनि उसले ‘कान समात्’ भन्यो, मैले कान समाएँ, टड्कारै सुनिन्छ।”

शोभा सुनेको नसुन्यै गरेर कपडा पट्याउन लागिन्। रामु जाऊँ कि जाऊँ भनेर गोडा भुइँमा बजार्दै शोभाको औँला समातेर तान्न थाल्यो।

“आफ्नू कति काम बितिरहेछ, यो केटो नानावलीको उल्का गरेर डाकिरहन्छ” भनेर शोभा मुसुमुसु हाँस्दै रामुका पछिपछि लागेर बगैँचामा पुगिन्।

रामुले शोभालाई ढुङ्ग्रामा कान थाप्न लगाएर भन्यो– “म परको ढुङ्ग्राबाट जेजे भन्छु, तपाईं त्यहीत्यही गर्नुस् है भाउजू!”

रामु दगुर्दै कमलको बगैँचामा गयो र ढुङ्ग्रोबाट बोल्न लाग्यो। रामुले “दाहिने हात उचाल्नुहोस्” भन्यो, शोभाले हाँसेर देब्रे हात उचालिन्। रामुले “नाक समाउनुहोस्” भन्यो, शोभाले कान समाइन्। यसरी शोभाले विपरीत काम गरेको देखेर रामुले भुइँमा गोडा बजारेर रुन्चे मुख लाएर भन्यो– “नाइँ, म बोल्दिनँ अब तपाईंसँग, म नाक समाउन भन्छु तपाईं कान समाउनु हुन्छ!”

शोभाले हाँसेर भनिन्– “भो बा भो! अब तिमी जहाँ-जहाँ समाउन भन्छौ म उहीँ समाउँछु!”

अनि रामुले “कपाल समाउनोस्” भन्यो शोभाले कपाल समाइन्, रामुले “गालामा हात राख्नुहोस्” भन्यो, शोभाले गालामा हात राखिन्। आफूले भनेअनुसार शोभाले गरेको देखेर रामुले खुशी भएर शोभालाई भन्यो– “भाउजू, अब तपाईं मलाई भन्नुहोस् त!”

शोभाले ढुङ्ग्रामा मुख लगाएर भनिन्– “अब हिँड बा जाऊँ, तिमीलाई भोक लागिसक्यो होला!”

रामुले दगुर्दै आएर शोभाका जीउमा टाँसिएर उनको सारीको सप्को समाउँदै भन्यो– “अँ, कसो हुँदो रहेछ हामीले भनेको, सुनियो कि सुनिएन? तपाईं सुनिँदैन भन्नुहुन्थ्यो नि!”

रामुको गालामा म्वाइँ खाएर उसको हात समातेर शोभाले भनिन्– “हिँड जाऊँ माथि, लुगा त्यसै असरल्ल छ।”

माथि लगेर शोभाले एउटा कचौरामा चिउराजुलेवी हालेर रामुका हातमा दिइन् र आफू लुगा उठाउन कौसीतिर गइन्।

रामु शोभाको सौतेनी देवर हो। शोभा दुलही भएर यस घरमा आउँदा रामु डेढ वर्षको थियो; शोभा सोह्र वर्षकी थिइन्। त्यसै वर्ष रामुलाई शोभाका जिम्मा लाएर रामुकी आमा नफर्कने बाटो लागिन्। त्यस बेलादेखि रामुलाई शोभाले नै पालेर हुर्काइन्। अहिले रामु सात वर्षको भो; शोभा बाईस वर्षकी भइन्। घरमा रामु, उसकी भाउजू र दाज्यू निर्मलबाहेक अर्को प्राणी कोही छैन। रामुका बाबु त ऊ वर्षदिन नपुग्दै मरिसकेका थिए। आमा पनि डेढ वर्षमा गैहालिन्। अब यस पितृमातृहीन शिशुका मातापिता शोभा र निर्मल नै छन्। घरमा उसका निम्ति सदा बालसाम्राज्य छ। शोभाबाट उसले प्रशस्त मातृत्व सुख पाइरहेको छ। शोभाको यस अलौकिक गुणको प्रशंसा टोलछिमेकका समस्त नरनारीले गरिरहेका छन्।

## २

लगभग पन्ध्र वर्षपछिको कुरो हो। रामु बाईस वर्षका भए। यसैसाल उनले प्रथम श्रेणीमा एमएस्सी पास गरे र रिजल्ट निक्लेको दिन रामुले हस्याङफस्याङ गर्दै तलामा उक्लेर शोभालाई बोलाएर भने– “भाउजू, म एमएस्सी पास भएँ, सबैभन्दा पहिला भएछु।”

रामु कुर्सीमा बसेर शोभालाई पास भएको विवरण सुनाइरहेका थिए। शोभा कुर्सीपछाडि उभिएर आँखाबाट हर्षाश्रु झार्दै रामुको कपाल सुमसुम्याइरहेकी थिइन्; आँसुका थोपा रामुका पिठ्युँमा खसिरहेका थिए। एउटा साधारण गरिब बाहुनका छोराले यति सफलताकासाथ एमएस्सी पास गरेको सुनेर सबैले प्रशंसा गरे। मानिसहरूले विशेष

गरेर यसको प्रधान श्रेय निर्मलचन्द्रलाई दिए। महिनाको साठी रुपियाँ खाने भाषा पाठशालाको एउटा मामुली अध्यापकले भाइ, उसमा पनि सौतेनी भाइलाई आफ्नू अनुपम त्याग र तपस्याद्वारा यत्रो उच्च शिक्षा दिलाए भनेर इष्टमित्र नसनाता सबैमा खूब चर्चा भइरहेको थियो।

यता भाइ फस्ट भै पास भएको देखेर निर्मलको पनि आनन्दको सीमा थिएन। चिनेजानेका जुनसुकै मानिससँग भेट हुँदा पनि "थाहा पाउनुभो! हाम्रो रामु फस्ट भएर एमएस्सी पास भो नि!" भनेर सुनाउँदै हिँड्थे। उता खुसीका मारे शोभाका पनि भुइँमा गोडा थिएनन्। टोलछिमेकका आइमाईसँग भेट हुँदा सबैलाई रामु पास भएको कुरा सुनाउँथिन्। यस कुरामा उनले आफ्नू ठूलो विजय सम्झेकी थिइन्।

पास भएको दोस्रो साल गुरुपुरोहित उन्मत्तराज पण्डितले रामुलाई छोरी दिए। पुर्खाहरूले पनि आजसम्म आँक्न नसकेको त्यति ठूलो खानदानमा आफ्नू सम्बन्ध जोरिने भएकोले निर्मलका हर्षको सीमा रहेन। दरिद्र निर्मलले घर धितो राखेर खूब मन फुकाएर बिहेको सर्जाम जोरे। दुलाहा अन्माउने बेलामा रामुले शोभाका गोडामा रुपियाँ राखेर ढोगिदिए। शोभाले गहभरि आँसु पारेर रामुलाई दही ख्वाइदिइन्। बिहेको काम धन्दाले गर्दा शोभालाई न्वाउनेधुने फुर्सद थिएन।

भोलिपल्ट बेलुकीपख बरियाँत फर्क्यो। शोभा सियाँलीको सर्जाम लिएर ढोकामा उभिएकी थिइन्। अप्सराजस्ती दुलही अगाडि लाएर राम बिस्तारै आएर ढोकानेर उभिए। शोभाले दुलहीको घुम्टो पन्छाइन्; अनि गहभरि हर्षाश्रु पारेर हाँस्दै रामुका मुखपट्टि हेरिन् र सियाँली गर्न लागिन्।

पर्सिपल्ट दिउँसो शोभा टोलछिमेकका आइमाईहरूलाई बोलाएर भोज ख्वाउन लागेकी थिइन्, उनको सारी र पछ्यौरा अस्तव्यस्त भैरहेको थियो। टोलका बूढी आइमाईहरूले भने– "नानी बज्यै, रामुबाबुको उस जन्मकी आमा तपाईं नै हुनुहुँदो रहेछ, टुहुरो देवरलाई

पढाइगुनाइ मानिस तुल्याएर उनको घरजम गरिदिनुभो। तपाईंको ऋण रामुले सात जन्म सेवा गरे पनि तिर्न सक्दैनन्।"

शोभा गहभरि आँसु पारेर निम्तारुहरूलाई खानेकुरा थप्न लागिन्। रामु आफ्नो कोठामा पल्टेर यी सबै कुरा सुनिरहेका थिए।

बिहे भएका दुई-तीन महिनापछि रामु त्रि-चन्द्र कलेजमा साइन्सका प्रोफेसर भए। महिनाको साठी भित्रिने निर्मलका घरमा अब पाँच सय साठी रुपियाँ भित्रिन लाग्यो। दरिद्रदानव कुम्लोकाम्लो कसेर निर्मलका घरबाट बिदा भो। रामु हरेक महिनाको पहिलो सातामा पूरा पाँच सय रुपियाँको थैली ल्याएर शोभाका हातमा राखिदिन्थे। पहिलो पटक रामुले तलब थन्क्याउन दिएका दिन शोभाले कोठाभित्र पसेर हर्षाश्रु झार्दै मनमनमा भनिन्– "मानिसहरू रामुलाई मेरो देवर भन्छन्, देवर होइन छोरो हो। हाम्री जीआमाले पन्ध्र वर्षको उमेरमा बालाई पाउनुभएको अरे भन्थे, दुलही बज्यैले रामुलाई मेरा जिम्मा लाएर जाँदा म सोह्र वर्षकी थिएँ। त्यस बेला रामु डेढ वर्षको हुँदो हो" इत्यादि कल्पना गर्दै आँचलका छेउले आँसु पछेर शोभाले दामको पोको थन्क्याएकी थिइन्।

रामुले पनि आफ्ना उपर निर्मल र शोभाले लगाएको ऋणको हिसाबकिताब बिर्सेका थिएनन्। दाज्यूभाउज्यूका प्रति बहुतै आदर र स्नेह गर्थे। यस बीचमा निर्मलका पनि दुई जना सन्तान जन्मे, छोरी वसुधा र छोरो हरि। उनीहरू आफ्नो बाबुआमालाई भन्दा कान्छा बाबुलाई बर्ता पछ्याउँथे। रामु पनि दाज्यूका यी दुई जना छोराछोरीलाई असाध्य माया गर्थे। दुवैलाई आफैँ पढाउँथे। हरि राति रामुसँगै सुत्थ्यो। कुनै दिन ठट्टा गरेर "आमासँग सुत्न जा" भन्यो भने ठुस्सिएर झ्यालमा गएर उभिइरहन्थ्यो। अनि रामु हाँस्दै गै बोकेर ल्याएर आफूसँग सुताउँथे। रामु बाहिर डुल्न जाँदा हरि खूब ठाँटिएर रामुको औँला समातेर सँगसँगै जान्थ्यो। साथीहरूले 'यो को हो?' भनेर सोधे रामु 'छोरो' भनेर उत्तर दिन्थे।

एक दिन रामुले कताबाट हो एउटी आइमाई लिएर आएर शोभासँग भने– "अब पनि दिनहुँ आगामा पिल्सिएर कति पकाइरहनु हुन्छ भाउज्यू! तपाईंको जीउ सुकेर आधा भैसक्यो। आज मैले एउटी भान्से बाहुनी खोजेर ल्याएको छु, अबदेखि यिनैलाई पकाउन लाउने गर्नुहोस्। सिकाएसधाएपछि अलि दिनमा तालिम हुन्छिन्।"

शोभाले भनिन्– "हुन्छ बा! मैले पनि साह्रै बर्कत भएर कहाँ पकाउने गरेकी हुँ र? जीउमा अघिजस्तो तागतै छैन, हात-गोडा करकरी खाइरहन्छ।" त्यस दिन पनि शोभाको आँखाबाट दुई थोपा आँसु खसे।

घरमा नोकरचाकर पनि थपिए। शोभाले अब उस्तो कामधन्दा गर्नु पर्दैनथ्यो। निर्मलचाहिँ आफ्नू कोठामा बसेर गुडगुडीमा तमाखु खाँदै जजमानहरूका चिन्हा लेख्दै गर्थे। कुनै मानिस घरव्यवहारका कुरा सोध्न आए भने "म केही जान्दिनँ, जे भन्ने हो ऊ सानू बाबुसँग भन" भनेर आँखीभौँले रामुको कोठापट्टि इसारा गरेर देखाउँथे।

रामुसँग भेट गर्न ठूलठूला मानिस आउँथे। पढ्न आउने विद्यार्थीहरूको पनि ताँती लाग्थ्यो। शोभा र निर्मलका सन्तोषको पारावार थिएन। अस्तिको दरिद्र घर आज सम्पन्न देखियो। रामुको चकचकी देखेर मानिसहरू भन्थे– "देख्यौ, टुहुराको दिन फिर्दा यसरी फिर्छ!"

३

रामुकी दुलही दुई-चार महिना, दुई-चार महिनामा दुई-चार दिन बसेर जान्थिन्। यसरी दुई-चार दिन बसेर गइन्जेल त उस्तो गडबडी केही भएको थिएन। परन्तु एक वर्षपछिचाहिँ बस्ने गरेर आइन्। आफू ताम्दानमा बसेकी थिइन्, पछिपछि कोसेली र मालतालको खर्पन बोक्ने डोलेहरूको लर्को थियो। ताम्दानका साथमा खूब नक्कल पारेर सारी-किलिप लाएका दुई जना आइमाई पनि आए। हरि र वसुधा झ्यालमा बसेर आगन्तुकहरूलाई हेरिरहेका थिए। गरिब निर्मलका घरमा अघि कहिल्यै पनि नपसेको यो

नौलो हूल एकएक गरेर पस्यो। तलामा घुइँचोले तिल राख्ने ठाउँ भएन। शोभा माथिल्लो तलामा बसेर बुहार्तन गरिरहेकी थिइन्। दुलही रामुको खाटमा बसेर सुनका कल्ली फुकाल्न थालिन्। आएका दुई जना आइमाईचाहिँ हरिवसुधा बस्ने लम्पटमा ढसमस्स परेर बसे। त्यसरी नौला आइमाई आफ्ना बिछ्याउनामा बसेको देखेर हरि र वसुधा भागेर आफ्नी आमा भएका ठाउँमा गए। रामु त्यस बेला कलेजबाट फर्केका थिएनन्।

रामु बेलुकीपख फर्कन्थे। घरमा पस्ने बेलामा उनी सधैँ बाटोदेखि नै हरि र वसुधालाई बोलाउँदै भित्र पस्थे। हरि र वसुधा पनि ‘बा आउनुभो, बा आउनुभो’ भन्दै दौडेर छिँडीमा पुग्थे। रामु आफ्नू जेबमा कहिले चकलेट, कहिले पेडाका सानासाना दुई पोका लिएर आउँथे र एक पोका हरिको हातमा, एक पोका वसुधाका हातमा दिन्थे, अनि हरिको हात समाउँदै बिस्तारै भऱ्याङ उक्लेर आफ्नो कोठामा पस्थे। रामुको टोपी र छाता थन्क्याउने काममा दिदीभाइको लुछाचुँडी पर्थ्यो। रामु परम आनन्दमा निमग्न भएर हरिका गालामा च्वाक्क म्वाइँ खान्थे र खाटमा उत्तानू परेर अङ्ग्रेजी अखबार हेर्न थाल्थे। एकछिनपछि शोभा एक हातमा खानेकुराको प्लेट र अर्को हातमा एक गिलास पानी ल्याएर रामुको टेबुलमा राखेर जान्थिन्। नित्य अविराम गतिले यही क्रम चलिरहेको थियो। यसमा कहिल्यै त्रुटि हुँदैनथ्यो।

नित्यका झैँ आज पनि रामुले चोकबाट हरि र वसुधालाई बोलाए; तर आज उनलाई लिन छिँडीसम्म कोही आएन। उनी आश्चर्य भएर तलामा उक्ले अनि उनलाई सबै कुरा ज्ञात भो। हरि र वसुधालाई खोज्दै उनी माथिल्लो तलामा पुगे। हरि र वसुधा कोसेलीका मिठाईहरू खान लागेका रहेछन्। रामुले आफूले ल्याएको चकलेटको एकएक पोका हरि र वसुधाका हातमा दिएर आफ्नू कोठामा आए। एकछिनपछि शोभाले रामुलाई पनि कोसेलीको रसबरी र बर्फी ल्याएर दिइन्, रामुले नाक खुम्च्याएर भने– “भाउजू, मलाई यसले सन्चो गर्दैन; हिजो अस्तिको जस्तै मुँगको बारा र तर्कारी ल्याइदिनुहोस्।”

शोभा बारा बनाउन भान्सातिर गइन्।

एक-दुई महिनासम्म त घरको पूर्वानुक्रममा उति परिवर्तन भएन। तर त्यसपछि गरिबका घरमा धनीकी छोरी बुहारी भएर पस्दा बहुदा जुन किसिमको गडबडी उत्पन्न हुन्छ त्यसको पूर्वाभास देखिन लाग्यो।

समाजमा देउरानीले जेठाजू र जेठानीका प्रति जुन आदर र विनयको व्यवहार गर्ने चलन छ, त्यो पूर्ण भएजस्तो देखिएन। बोल्दा अलि ठुस्स परेर बोल्ने, जबाफ दिँदा अर्कापट्टि फर्केर झर्केर उत्तर दिने, अरूसँग कुरा गर्दा हाम्रो माइतीमा त यस्तो छ र उस्तो छ भनेर धाक लगाएर कुरा गर्ने गर्न लागिन्। दुलही बज्यै कुनै काम छुँदैनथिन्। रामुको कोठाको बढारकुँढार, सफासुग्घर पनि शोभाले नै गएर गरिदिनुपर्थ्यो। दुलही बज्यैको कामचाहिँ जाडोमा कौसीमा गएर घाम तापेर उपन्यास हेर्नु र गर्मीमा लोग्नेका पलङमा पल्टेर सुतिरहनु सिवाय अर्को थिएन। कलेजका विद्यार्थीहरू पढेर फर्कंदा र सडकमा जात्रा ल्याउँदाचाहिँ खूब सिँगारपटार गरेर झ्यालमा बसिरहन्थिन्। रातिचाहिँ लोग्नेसँग खुसखुस गरेर कुरा गरिरहेको सुनिन्थ्यो।

दिक्क भएर अब शोभाले पनि काममा उस्तो जाँगर लाउन छोडिन्। रामुका कोठाको कसिङ्गर दुई-तीन दिनसम्म त्यसै थुप्रिरहन्थ्यो। दुलहीका कुरा सुनेर हो कि केले हो आजकल रामुले आफ्नू तलब ल्याएर शोभालाई दिन छाडे। हरि र वसुधा पनि अचेल रामुको कोठामा उस्तो जाँदैनथे। कहिलेकाहीँ गए भने पनि ‘कस्ता सोमत नभएका केटाकेटी’ भनेर दुलही आमा यत्रायत्रा आँखाले हेर्थिन्। पकाएको भात बेलामा गएर खाइदिन्नथिन्। महिनामा दुई-चार पटक भान्छा छोडिदिनुपर्थ्यो। उता छरछिमेकका आइमाईंसँग कुराकानी हुँदाचाहिं ‘मलाई खानै नदिएर मार्न लागी’ भन्छिन् अरे भन्ने सुनिन्थ्यो। अचेल रामुले पनि दाजुभाउजूसँग अघिको झैँ प्रेम र विनयले बोल्न छाडे। टोलछिमेकका आइमाईहरू निर्मलका घरको कुरा उठाएर कानेखुसी गर्न लागे।

एक दिन दुलहीको कुरालाई लिएर दाजुभाइको सामान्य हिसाबसँग ठाकठुक पनि भो। रामुले “दाजु, म छुट्टिएर बेग्लै बस्छु” भने। रामुको कुरा सुनेर निर्मलले गहभरि आँसु पारेर भने– “पर्खी बा! एक पटक भाउज्यूलाई लिएर तीन धाम गरेर आऊँ, अनि

छुट्टिएलास्। जिन्दगीभर दुःख गर्दागर्दै बूढो भैहालेँ। भाउज्यू पनि रोगी छ। हामी दुवै जना उतै मऱ्यौं भने तैँले छुट्टिने कामै परेन। वसुधाको बिहे गर्ने बेला भैसक्यो, उसलाई एउटा बाहुनको छोरो खोजेर जिम्मा लाइदिनू। हरि बालखै छ, उसलाई जे गर्नुपर्छ, आफैँ जान्नू; म आफ्ना रापले आफैँ पिल्सिराखेको मानिसलाई किन घोच्छस्?" शोभाचाहिँ अर्कापट्टि फर्केर देवर र पतिका कुरा सुन्दै आँसुका थोपा खसाल्दै गर्न लागेकी थिइन्।

केही महिना यही क्रम चल्यो। एक दिन बिहानै एउटा कार र एउटा लरी घुइँघुइँ गर्दै निर्मलका ढोकामा आएर उभिए। ज्यामीहरू रामुका कोठाका मालताल ओसारेर लरीमा लाद्न लागे। दुलही बजैले माइतबाट ल्याएका मालमत्ताहरू एउटा सिन्कासम्म नराखेर लरीमा लाद्न लगाइन्। मालमत्ता लादिसकेपछि रामुले कोठामा गएर दाजुभाउजूलाई ढोगिदिए। अनि, दुलहीलाई लिएर मोटरमा बसे। मोटर हिँडिसकेपछि टोलछिमेकका मानिसहरूले भने– "देख्यौ, सौतेनी भाइको चाला! देवताको घरमा नभएको कुरो मानिसको घरमा किन हुन्थ्यो?"

४

रामु आफ्ना ससुराको जुद्धसडकको घरमा बसेर नयाँ गृहस्थी चलाउन थाले। चाडबाडमा पनि दाजुका घरमा आउँदैनथे। पाँच-छ महिनापछि दुलहीले छोरो पाइन्। धूमधामसँग छोराको पास्नी गरे। त्यसमा पनि दाजुभाउजू, हरिवसुधा कसैलाई बोलाएनन्। पास्नीका दिन शोभा कौसीमा बसेर धेरैबेरसम्म एक्लै रोइरहिन्। मनमनमा भनिन्– "हामीलाई नडाके पनि यी बालक छोराछोरीलाई त अवश्य डाक्नुपर्थ्यो। यी अजान बालकहरूले के बिराएका थिए र आफूले हुर्काएका छोराछोरीलाई पनि चटक्क बिर्से! अहो! संसार कति मतलबी छ।"

निर्मलका घरमा फेरि उही अघिकै दुःख र दारिद्र्यको पुनरागमन भो। उही मासिक साठी रुपियाँको आय, खोपामा उही टुकीको धमिलो बत्ती, उही फाटेका काने जुत्ता, उही घुँडा टालेका सुरुवाल, उही पुरानू एकाहार। दुःखले पुनराक्रमण गरे पनि उनी कत्ति

विचलित भएनन्। किनकि जान्ने भएदेखि नै उनलाई दुःख र अभावले कुनै दिन छाडेका थिएनन्। त्यसो हुनाले दुःख सहनमा उनी अभ्यस्त भइसकेका थिए। यसबीचको दुई-चार वर्षको सुखसन्तोषलाई उनले बादलको छायाजस्तो मानेका थिए।

बिहान झिसमिसैमा उठेर खेसको एकसरो बर्को ओढेर बाग्मती पुग्थे। न्वाएर सूर्योदयसम्म जप गरेर घर फर्कन्थे, अनि पूजा गर्थे र शोभाले बनाएको दुई गाँस रूखासुखा खाएर पाठशाला जान्थे। परमेश्वरले धनदौलतमा ठगेको भए पनि लक्ष्मीजस्ती पतिपरायणा पत्नी पाएका हुनाले उनले सबै दुःख र अभावलाई बिर्सेका थिए।

यस दारुण दुःखले निर्मल र शोभाका शरीरमा त उति परिवर्तन गर्न सकेको थिएन, किन्तु हरि र वसुधाचाहिँ ओइलाएका फूलझैँ कान्तिहीन देखिए, किनकि नित्यप्रति अनेक प्रकारको अभावले गर्दा यी कलिला बालकहरूका पेटमा पौष्टिक आहार कहिल्यै पर्न पाउँदैनथ्यो।

\+ + +

दुई वर्षपछिको कुरो हो। एक दिन बिहान शोभा भान्साको तर्खर गर्न लागेकी थिइन्। त्यस्तैमा एउटी तरुणी आइमाई निर्मलको घर सोध्दै तलामा उक्ली। अचानक एउटी नौली आइमाईलाई देखेर शोभाले उत्सुकतापूर्वक सोधिन्– “कहाँबाट आएकी नानी?”

“जुद्धसडक मास्टरबाजेको घरबाट।”

“को मास्टर बाजे?”

“मास्टरबाजे क्या, हजुरका देवर।”

देवर भनेको सुन्नेबित्तिकै शोभा झसङ्ग भइन्। उनका हृदयमा अनेक प्रकारका अमङ्गलसूचक भावनाहरू उठ्न लागे। सशङ्कित भएर सोधिन्– “मास्टरबाजेलाई सन्चै

छ?”

आगन्तुक आइमाईले गहभरि आँसु पारेर भनी– “साह्रै बिरामी हुनुहुन्छ बज्यै! डाक्टर-वैद्यहरू पनि ‘खोइ, तर लाग्न गाह्रो भो’ भन्न लागे। आज बिहान झिसमिसैमा ‘म मर्न लागेँ, भाउजूलाई बोलाई देऊ’ भनेकाले लिन आएकी बज्यै! ‘नली नआउनू’ भन्नुभाको छ। आजकल खालि ‘भाउजूभाउजू’ भनेर रोइरहनुहुन्छ।”

शोभाका आँखाबाट आँसुका थोपा झर्न लागे। आँचलका छेउले पुछ्दै रुन्चे स्वरले भनिन्– “यस्तो हुने रहेछ र पो आज दश-बाह्र दिनदेखि तारन्तार छाती चर्किरहन्छ।” यति भनेर शोभा घरमा गर्नुपर्ने कामकुराहरू वसुधालाई अह्राउन सिकाउन लागिन्।

५

दश बजेतिर शोभा रामुका घरमा पुगेर उनको कोठामा पसिन्। त्यस बेला रामुलाई निद्रा परेको रहेछ। रामुका कोठाको छाँटकाँट देखेर शोभा दुःखी भइन्। कोपरा नमाझेर कालो भैराखेको, फिकदानीमा झिँगा भन्किराखेका, ठाउँठाउँमा कसिङ्गर थुप्रिराखेका, मैला लुगाहरू यताउति छरिइराखेका, किताब र छापाहरू जथाभाबीसँग मिल्किरहेका, ओछ्यानमा मैलो तन्ना ओछ्याइराखेको; रामु पनि मैलो कमिज-सुरुवाल लगाएर मैलो दोलाइँ ओढेर सुतिरहेका, दुब्लाएर हात गोडा सिन्काजस्ता भएका, शरीर रक्तहीन, केश रूखो, अनुहार फुङ्ग उडेको, दाह्री जुँगा र हात-गोडाका नङ लामालामा भैराखेका, कोठामा बिरामी कुर्ने मानिस कोही पनि नबसेका, पल्लो कोठामा सानु छोरो रोइरहेको। घरको यस्तो बीभत्स दृश्य देखेर शोभाको मन एकतमासको भो। पल्लो कोठामा गएर छोरालाई बोकेर ल्याइन् र कोठामा छरिएका मालताल सिहार्न लागिन्। मैला लुगाहरू सबै एकएक गरेर बटुलेर पोको पारिन्। किताब छापाहरू पनि जम्मा पारेर टेबिलमा थाक लगाएर राखिदिइन्। कोपरा लगेर कोठा बाहिर बरन्डाको कुनामा राखिन् र छोरालाई काखमा लिएर रामुको ओछयानअगाडि चकलामा बसिन्।

एकछिनपछि रामु बिम्झे। आफ्ना अगाडि अप्रत्याशित जननीजस्ती भाउजूलाई देखेर रुन्चे मुख लाएर आफ्नू कपाल घिसार्दै भाउजूका गोडामा पुऱ्याएर छातीमा भक्कानु पारेर रुँदै क्षीण स्वरले भने– "भाउजू, म मर्न लागें, मेरा हरि र वसुधा कहाँ छन् ?"

शोभाले आँसु झार्दै रामुको कपाल तकियामाथि राखेर उनको निधार छामिन्, भुङ्ग्रोजस्तो जरो रहेछ। अनि शोभाले रामुको कपाल सुम्सुम्याउँदै रुन्चे स्वरमा भनिन्– "नरोऊ बा ! म आइपुगें। अब तिमीलाई बिसेक हुन्छ।"

एकछिनपछि मयलले कालो भएको धोती र मैलो जनै लाएको एक जना मानिसले एउटा मैलो गिलासमा बार्ली लिएर आयो र रामुका अगाडि राखिदियो। बार्ली पनि कालोकालो रहेछ। शोभाले मनमनमा भनिन्– "बिरामीको पथ्य आधा दिनमा तयार भएर आउँछ, उसमाथि यस्तो मैलो; लोग्नेको गति यस्तो छ, स्वास्नीचाहिँ एक पटक पनि कोठामा पसेको देखिदैन; घरमा स्वास्नी अगतिली भएपछि लोग्नेको यस्तै दुर्दशा हुन्छ।"

शोभाले बार्ली ल्याउने मानिसका मुखपट्टि हेरेर भनिन्– "बार्ली के ताप्केमा पकाउने गरेको छ ?"

उसले लाज मानेजस्तो गरेर भन्यो– "हजुर !"

"दुलही बजै खै नि ?"

"आज मुमासँग दक्षिणकाली जान्छु भनेर बिहानै माइत जानुभो।"

\+ + +

अब शोभाले रामुको सुश्रूषा आफ्ना हातमा लिइन्। बाकसबाट धोएका लुगाहरू झिकेर रामुका लुगा फेरिदिइन्। ओछ्यानमा पनि धोएका तन्ना, खोलहरू हालिदिइन्। धोबी बोलाएर मैला लुगाहरू धुन दिइन्। कोठामा दिनको दुई पटक बढारकुँढार हुन

लाग्यो। कोपराफिक्दानीहरू रोजै माझिन लागे। कोठामा बिहान-बेलुका दुई टाइम धूप सल्काइदिन्थिन्। औषधि र पथ्य टाइममा पर्न थाले। दिन-रात रामुका सिह्राननेर बसेर रुमालले हम्किरहन्थिन्। आफ्नो दैनिक जीवनमा यति ठूलो परिवर्तन भएको देखेर रामु अपार आनन्दमा निमग्न भैराखेका थिए।

भोलिपल्ट बिहान डाक्टर आए। कोठाको रौनक नै बदलिएको र एक जना प्रौढा नारी रामुका सिह्राननेर रुमाल हम्किरहेको देखेर डाक्टरले आश्चर्य भएर सोधे– "उहाँ को हुनुहुन्छ?"

रामुले रुन्चे मुख लाएर भने– "आमा!"

शोभाले गहभरि आँसु पारेर सारीको सप्को कपालतिर तानिन्।

शोभाको अविराम सुश्रूषा पाएर रामु आरोग्य हुँदै गय। रामुको बालक छोरो दिनेश शोभालाई एकछिन छोड्दैनथ्यो।

अब रामु राम्रो प्रकारले आरोग्य भए। जीउ पनि निकै फेरियो। भान्साकोठासम्म गएर खाएर आउन लागे। आफ्ना कोठा र बार्दलीमा टहल्न पनि थाले।

एक दिन बेलुकीपख एउटा कार आएर रामुको ढोकानेर उभियो। त्यस बेला शोभा भान्साकोठामा रामुलाई चिया बनाइरहेकी थिइन्। रामुचाहिँ कोठामा बसेर शोभाको न्वाउने सारी, पछ्यौरा, आफ्नू धोती–रुमाल, एउटा तन्ना, एउटा तकिया हालेर पोको बाँध्न लागे। पोको बाँधिसकेपछि रामु तारन्तार 'भाउजू! भाउजू!' भनेर बोलाउन लागे।

एकछिनपछि 'छोराछोरीको बाबु होइसक्दा पनि यस केटाको जिद्दी र हत्पते स्वभाव कत्ति गएन!' भनेर गुनगुनाउँदै शोभा एउटा प्लेटमा चिया कप र एउटा प्लेटमा पाँच-छ टुक्रा तारेको आलु, चारवटा बिस्कुट लिएर आइन् र प्लेटहरू टेबिलमा राखेर कुर्सी सोझ्याउँदै उनले भनिन्– "आज चिया तयार पार्न अलि अबेर भो बा! लौ खाऊ!"

रामु छोरालाई अर्को कुर्सीमा राखेर आफू पनि कुर्सीमा बसेर चिया खान लागे। बीचबीचमा आलुका एक-दुई टुक्रा छोरालाई पनि दिन्थे। शोभा कुर्सीनेर उभिएर रुमाल हम्किरहेकी थिइन्। रामु लुगासुगा लगाएर तयार भैराखेको देखेर शोभाले भनिन्- "तिमी डुल्न जान आँट्यौ क्यारे बाबू! जीउमा तागत भरिएको छैन, अहिल्यै डुल्न जान हुँदैन बा!"

रामु केही बोलेनन्।

चिया खाइसकेपछि, हात-सात धोएर मुख पुछे। अनि छोरालाई उचालेर शोभालाई समाउन दिएर भने– "लौ भाउजू, अब घर जाऊँ, मोटर ल्याएको आधा घण्टा भइसक्यो।"

शोभाले आश्चर्य मानेर भनिन्– "कहाँ घरमा जाने बाबू?"

"आफ्ना घरमा, जहाँ तपाईं बस्नुहन्छ, जहाँ दाजु हुनुहुन्छ, जहाँ हरि र वसुधा छन्। मेरो घर त्यही हो भाउजू! यहाँ यिनीहरूले मलाई अकालमा मार्छन्!"

शोभाले गहभरि आँसु पारेर भनिन्– "दाजुसँग एक वचन नसोधीकन जाने?"

"मेरो देवताजस्तो दाजुले मलाई कुन दिन घरबाट निकाल्नुभाको थियो र आज सोध्ने? आफैँ उम्लिएर हिँडेको थिएँ, आफैँ फर्केर जान्छु, उहाँको स्वभाव मैले जानेको छु।"

लुगा बाँधेको पोको झुन्ड्याएर रामु हिँडे। शोभा छोरो काखी च्यापेर पछिपछि लागिन्। रामु र शोभा मोटरनेर पुगेपछि ड्राइभरले मोटरको ढोका उघारिदियो। देवर र भाउज्यू मोटरमा बसे, अनि मोटर हिँड्यो। रामुकी दुलहीचाहिँ झ्यालमा बसेर फतफताउन लागिन्।

केहीबेरपछि मोटर निर्मलका ढोकामा पुगेर उभियो। रामु लुगाको पोको झुन्ड्याएर तलामा उक्ले। खोपामा टुकीको धमिलो बत्ती बलिरहेको, निर्मल, हरि र वसुधाहरू मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर तर्कारीसँग चिउरा फाँक्न लागेका। निर्मल अत्यन्त दुब्ला, छुस्स दाह्री पालेका, हरि र वसुधा पनि ओइलाएका फूलजस्ता कान्तिहीन, घर एकदम श्रीहीन। यी सबै दृश्य देखेर रामुका गहभरि आँसु भो, मनमनमा भने– "शिव! शिव! मैले आफ्ना परिवारको कति ठूलो अनिष्ट गरेँ! परमेश्वर, म कृतघ्न हुँ! मेरा पौरखलाई धिक्कार छ!"

# चिताको ज्वाला

१

"शशी! बिहे गर्छ्यौ?"

"अनुहार नपरेको मुख!", शशीले चोसो पसारेर भृकुटी खुम्च्याएर आँखा तर्दै भनिन्।

"भन्दिनौ पोक्ची! ल्याऊँ गँगटो?"

"सानू दाइ! बिन्ती छ भन्छु!"

"लौ भन न त!"

"के भन्ने?"

"बिहे गर्छ्यौ कि गर्दिनौ?"

"गर्छु।"

"कससँग गर्छ्यौ?" मैले हाँसेर भने।

"नाइँ त्यो त भन्दिनँ, छुचो मान्छे!" शशीले नाक खुम्च्याएर भनिन्।

"साँच्चै ल्याऊँ गँगटो?"

"आमै ! सानू दाइ बिन्ती भन्छु, सत्य भन्छु।"

"भन न त बोक्सी, कससँग बिहे गर्छ्यौ ?"

"तपाईंसँग।"

"हो, त्यसै भन्नुपर्छ।"

अचेल अलि छिचरोजस्तो लाग्ने यो विनोद आजको होइन; हिजोअस्तिको पनि होइन; अघि धेरै वर्षअघि; शैशव कालको हो। त्यस बेला हामी सँगै पढ्थ्यौँ। शशी नौ-दश वर्षकी थिइन्, म बाह्र-तेह्र वर्षको हुँदो हुँ। कति राम्री थिइन् ती केटी ! असाध्य हिस्सी परेको मुख, ठूलठूला आँखा, थम्मरथुम्मर परेको पुष्ट शरीर, शशीको शिरदेखि पैतालासम्म निर्दोष सौन्दर्य नाचिरहेको थियो। पुतलीझैँ उफ्रँदै हिँड्थिन्। किन हो कुन्नि ती सरल कुमारीलाई बारम्बार बाटो छेकेर गिज्याउनमा मलाई अत्यन्त आनन्द लाग्दथ्यो। किन्तु वासनाको लेश थिएन, केवल विशुद्ध बालक्रीडा, सरल मनोविनोद मात्र।

संसारका दुःख-पीरले अलिकता पनि छोएको थिएन। अलिकति पढ्नु र दिनरात हाँस्नुखेल्नु सिवाय अरू केही काम थिएन। कति रमाइला थिए ती दिन, सदा उन्मुक्त, सदा आनन्दमय।

अलिअलि गरेर दिन बिते, महिना बिते, वर्ष पनि बित्दै गए। शशी ठूली हुँदै गइन्। स्कुलको पढाइ छोडेर घरै बस्न लागिन्। शशीको घर नजिकै पल्लापट्टि थियो। स्कुल छोडे पनि शशीले हाम्रा घरमा आउन छोडेकी थिइनन्। प्रायः सधैँ भनेजस्तो हाम्रा घरमा आउँथिन् र धेरैबेरसम्म बहिनीहरूसँग खेलेर जान्थिन्। तर म अब शशीलाई अघिकाझैँ गिज्याउँदैनथेँ। त्यस बखत म शशीसँग अलिअलि प्रेम गर्न लागिसकेको थिएँ।

केही वर्षपछि स्कुलको पढाइ समाप्त गरेर म बनारस गएँ र विश्वविद्यालयमा पढ्न थालेँ। शशी बराबर सपनामा देखा पर्थिन्। सपनामा पनि उस्तै राम्री, उस्तै सरल, उस्तै

रसिली।

२

दुई वर्षपछि गर्मीको छुट्टीमा घर आएँ। भोलिपल्ट शशी भेट्न आइन्। उनी अब किशोरी भइसकिछन्। बालककालको त्यो थम्मरथुम्मर परेको जीउ छाँटिएर झन् हेरिरहूँ भनेजस्तो भएछ। तरुणी युवतीका झैँ गर्दन अलि मोटो भएर आएछ। शरीरको पृष्ठ भाग स्थूल भएछ। छातीमाथिको सारीको सप्को अलि उठेजस्तो देखिन लागेछ।

सिँगारपटार पनि गर्न थालिछन्। निधारनेर अलिकता घुमाई दुवै कानलाई आधासम्म ढाकेर खुकुलो चुल्ठो बाटेकी। कानमा उज्ज्वल यारिङ हल्लिरहेका, नाकमा चिट्ट परेको हीराको फुली र ललाटमा सानू रातो बिन्दी लगाएकी, गोरा गोडामा हरियो रङको बुट्टे चप्पल पैरेकी। बालककालको चञ्चलता हटेर अलि गम्भीर भइछन्। तरुणी युवतीका झैँ अलि रहस्य र व्यङ्ग्य भाव मिसाएर कुरा गर्न लागिछन्। ती कमलपत्रजस्ता ठूलठूला आँखा केही चञ्चल भएर आएछन्। त्यसमा नजानिँदो हल्का गुलावी रङ भरिएछ।

शशीको जीवनमा यति ठूलो परिवर्तन भएको देखेर म आश्चर्य भएँ। मैले अलि हाँसेजस्तो गरेर भनेँ– “कति राम्रो स्वाएको!”

शशीले मुसुक्क हाँसेर भनिन्– “मन पऱ्यो?”

“असाध्य!”

फेरि एकछिनपछि मैले भनेँ– “शशी नानीलाई सन्चै छ?”

“सन्चै छ, तपाईंलाई नि?”

“सन्चै छ भन्नुपऱ्यो, नानी त अब ठूली भइछ्यौ।”

शशीले अलि लाज मानेजस्तो गरेर मस्केर भनिन्– "आफूलाई कसले भन्देओस् नि! मान्छेको जुँगाको रेखी पनि बसिसकेछ। कति अग्लो भाको नि! स्वर पनि धोत्रो धोत्रोजस्तो!"

केहीबेरपछि लाडे भएजस्तो गरेर भनिन्– "बनारसमा गएर एउटा चिठी पनि नलेख्ने, माया नभाको मान्छे!"

वास्तवमा बनारसमा गएदेखि मैले आफ्नू साथीदौँतर कसैलाई पनि चिठी लेखेको थिइनँ। त्यस बखत मलाई आफ्नू अल्छी स्वभावका उपर सारै खेद लाग्यो। मैले विनोदको भावले हात जोरेर भनेँ– "चिठी नलेखेको अपराध माफ पाऊँ महारानी!"

"बाबै! कति स्वाँग पार्न जानेको! हामी दिदैनौँ कसैलाई माफ साफ।"

अनि मैले धेरै बेरपछि भनेँ– "नानी, हामी सानू छँदा स्कुलमा भन्या कुरा बिर्स्यौ कि?"

शशीले मलिन अनुहार लाएर सतृष्ण नेत्रले भनिन्– "बाटो छेकीछेकीकन हजार चोटि घोकाएको पाठ कसरी बिर्सनु? बिर्सूं भनेर बल गर्दा पनि बिर्सन सक्तिनँ।" अनि जाने बेलामा भित्तापट्टि मुख लुकाएर भनिन्– "सानू दाइ! यसपालि त मलाई पनि लैजानुहोस् है!"

मैले ठट्टाको भावले भनेँ– "यसपालि होइन, आघौँ। आमासँग मागेर, बुबासँग मागेर, बाजा बजाएर, डोली चढाएर!"

शशी आँखा तरेर लाज मानेर हाँस्दै गइन्।

३

परीक्षाफल प्रकाशित भो। यस सालको बी.ए. को परीक्षामा म सर्वप्रथम भएँछु। बेलुका टी-पार्टी भो। भोलिपल्ट साथीहरूले मलाई राखेर फोटो खिचाए। स्थानीय दैनिक 'संसार'मा मेरो चित्रसहितको परिचय प्रकाशित भो। बाहिरफेर जाँदा मानिसहरू मलाई टाढाबाट औँल्याएर देखाउँथे।

यस विजयका मारे मेरा भैँमा गोडा थिएनन्। असीम आनन्द भइरहेको थियो। मनमनले भन्थेँ– "मेरो यस सफलताको खबर पाउँदा शशी कति खुशी होलिन्!" त्यही बेला पिउनले मेरा हातमा एउटा चिठी दिएर गो। खोलेर हेरेँ, मेरा बाल्यमित्र महेशले लेखेका रहेछन्।

प्रिय हरि, नमस्ते!

बी.ए. को परीक्षामा तिमी सर्वप्रथम भएछौ; नेपाली छात्रहरूका निम्ति गौरवको कुरो हो। यो समाचार सुनेर तिम्रा पुराना अध्यापकहरू र सबै मित्रवर्गसमेत आनन्दित छौँ; सफलताका निमित्त बधाई छ।

तर तिमीलाई अप्रिय समाचार सुनाउनुपर्दा खेद लागिरहेछ। अस्ति वसन्तपञ्चमीका दिन शशीको विवाह भो। दुलाहा को हो पुरानो भारदारका सन्तान अरे। दुलाहा मेरो मित्र हरिजस्तो राम्रो रहेनछ। फेरि बडो चरित्रहीन छ अरे!

तिमी यसतर्फ कहिले हिँड्छौ? खबर देऊ। हामी बाटासम्म लिन आउँछौँ।

तिम्रो बाल्यसखा,<br>
महेश

चिठी पढिसकेपछि एकदम छाँगाबाट खसेजस्तो भएँ। एक घडी अघिको त्यो मेरो हर्ष र उल्लासको स्रोत एकछिनमा सुकेर मरुस्थल भो। एक पटक शशीमाथि पनि क्रोध उठ्यो। त्यही उत्ताउली केटीका आग्रहले पो बिहा गरिदिएका हुन् कि? नारीजातिको के

विश्वास? तर शशी त्यस्ती निठुरीजस्ती थिइनन्। आजसम्मको उनको कुनै व्यवहारबाट पनि मैले निष्ठुरताको आभास पाउन सकेको थिइनँ। मेरा प्रति उनको अटल अनुराग थियो। जे होस्, अब शशी अर्कैकी भइन्, उनमा मेरो तिलभर पनि अधिकार रहेन। मनमनले भनें– "माया नभएकी पापिनी, बालखकालदेखि हजारौँ पटक गरेको प्रतिज्ञा बिर्सेर तिमीले मेरो जीवनको अनन्त अभिलाषालाई कुल्चेर फालिदियौ।"

शशीको मनोहर मूर्ति आँखाका सामुन्ने आएर नाच्न थाल्यो। कहिलेकाहीँ उनका भावी जीवनको चिन्तन पनि उठ्थ्यो। पति उति राम्रो छैन अरे। स्वस्थ, फरासिलो, आफ्नी स्वास्नीलाई प्रशस्त माया गर्ने भए त नराम्रो भए पनि उति हानि थिएन। तर, चरित्रहीन पनि छ अरे। चरित्रहीन भन्नाले झट्ट जुवाडे, जँड्याहा, रन्डीबाजको बोध हुन्छ। एकमाना खान पुगेका हाम्रा पुराना खानदानका युवकहरू प्रायः धेरैजसो त्यस्तै हुन्छन्। त्यसो भए आफ्ना दुश्चरित्र पतिका पापको कठोर दण्ड निरपराधिनी शशीले जीवनभर भोग्नुपर्ने भो। सौभाग्यरात्रिको प्रथम सम्मिलनमा पतिका श्वासबाट रक्सीको घीनलाग्दो दुर्गन्ध आउँदा शशी कसरी तर्सिहोलिन्। उनका हृदयमा एकतमासको विरक्त भावना उठ्यो होला। केही कालपछि पतिले बाहिरफेर स्वास्नी राखेर आफूमाथि स्नेह घटाउँदै गएर हेलाँ गर्ने, बातैपिच्छे झर्कने, नबोल्ने, गाली गर्ने, धेरै रात बितेपछि गनाउने मुख लिएर लरखराउँदै कोठाभित्र पस्ने गर्‍यो भने त्यस बेला बिचरी शशी के भनिठान्लिन्।

धेरै दिनसम्म यस्तै तर्कवितर्कले मन व्यथित भइरह्यो। यस आन्तरिक क्लेशका मारे दुई-चार दिन बाहिर पनि निस्किनँ। अब यो छली र स्वार्थी जगत्मा मेरा निमित्त एकान्तमा बसेर अध्ययन गर्नु सिवाय अर्को मार्ग केही थिएन। घर जाने योजना छोडेर फेरि पढ्न लागेँ।

## ४

अर्को सालको छुट्टीमा फेरि घर आएँ। भोलिपल्ट बिहान कौसीमा मुख धुन गएको, शशी पनि आफ्नू कौसीमा उभिएकी रहिछन्। पूर्णचन्द्रका झैँ उज्ज्वल कान्ति, कपालमा

सिन्दूरको चहकिलो रातो रेखा, हल्का गुलाबी रङ भरिएका ठूलाठूला नेत्र, कटिसम्म लर्केको लामू चुल्ठो, पुष्ट वक्ष, डोलाडोला पाखुरा साक्षात् महामायाजस्ती देखिन्थिन्। तर, त्यो विपुल यौवन र अनन्त रूपराशिले भरिएको मुखमण्डलमा विषाद र नैराश्यको गहिरो छाया परिरहेको थियो।

शशीले अनुरागपूर्ण नेत्रले मेरा मुखतिर हेरेर भनिन्– "सानू दाइ! कहिले पाल्नुभो?"

"हिजो राति!"

"बाबै! हिजो दखिनतिर कस्तो बादल उठिरहेको थियो! बाटामा पानीले भिजायो होला?"

"अलिअलि छिटाछिटीसम्म।"

"कति दुब्लो हुनुभएको? सन्चो छैन क्यार?"

"बाँचिरहेको छु।"

एकछिनपछि मैले हाँसेजस्तो गरेर भनें– "नानीको बिहे पनि भएछ; खोइ मलाई बिहा भाग?"

"के दिऊँ? भन्नुहोस्! मसँग भएको सबै कुरा टक्र्याउँछु।"

"सत्य?"

"सत्य।"

"मेरो मासु खाने?"

शशीले जिभ्रो टोकेर आँखा ठूलठूला तुल्याएर भनिन्– “छिः आइमाईले पनि त्यस्तो नजाती किरिया हाल्नुहुन्छ ?”

मैले निश्वास फिकेर भनें– “भैगो ! कुनै दिन चाहिए मागुँला ।”

एकछिनपछि उनले हाँस्ने चेष्टा गरेर सतृष्ण नेत्रले भनिन्– “सानू दाइ, तपाईं बिहे नगर्ने ?”

“कससँग गरूँ ? अब यसै बस्ने विचार गरेको छु ।”

शशीको मुखाकृति बिग्रेर आयो । ओठ टोकेर मपट्टि हेरिन् । उनका आँखाबाट आँसुका ठूलाठूला थोपा झर्न लागे ।

केहीबेरपछि क्षोभले लामू सास फेरेर शशीका मुखपट्टि हेरेर मैले भनें– “नानी, सानू दाइलाई ढाँट्यौ !”

शशीले रुन्चे मुख लाएर गहभरि आँसु पारेर कम्पित स्वरे भनिन्– “कुन्नि कसले पो ढाँट्यो ! सानू दाइ, तपाईंले मेरो जीवन डुबाइदिनुभो !”

एकछिनपछि सारीको छेउले आँसु पुछेर शशीले फेरि भनिन्– “सानू दाइ, किन हो किन अब मलाई धेरै दिन बाँचुँलाजस्तो लाग्दैन । मेरो जीवनको अन्तिम दिनमा आएर मलाई एक पटक दर्शन दिनुहोला है ! भन्नुहोस् त आउनुहुन्छ ?”

मैले अन्यमनस्क भावले भनें– “हुन्छ, खबर पठाउनू, आउँला !”

फेरि एकछिनपछि शशीले हाँस्ने चेष्टा गरेर भनिन्– “चिठीमा के भनेर लेखूँ ?”

“मेरो मर्ने बेला भो चाँडै आउनू भनेर लेख्नू, अरू के लेख्ने !”

त्यसो भनेको होइन, चिठीको शिरमा तपाईंलाई के सम्बोधन गरेर लेखूँ भनेको ?"

"ए ! प्रियतम, प्राणनाथ, हृदयेश्वर, जीवनधन भनेर लेख्नू। भन त त्यसो भनेर लेख्न सक्छ्यौ ?"

"त्यसै भनेर लेखूँ जस्तो लाग्छ, सङ्कोचले आजसम्म लेख्न सकेकी थिइनँ। आज्ञा भए लेख्न सक्छु।"

अनि मैले भनेँ– "भैगो, ती उट्पटाङ शब्दहरू लेख्न पर्दैन। खालि 'सानदाइ, म मृत्युशय्यामा छु, चाँडो आउनुहोस्' भनेर लेख्नू, मलाई तिमीले 'सानू दाइ' भनेको नै सबैभन्दा प्यारो लाग्छ।"

"कुन्नि कसले पो ढाँट्यो" शशीको यो वाक्य तीखो काँडाजस्तो भएर मेरो मुटुमा बिझिरहेको थियो। त्यही बेला चियाको कपप्लेट लिएर भाउजू कौसीमा आउनुभो। भाउजूलाई देखेर शशी आफ्नो कोठाभित्र पसिन्। भाउजूले चियाको कपप्लेट मेरा हातमा दिएर भन्नु भो– "बाबू ! शशीको कुरो सुन्नुभाको छ ?"

मैले विस्मयको भाव देखाएर भनेँ– "अहँ !"

भाउजूले भन्नुभो– "लोग्ने बौलाहाजस्तो रैछ। रक्सी खाएर तोप चल्ने बेलातिर घरमा आउँछ अरे। सानूसानू कुरामा फरेब थापेर कुटिरहन्छ अरे। अस्ति तिहारमा जुवा खेल्न गहना दिइनँ भनेर नलीनलीले ठटाएछ। भाइटीकामा आउँदा आङभरि नील देखाउँथी। बाह्रमासे खेलेर ढुटीमाटी पार्न लागिसक्यो भन्छन्। हिजोआज कता हो, जारी मुद्दा परेको छ अरे। फेरि दश-बाह्र जना जहानको भात पकाउने, भाँडा माझ्ने काम शशीले नै गर्नुपर्छ अरे, बिचरीलाई कस्तो राक्षसका हातमा सुम्पेछन् !"

मैले उपेक्षाको भाव देखाएर भनेँ– "रोजेर बिहे गरिमागेको फल !"

“बिचरी, रोजेर गरिमागेको हैन। ‘म त्यस केटासँग मारे पनि बिहा गर्दिनँ’ भन्दै थी। कामकुरो छिन्ने ताक पाँच-छ दिनसम्म हामीकहाँ आएर रोइरही। तीन-चार छाक त भात पनि खाइनँ। बाबु घरानिया केटो खोज्दै हिँडेका थिए। त्यस्तालाई सुम्पेछन्। के गर्नु बा! आइमाईको कर्मै हारेको!”

मैले लामू निश्वास फेरेर भनें– “त! राम्रोनराम्रो, सज्जनदुर्जन, रोगीनिरोगी, जँड्याहाजुवाडेजस्तालाई दिए पनि नाइँ भन्न नपाइने, दान दिएकी गाईझैँ त्यसैको पछिपछि घिच्चिएर जानुपर्ने, त्यसले जस्तोसुकै सास्तीशासना दिए पनि सहेर बस्नुपर्ने, नारी-जातिका निमित्त यो एउटा महान् विडम्बना हो भाउजू!”

भाउजूका कुरा सुनेर मेरा हृदयमा अपार पीडा भो। जान्ने भएदेखि नै मेरा मनमा नारी-जातिका प्रति असीम श्रद्धा र आदर छ। म नारी-जातिलाई मानवजीवनको प्रधान अङ्ग सम्झन्छु। तिनीहरूलाई हामीले परम पूज्य जननीका रूपमा, स्नेहमयी दिदीबहिनीका रूपमा, प्रेममयी पत्नीका रूपमा पाएका छौँ। तिनका पवित्र कोखबाट हामी युगयुगान्तरदेखि जन्म ग्रहण गरिरहेका छौँ। तिनबाट हाम्रो क्षुधा, तृष्णा र वासनाको अपार तृप्ति भएको छ। संसारको जल्दो ज्वालाले पोलेको बेलामा हामीले तिनका शीतल छायाँमा विश्रान्ति पाएर दुःख बिर्सेका छौँ। लाखौँ नारी हाम्रा मृत शरीरका साथ जिउँदै जलेर खरानी भए। लाखौँ नारीले हाम्रा शोकमा यावत् जीवन वैधव्यको कठोर यन्त्रणा सहेर तपस्या गरिरहेका छन्। लाखौँ-करोडौँ नारी हाम्रा सुखदुःखका साथी भएर दिनरात हाम्रो सेवा गरिरहेका छन्। त्यो महान् त्याग र निःस्वार्थ सेवाका बदलामा हामीबाट तिनले एकान्त रोदन, कठोर लाञ्छना, घृणित तिरस्कार, दारुण यातना र भोजनपछिको उच्छिष्ट अन्न सिवाय अरू केही भेट्टाएका छैनन्। संसारमा नारीको सङ्ख्या पर्याप्त हुनाले पुरुष-जातिले तिनको मूल्य जानेन। वस्तुको मूल्य अभावमा थाहा हुन्छ। एक गिलास पानीको मूल्य उत्तप्त निर्जल मरुभूमिमा पुगेर प्यासले व्याकुल हुँदा थाहा पाएका छौँ। आज संसारबाट समस्त नारी-जाति अन्तर्धान भइदिए यो सुन्दर जगत् कति रूखो र बीभत्स हुँदो हो! यसका समस्त भौतिक सृष्टि कति चाँडो विनाश हुँदा हुन्!

अनि, पुरुष-जातिले नारीको मूल्य थाहा पाउने थियो! नारीको सम्मान र आदर गर्न नजान्नाले नै हाम्रो जीवन शोक र कलहमय भइरहेछ। नारीको अवयव स्वभावले नै कोमल र मधुर हुन्छ। तिनबाट पशुका झैँ कठोर श्रम लिनु कत्रो अविचार र अन्यायको कुरो हो।

शशी सानू कीटपतङ्ग देख्दा पनि तर्सेर भाग्थिन्। तिनका सुकुमार शरीरमा नील पर्ने गरेर प्रहार गर्दा बिचरीलाई कति पीडा भयो होला, कति भयभीत भई होलिन्! त्यो रात भोकै बसेर धेरैबेरसम्म एक्लै रोइरही होलिन्। इत्यादि कुरा सम्झेर मेरो मन एकतमासको भो।

शशी अलि मानिनी र हठी थिइन्। नारी-जाति स्वभावैले मानिनी हुन्छन्। कहिलेकाहीँ कुनै कुरामा हठ र मान झिकेर पुरुषसँग अनुनयविनय लिन उनीहरूलाई बडो रहर लाग्छ। शशीले कुनै दिन त्यस्तै प्रणयमान झिकेर नबोलेकी भए त्यस बेला 'किन रिसाएकी लाटी, यता आऊ न!' भनेर हात लम्काएको भए शशी कति फुरुक्क परेर हाँस्दै अघि सर्दी हुन्। परमेश्वर! यदि शशी मेरी हुँदी हुन्...!

५

एम.ए. को परीक्षा समाप्त भो। अब म आफ्नू भावी कार्यक्रमको विचार गर्न लागेँ। कहिले कुनै एकान्त ठाउँमा गएर तपश्चर्या गरूँ भन्ने भावना उठ्थ्यो। कहिले विश्वभ्रमण गरेर भ्रमणका विषयमा आफ्नू भाषामा एउटा ठूलो सचित्र ग्रन्थ लेखूँ भन्ने इच्छा हुन्थ्यो। कहिले कुनै सार्वजनिक क्षेत्रमा प्रवेश गरेर यावत् जीवन दीनदुःखीको सेवा गरी बिताइदिऊँ भन्ने लाग्दथ्यो। मन विचारको हावामा उडिरहेको थियो।

एक दिन बिहानै छात्रावासको दरबानले एउटा मैलो कच्याककुचुक भएको लिफाफा मेरो हातमा दिएर भन्यो– "बाबू! देखिए तो, यह आप का पत्र है?"

लिफाफामा आफ्नू नाउँ देखेर भनेँ– "हाँ भइ, मेरा ही है, किस ने दिया था?"

"कल साम एक नेपाली औरत दे गई थी।"

"वह नेपाल से आई थी या यहीँ बनारस की रहनेवाली थी?"

"नेपाल से तीर्थयात्रा के लिए आई थी।"

"कैसी थी?"

"अधेड उम्रकी विधवा औरत थी।"

नेपालबाट आएकी विधवा आइमाईले चिठी दिएकी भन्ने सुनेर मेरो मन झसङ्ग भो। को विधवा आइमाई होलिन्? सहरदेखि यति टाढासम्म आएर चिठी दिएर गइछन्। घरका चिठी त बराबर डाँकबाटै आइरहेका छन्। परमेश्वर! शशीको कुनै अनिष्ट समाचार त होइन? चिठी खोलेर हेरेँ–

सानू दाइ, दण्डवत् र प्रगाढ माया!

धेरै दिनदेखि परमेश्वरसँग मृत्युको याचना गरिरहेकी थिएँ, किनकि मजस्ती अभागीले बाँच्नुभन्दा मर्नु नै श्रेयष्कर छ। ईश्वरले अबलाको पुकार सुनेछन्। तीन महिनादेखि मृत्युशयय्यामा परिरहेकी छु। डाक्टर-वैद्यहरू बाँच्ने आशा छैन भन्छन् अरे, बाँच्ने इच्छा पनि छैन। तपाईंको दर्शनको सारै अभिलाषा लागिरहेछ। एक पटक आफ्नी शशीलाई दर्शन दिएर जानुहोस्।

हतभागिनी,
शशी

चिठी पढिसकेपछि मलाई एकै पटक एक हजार बिच्छीले चिलेजस्तो भो। उत्निखेरै एउटा टाँगा ल्याउने आज्ञा दिएँ। बेडिङ होल्डर र एउटा सुटकेस टाँगामा हालेँ र स्टेसनतिर रवाना भएँ।

पर्सिपल्ट राति नौ बजे घर पुगेँ। ट्रेन चेन्ज गर्न त भूल गरेको थिइनँ तर बाटामा कहाँकहाँ केके दृश्य देखेँ, कसकससँग भेट भो; तिनीहरूसँग केके कुरा गरेँ, त्यो मलाई स्मरण रहेन।

भोलिपल्ट बिहानै शशीकहाँ पुगेँ। एउटा स्वच्छ शय्यामा शशी दोलाइँ ओढेर सुतेकी रहिछन्। दुब्ली, काँडा टकटक्याएजस्ती। त्यो दीप्तिमय सुन्दर कान्ति फुङ्ग उडेछ। खाट नजिकैको खाली कुर्सीमा बसेँ। शशीले मलाई देख्नासाथ सजल नेत्रले तर अलिकता हाँस्ने चेष्टा गरेर भनिन्– “कहिले पाल्नुभो ?”

“हिजो राति; नानीलाई कस्तो छ ?”

शशीले आँखाले आकाशतिर इसारा गरेर भनिन्– “जाने बेला भो।”

मेरो छाती रुमलिएर आयो। बारम्बार डाँको छोडेर रोऊँ भनेजस्तो लाग्यो। एकछिनपछि शशीले मेरो हात समातेर आफ्नू छातीभित्र राखेर भनिन्– “छाम्नुहोस् त, यहाँ कस्तो भैरहेछ; सारै दुखिरहन्छ।”

नभन्दै शशीको छाती हिउँजस्तो चिसो थियो। स्पर्श पाएर शशीले एकछिन आफ्नू सारा दुःख पीर बिर्सेजस्तो बुझिन्थ्यो। केहीबेरपछि सजल नेत्रले मेरो मुखपट्टि हेरेर भनिन्– “सारै दुब्लो हुनुभएछ, सन्चो छैन क्यारे ?”

मेरो गहभरि आँसु भो। छातीमा हात राखेर भनेँ– “के भनूँ! चित्त ठेगानामा छैन। मन कता हो कता उडिरहन्छ। यहाँभित्र पीडा र वेदनाका ठूलठूला फोका उठिराखेका छन्, दुख्छ, डहन्छ। अब, सानू दाइ पनि धरै दिन...।”

शशीको आँखाबाट अविरल आँसुका धारा बग्न लागे। एकछिनपछि शशीले हात जोरेर कम्पित स्वरले भनिन्– “सानू दाइ, बालखकालदेखि आजसम्म मैँले तपाईंसँग केही कुरा भनेको छैन, यस जीवनको शेष दिनमा एउटा कुरो भन्छु, मान्नुहुन्छ ?”

मैले उत्सुकतापूर्वक भनें– “भन, तिमीले भनेको जे कुरो पनि मान्छु।”

“तपाईं बिहा गर्नुहोस् है!”

मैले अत्यन्त आनन्दको भाव देखाएर भनें– “हुन्छ! नानीलाई सन्चो होस्, राम्ररी हिँड्डुल गर्न लाग, अनि गरुँला है?”

शशीले आश्चर्य भएर भनिन्– “मसित बिहा गर्ने?”

“अनि कोसित त, तिमीजस्ती नारीरत्न मैले संसारमा अर्को को पाउनु?”

“मैले फेरि बिहा गर्नु हुन्छ र?”

मैले गम्भीर भावले भनें– “हुन्छ-हुँदैन त्यो त म निश्चय गरेर भन्न सक्दिनँ। तर केही आइमाईले त्यसो पनि गरेका छन्।”

एकछिनपछि शशीले अनुहार मलिन तुल्याएर भनिन्– “नाइँ बा, म त गर्दिनँ।”

धेरैबेरपछि शशीले मेरा मुखमा हेरेर कम्पित स्वर पारेर भनिन्– “सानू दाइ, मैले मन छाम्न भनेकी होइन। हृदयदेखि नै भनेकी हुँ। यस संसारबाट बिदा हुनुभन्दा पहिले एउटी राम्री, सुशील कन्यासँग तपाईंको बिहा गराइदिएर, परमेश्वरले यस अभागिनीको प्रार्थना सुनिदिए, तपाईंको नवजात सन्तानलाई एक पटक काखमा राखेर, अनि यो एक मुठी सास तपाईंको सामुन्ने छोड्नाको मलाई सारै अभिलाषा छ। बिन्ती छ, आफ्नी शशीको यो सानो प्रार्थनालाई अस्वीकार नगर्नुहोस्!”

मैले लामू निश्वास फेरेर भनें– “कोसँग बिहा गर्ने?”

शशीले भनिन्– “मैले कन्या खोजेर ठिक्क पारेकी छु।”

मैले अलि हाँसेजस्तो गरेर भनेँ– “नानीजस्तै ?”

“मभन्दा पनि राम्री, मभन्दा पनि असल।”

“बिहा गर्छ्यौं" भन्दा उस्तै चोसो पसारेर आँखा तरेर ‘अनुहार नपरेको मुख’ भन्ने ?”

“हो!”

मैले लामू निश्वास फेरेरे भनेँ– “कोसँग बिहा गर्छ्यौ भन्दा नाक खुम्च्याएर ‘तपाईंसँग’ भनेर भाग्दै पनि जाने ?”

शशीले आँसुका ठूलठूला थोपा खसालेर आकृति बिगारेर ओठ टोकेर भनिन्– “सानु दाइ, तपाईं बिर्सन लागिसकेका कुराहरू कोट्याउँदै सुनाउँदै गरेर मेरो भित्र कता हो कता नदेखिने ठाउँमा चिमोट्नुहुन्छ।”

शशीका मुखमा मानिस मूर्छा हुनुभन्दा पहिले हुने चेष्टाहरू देखिए। मैले झटपट चिसो रुमालले शशीको मुख पुछेर उनको कपाल सुमसुम्याउँदै भनेँ– “एउटा भाग्यवान् युवकसँग विवाह हुन सक्ने अर्काकी छोरीको जिन्दगी म किन बिगारूँ बा! आफ्नू पतिबाट जुन अमूल्य निधि पाउनाले नारी सुखी र भाग्यमानी हुन सक्छन्, त्यो वस्तु एउटी निठुरी केटीले अघिबाटै मसँग खोसेर लिइसकेकी छ; मसँग केही छैन! म रित्तो छु, भिखारी छु!”

मेरा कुरा सुनेपछि शशीको आकृति फेरि बिग्रियो, मूर्छा परिन्। मैले शशीका मुखमा पानी छम्केर, पङ्खा हम्केर सचेत गराएँ। अनि धेरैबेरपछि मैले भनेँ– “नानी, बेथा बिसेक भएपछि तिमी र म भागेर टाढा धेरै टाढा नेपालका कुनै मानिसले पनि नदेख्ने ठाउँमा गएर बसौँ है ? भन त मसँग भागेर जान सक्छ्यौ ?”

शशीले भनिन्– “कस्तो छ त्यो ठाउँ!”

मैले भनें– “त्यहाँ पतिवियोगमा मर्ने सती नारी र पत्नीवियोगमा जलेर यावत् जीवन विधुर भएर बस्ने पुण्यात्मा पुरुषहरूको निवास छ। त्यहाँका पक्षीहरू प्रेमका गीत गाउँछन्। त्यहाँका नदनदी, सरिताहरूमा प्रेमजल प्रवाहित हुन्छ। त्यहाँ दिनरात प्रेमसमीर बहन्छ। तरुपल्लवहरू परस्पर प्रेमले आलिङ्गन गर्छन्। त्यहाँ भोक, ताप, तृष्णा, निद्रा केही छैन। त्यहाँ केवल प्रेमको साम्राज्य छ। तर त्यस प्रेममा वासना छैन। प्रेमलाई त्यहाँ स्वर्गीय वस्तुमा गणना गर्छन्। भन त जान्छ्यौ ?”

शशीले लामू सास फेरेर भनिन्– “मैले त्यहाँ जानु हुन्छ र ? हुने भए जान्छु।”

“किन ?”

“म त... ”

एकछिनपछि डाक्टर आए। डाक्टर मेरा मित्र विनोद रहेछन्। उनले मलाई देख्नासाथ आश्चर्यको भाव देखाएर भने– “अहो ! नमस्ते हरि भाइ, कहिले आयौ ?”

मैले अञ्जली जोरेर भनें– “आउँदै छु दाइ !”

“सन्चै छ ?”

“चलिरहेछ !”

“तिमी यस पटक पनि प्रथम होलाऊ भन्ने लागेको थियो, तेस्रो स्थान दखल गरेछौ। त्यो पनि कम होइन।”

विनोदले जाँच गरे। औषधि र पथ्यको व्यवस्था मिलाएर उठे। म पनि सँगै छिँडीसम्म आएर सोधें– “रोगीको हालत कस्तो छ दाइ ?”

“सिरियस, रक्त बिलकुल शेष भैसकेको छ। मुटुको गति एकदम मन्द छ। मानिसलाई कुनै कडा मानसिक आघात पर्‍यो भने यो व्यथा हुन्छ भन्ने लेखेको छ। बस्, अब यही एक-डेढ महिनाको कुरा सम्झ!”

“विदेशको कुनै ठूलो ठाउँमा लगेर औषधि गरे बाँच्न सक्छिन् कि? आशा भए म आफ्नू सर्वस्व अर्पण गर्न तयार छु।”

“असम्भव!”

विनोद गए। मेरा अन्तस्तलमा दुःखको कोलाहल मच्चिन थाल्यो। मेरो नूतन जगत्मा कालो यवनिका यति छिटो पतन होला भनेर मैले सपनामा पनि चिताएको थिइनँ। मनमनले भनें– “परमेश्वर! अब केही दिनमा शशीको मृत्यु हुन्छ। उनको निर्जीव देहलाई बोकेर स्मसानमा लैजान्छन्। अनि, एकछिनपछि उनको त्यो अनन्त रूपराशि चिताको ज्वालामा जलेर खरानी हुन्छ। शशी! मेरी बाल्यसखे! मेरी चिरस्मृति! मेरी प्रेम प्रतिमा! तिम्रो मृत्युको त्यो हृदयविदारक दृष्य मैले कसरी हेर्नें!”

“शशी चिरायु होस् तिम्रो, म सधैँ देख्न पाऊँला।

तिम्रो मधुर वाणी नै, सुनी चित्त बुझाउँला!”